# केशव सिलवालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको
दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
महेश्वर विष्ट
रोल नं. २७/०६३-६५
नेपाली स्नातकोत्तर कार्यक्रम
पाटन संयुक्त क्याम्पस, पाटनढोका, ललितपुर
त्रि.वि. दर्ता नं. ६६१११-८८
परीक्षा रोल नं. २२००६९

२०६९

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, पाटन संयुक्त क्याम्पस नेपाली शिक्षण समिति अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी महेश्वर विष्टले **'केशव सिलवालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन'** शीर्षकको शोधपत्र मेरो निर्देशनमा परिश्रम पूर्वक तयार पार्नु भएको हो । म उहाँको यस शोधकार्यबाट सन्तुष्ट छु । यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६९/     /

...............................................

प्रा.डा. जगदीशचन्द्र भण्डारी

शोधनिर्देशक

नेपाली स्नातकोत्तर कार्यक्रम

नेपाली शिक्षण समिति

पाटन संयुक्त क्याम्पस

पाटनढोका, ललितपुर

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**पाटन संयुक्त क्याम्पस**

**पाटनढोका, ललितपुर**

मिति : २०६९/    /

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत पाटन संयुक्त क्याम्पस नेपाली शिक्षण समितिको शैक्षिक सत्र २०६३/६४ का छात्र श्री महेश्वर विष्टले स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **'केशव सिलवालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन'** शीर्षकको शोधपत्र मूल्याङ्कन समितिद्वारा आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति**

सह प्रा.डा. विश्वनाथ भण्डारी ....................................
संयोजक
नेपाली स्नातकोत्तर कार्यक्रम

प्रा.डा. जगदीशचन्द्र भण्डारी ....................................
शोधनिर्देशक

सह प्रा.डा. गोपीन्द्र पौडेल ....................................
बाह्यपरीक्षक

प्रा.डा. जगदीशचन्द्र भण्डारी ..................................
अध्यक्ष
नेपाली शिक्षण समिति

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको प्रयोजनका निम्ति आदरणीय गुरूवर प्रा.डा. जगदीशचन्द्र भण्डारीज्यूको निर्देशनमा तयार पारेको हुँ । आफ्ना व्यस्ततालाई बेवास्ता गर्दै बारम्बार सजग र सचेत गराउने मेरा शोधनिर्देशकज्यूप्रति म कृतज्ञ छु । यो शोधकार्यका लागि मलाई अनुमति प्रदान गरी आवश्यक सहयोग पुऱ्याउने नेपाली स्नातकोत्तर कार्यक्रम संयोजक सह प्रा.डा. विश्वनाथ भण्डारीज्यूप्रति आभारी छु । साथै मलाई प्रोत्साहन दिने सम्पूर्ण गुरूज्यूहरूमा आभार व्यक्त गर्दछु ।

मेरा मातापिता श्रीमती विष्णुमाया विष्ट र दुर्गाबहादुर विष्टले जन्म दिई यति योग्य बनाएकै कारण आज म यस कार्यमा संलग्न छु । विभिन्न वाधा व्यवधानलाई पन्छाउँदै यो ठाउँमा उभ्याउन उहाँहरुको महत्वपूर्ण भूमिका रहेको छ । उहाँहरुप्रति म जन्मजन्मान्तर ऋणी छु । मलाई प्रारम्भिक अक्षराम्भ शिक्षा देखि नै सहयोग गर्दै आउनुभएको एवम् हौसला दिँदै आउनुभएको मेरो पुजनीय फूपू स्वर्गीय सुश्री मखना विष्टज्यूप्रति सभक्ति श्रद्धासुमन अर्पण गर्दछु ।

मलाई व्यस्त समयमा पनि शोधपूर्ण गर्न हमेसा घच्घच्याउने, घर व्यवहार चलाएर सहयोग गर्ने मेरी जीवनसँगिनी श्रीमती सरस्वती विष्ट (वस्नेत) को प्रेरणाले पनि मलाई सफलता मिलेको हो । उनीप्रति म न्यानो आभार प्रकट गर्दछु ।

शोध तयारीकै क्रममा आवश्यक सहयोग गर्ने मित्र विष्णुबहादुर आले, धनबहादुर वस्याल, सानुमाया सिल्वाल (के.सी.), प्रकाश कुमार श्रेष्ठ, पुरुषोत्तम के.सी. र टङ्कन कार्यमा सहयोग गर्ने श्री नवीन के.सी. (प्याङ्गल्याण्ड साइवर जन्कसन, चापागाउँ) प्रति धन्यवाद व्यक्त गर्दछु । अन्त्यमा यो शोधपत्रको उचित मूल्याङ्कनका लागि त्रि.वि. पाटन संयुक्त क्याम्पस नेपाली शिक्षण समिति नेपाली स्नातकोत्तर कार्यक्रम समक्ष प्रस्तुत गर्दछु ।



महेश्वर विष्ट
रोल नं. २७/०६३-६५
नेपाली स्नातकोत्तर कार्यक्रम
पाटन संयुक्त क्याम्पस
पाटनढोका, ललितपुर

# विषयसूची

## अध्याय एक

## शोधपत्रको परिचय


| क.सं. | | पृष्ठ नं. |
|---|---|---|
| १.१. | विषय परिचय | १ |
| १.२. | शोधसमस्या | ३ |
| १.३. | शोधको उद्देश्य | ३ |
| १.४. | पूर्वकार्यको समीक्षा | ३ |
| १.५. | शोधको औचित्य | ६ |
| १.६. | शोधको क्षेत्र र सीमा | ६ |
| १.७. | शोधविधि | ६ |
| १.८. | शोधपत्रको रुपरेखा | ७ |


## अध्याय दुई

## केशव सिलवालको जीवनीको अध्ययन


| | | |
|---|---|---|
| २.१. | विषयप्रवेश | ८ |
| २.२. | जन्म र जन्मस्थान | ८ |
| २.३. | वंशपरम्परा र पारिवारिक पृष्ठभूमि | ८ |
| २.४. | बाल्यकाल | १० |
| २.५. | शिक्षादीक्षा | १० |
| | २.५.१. विद्यालय शिक्षा | १० |
| | २.५.२. उच्च शिक्षा | ११ |
| २.६. | रुचि र स्वभाव | ११ |
| २.७. | उपनयन र विवाह संस्कार | १२ |
| २.८. | साहित्य सिर्जना | १३ |

| | | |
|---|---|---|
| | २.८.१. प्रेरणा र प्रभाव | १३ |
| | २.८.२. लेखन आरम्भ | १३ |
| २.९. | पेसागत संलग्नता | १४ |
| २.१०. | अविस्मरणीय क्षण | १५ |
| २.११. | आर्थिक अवस्था तथा आजीवीका | १५ |
| २.१२. | वेचारिक आस्था | १५ |
| २.१३. | संलग्नता | १६ |
| | २.१३.१. साहित्यिक सेवा तथा संलग्नता | १६ |
| | २.१३.२. राजनीतिक संलग्नता | १७ |
| | २.१३.३. सामाजिक सेवा तथा संलग्नता | १७ |
| २.१४. | मान, सम्मान र पुरस्कार | १७ |
| २.१५. | निष्कर्ष | १८ |


## अध्याय तीन

## केशव सिलवालको व्यक्तित्वको अध्ययन


| | | |
|---|---|---|
| ३.१. | विषयप्रवेश | २० |
| ३.२. | शारीरिक व्यक्तित्व | २० |
| ३.३. | साहित्यिक व्यक्तित्व | २० |
| | ३.३.१. कवि व्यक्तित्व | २१ |
| | ३.३.२. सम्पादक व्यक्तित्व | २१ |
| | ३.३.३. समीक्षक व्यक्तित्व | २१ |
| | ३.३.४. लेखरचनाकार व्यक्तित्व | २२ |
| ३.४. | गैरसाहित्यिक व्यक्तित्व | २२ |
| | ३.४.१. शिक्षक व्यक्तित्व | २२ |

३.४.२. व्यवस्थापकीय व्यक्तित्व २३

३.४.३. प्रेरक व्यक्तित्व २३

३.४.४. समाजसेवी व्यक्तित्व २४

३.४.५. राजनीतिक व्यक्तित्व २४

३.४.६. साङ्गठानिक व्यक्तित्व २४

३.५. निष्कर्ष २५

**अध्याय चार**

## केशव सिलवालको कृतित्वको अध्ययन

४.१. विषयप्रवेश २६

४.२. केशव सिलवालको साहित्यिक यात्रा २६

४.२.१. प्रथम चरण (वि.सं. २०४९ - वि.सं. २०६३) २६

४.२.२. द्वितीय चरण (वि.सं. २०६३ - हालसम्म) २७

४.३. केशव सिलवालका प्रकाशित रचनाहरुको विवरण २९

४.४. केशव सिलवालका साहित्यिक कृतिहरुको अध्ययन ३०

४.४.१. केशव सिलवालका कविताको अध्ययन ३०

४.५. 'वर्जित अवशेष' कविता सङ्ग्रहको अध्ययन र विश्लेषण ३०

४.५.१. कविता तत्वका आधारमा 'वर्जित अवशेष' कविता सङ्ग्रहको अध्ययन र विश्लेषण ३१

४.५.१.१. शीर्षक ३१

४.५.१.२. संरचना ३१

४.५.१.३. विषयवस्तु ३२

४.५.१.४. भावविधान ३२

४.५.१.५. लयविधान ३३

४.५.१.६. कथन पद्धति ३३
४.५.१.७. भाषाशैली ३४
४.५.१.८. अलङ्कार ३४
४.५.१.९. उद्देश्य ३५
४.५.२. 'वर्जित अवशेष' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरुको अध्ययन र विश्लेषण ३५
४.५.२.१. 'गोली' कविताको अध्ययन र विश्लेषण ३६
४.५.२.२. 'मोडलिङ' कविताको अध्ययन र विश्लेषण ३७
४.५.२.३. 'कोखाको दाँत' कविताको अध्ययन र विश्लेषण ३८
४.५.२.४. 'हातको टुक्रा' कविताको अध्ययन र विश्लेषण ३९
४.५.२.५. 'महानायक' कविताको अध्ययन र विश्लेषण ४०
४.५.२.६. 'भुसको आगो' कविताको अध्ययन र विश्लेषण ४१
४.५.२.७. 'भित्ता' कविताको अध्ययन र विश्लेषण ४२
४.५.२.८. 'उल्टो दौड' कविताको अध्ययन र विश्लेषण ४४
४.५.२.९. 'पर्खाल' कविताको अध्ययन र विश्लेषण ४५
४.५.२.१०. 'अतृप्त भैरव' कविताको अध्ययन र विश्लेषण ४६
४.५.२.११. 'आँखा' कविताको अध्ययन र विश्लेषण ४७
४.५.२.१२. 'सडक किनाराको सालिक' कविताको अध्ययन र विश्लेषण ४८
४.५.२.१३. 'एउटा महोत्सव' कविताको अध्ययन र विश्लेषण ४९
४.५.२.१४. 'डाँडापारि' कविताको अध्ययन र विश्लेषण ५०
४.५.२.१५. 'अपहरण' कविताको अध्ययन र विश्लेषण ५१
४.५.२.१६. 'परिचयविरुद्ध' कविताको अध्ययन र विश्लेषण ५२
४.५.२.१७. 'रगतको रङ' कविताको अध्ययन र विश्लेषण ५३
४.५.२.१८. 'भोको मानिस' कविताको अध्ययन र विश्लेषण ५५

४.५.२.१९. 'गैंडा' कविताको अध्ययन र विश्लेषण ५६

४.५.२.२०. निष्कर्ष ५८

४.६. 'धारिला मानिसहरु' कविता सङ्ग्रहको अध्ययन र विश्लेषण ६०

४.६.१. कविता तत्वका आधारमा 'धारिला मानिसहरु' कविता सङ्ग्रहको अध्ययन र विश्लेषण ६०

४.६.१.१. शीर्षक ६०

४.६.१.२. संरचना ६१

४.६.१.३. विषयवस्तु ६२

४.६.१.४. भावविधान ६२

४.६.१.५. लयविधान ६३

४.६.१.६. कथन पद्धति ६३

४.६.१.७. भाषाशैली ६४

४.६.१.८. अलङ्कार ६४

४.६.१.९. उद्देश्य ६५

४.६.२. 'धारिला मानिसहरु' कविता सङ्ग्रहमा समावेश कविताहरुको अध्ययन र विश्लेषण ६५

४.६.२.१. 'मेरो हतियार' कविताको अध्ययन र विश्लेषण ६६

४.६.२.२. 'ङा चेपाङ' कविताको अध्ययन र विश्लेषण ६७

४.६.२.३. 'दुःखको वर्णमाला' कविताको अध्ययन र विश्लेषण ६८

४.६.२.४. 'सत्यदेवी बोल्छिन' कविताको अध्ययन र विश्लेषण ६९

४.६.२.५. 'क्रान्तिपुरुष' कविताको अध्ययन र विश्लेषण ७०

४.६.२.६. 'मागपत्र' कविताको अध्ययन र विश्लेषण ७२

४.६.२.७. 'सत्ताको जिभ्रो' कविताको अध्ययन र विश्लेषण ७३

४.६.२.८. 'जङ्गेपिलरको कथा' कविताको अध्ययन र विश्लेषण ७४

४.६.२.९. 'एउटा त्यस्तो कारखाना' कविताको अध्ययन र विश्लेषण ७५
४.६.२.१०. 'ढलान पार्टी' कविताको अध्ययन र विश्लेषण ७६
४.६.२.११. 'अभिशप्त समयविरुद्ध' कविताको अध्ययन र विश्लेषण ७७
४.६.२.१२. 'प्लेकार्ड' कविताको अध्ययन र विश्लेषण ७८
४.६.२.१३. 'सतीप्रथा' कविताको अध्ययन र विश्लेषण ८०
४.६.२.१४. 'प्रिय जलजला' कविताको अध्ययन र विश्लेषण ८१
४.६.२.१५. 'प्रत्याक्रमण' कविताको अध्ययन र विश्लेषण ८२
४.६.२.१६. निष्कर्ष ८३
४.७. 'नोट अफ डिसेन्ट' कविताको अध्ययन र विश्लेषण ८६
४.८. केशव सिलवालका साहित्यिक प्रवृत्तिहरु ८७
४.९. केशव सिलवालका साहित्यिक योगदान ८८
४.१०. निष्कर्ष ८८

**अध्याय पाँच**

## उपसंहार र निष्कर्ष

उपसंहार तथा निष्कर्ष ९०
परिशिष्ट ९४
सन्दर्भग्रन्थ सूची

# सङ्क्षेपीकृत सूची

| | |
|---|---|
| प्रा. | प्राध्यापक |
| डा. | डाक्टर |
| वि.सं. | विक्रम संवत् |
| गा.वि.स. | गाउँ विकास समिति |
| मा.वि. | माध्यमिक विद्यालय |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| एस्.एल्.सी. | स्कूल लिभिङ्ग सर्टिफिकेट |
| आई.एस्सी. | इन्टरमिडियट इन साइन्स |
| एम्.ए. | मास्टर अफ आर्ट्स |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| एम्.फिल. | मास्टर इन फिलोसोफी |
| पृ. | पृष्ठ |
| नं. | नम्बर |
| पी.एच्.डी. | डाक्टर अफ फिलोसफी |
| ल.पु. | ललितपुर |
| एनेकपा माओवादी | एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादी |
| नेकपा-माओवादी | नेपाल कम्युनिष्ट पार्टी माओवादी |
| प्र. | प्रसाद |
| ब. | बहादुर |

## अध्याय एक

# शोधपत्रको परिचय

### १.१. विषय परिचय

साहित्यकार केशव सिलवालको जन्म वि.सं. २०३० माघ १३ गते ललितपुर, लेले गा.वि.स. वडा नं. ५ सरस्वती कुण्ड नजिकै भएको थियो । पिता कृष्ण बहादुर र माता कान्तीका माहिला सन्तानको रूपमा उनको जन्म भएको हो भने छोरा मध्यमा उनी कान्छा हुन् । हाल सोही गा.वि.स.को वडा नं. ४ मा स्थायी बसोबास गर्दै आएका केशव सिलवालका एक दाइ र चार बहिनीहरू रहेका देखिन्छन् । १२ वर्षको कलिलै उमेरमा आमाको मृत्यु भएता पनि उनको पिताले आमाको अभाव कहिले खड्किन दिनु भएन साथै कान्छी आमाले पनि कहिले सौतेनी आमाको व्यवहार देखाउनु भएन । उनको बाल्य अवस्थालाई नियाल्दा सुखद नै मान्नु पर्छ ।

सानैदेखि उनी गम्भीर, चिन्तनशील, स्वतन्त्र एवम् सरल र मिलनसार प्रकृतिका थिए । गाउँकै स्थानीय स्कूल सरस्वती उच्च मा.वि.बाट औपचारिक शिक्षा प्रारम्भ गर्दै कक्षा ५ पूरा गरेपछि गुणस्तरीय शिक्षाको खोजीमा पिताले उनलाई विश्वनिकेतन उच्च मा.वि., त्रिपुरेश्वर काठमाडौंमा कक्षा ६ मा भर्ना गरिदिए । काठमाडौंमा पढ्न थालेपछि उनी पिता र दाजुसँग ललितपुर कुपण्डोलमा डेरामा बस्न थाले । बुवाको उचित माया र दाजुको सहयोगलाई शिरोधार्य गर्दै आफ्नो पढाइलाई निरन्तरता दिए । कक्षामा सधैं प्रथम हुने तृष्ण बुद्धि भएका सिलवालले वि.सं. २०४६ सालको एस.एल.सी. परीक्षा प्रथम श्रेणीमा (७८.२%) विश्वनिकेतनबाट उत्तीर्ण गरे ।

उच्च शिक्षा आर्जनका लागि वीरेन्द्र सैनिक आवासिय महाविद्यालय भक्तपुरमा आई.एस्सी.मा भर्ना भए । अनुशासित र विभिन्न अतिरिक्त क्रियाकलापमा संलग्न हुँदै उनले त्यहीँबाट आई.एस्सी. प्रथम श्रेणीमा (६१%) पास गरे । त्रि-चन्द्र कलेज काठमाडौंबाट उनले वि.सं. २०५३ मा बी.ए. पास गरे भने वि.सं. २०६० मा त्रि-चन्द्र कलेजबाट नै एम्.ए. (समाजशास्त्र) पास गरे । हाल त्रि.वि.वि. कीर्तिपुरमा एम.फिल. (समाजशास्त्र) गर्दै गरेको देखिन्छ ।

उनको पेशागत संलग्नतालाई अवलोकन गर्दा सर्वप्रथम उनले वि.सं. २०५४ मा साधना मासिक पत्रिकामा सह-सम्पादक पदमा करिव ८ महिना जागीर खाए । उनले केही समय प्राइभेट स्कूलमा पढाउने काम पनि गरे । स्वतन्त्र व्यक्तित्व भएका केशव सिलवालले वि.सं. २०५२ मा आफ्नै आमाको स्मरणलाई ध्यानमा राखी आमाको नाममा 'अमर कान्ती' (हाल अमर कान्ती सेकेन्डरी स्कूल) स्कूल खोले । समाजसेवा र शैक्षिक उन्नती गर्ने उद्देश्यले गाउँमै उनी शिक्षणकार्यमा सरिक भए । वि.सं. २०५७ मा यस स्कूललाई एस.एल.सी. परीक्षामा संलग्न गराउँदै राम्रो नतिजा ल्याउन उनी सफल भए भने हाल यो विद्यालय यस भेगकै भौतिक पूर्वाधार एवं शैक्षिक गुणस्तरमा अग्र पङ्क्तिमा उभिन सफल भएको छ ।

वि.सं. २०४९ पुस-माघ, वर्ष ११, पूर्णाङ्क २७ मा प्रकाशित वगर साहित्यिक पत्रिकामा 'अकाल मरण' कविता प्रकाशन भएपछि उनले साहित्यिक क्षेत्रमा पाइला चालेको देखिन्छ । साहित्यको कविता क्षेत्रमा विशेष रूपमा कलम चलाएका सिलवालको समालोचना, निबन्ध र सम्पादन कार्यमा पनि महत्वपूर्ण योगदान रहेको छ । यद्यपी उनको साहित्य सृजनाको उर्वर भूमि भने कविता नै हो । उनका दुईवटा कविता सङ्ग्रहहरू प्रकाशित भएको पाइन्छ । ती हुन् :

(क) 'वर्जित अवशेष' (वि.सं. २०६३)

(ख) 'धारिला मानिसहरू' (वि.सं. २०६६)

यी दुईवटा कविता सङ्ग्रहहरूमा जम्मा ८३ वटा कविताहरू सङ्गृहीत छन् । सामाजिक यथार्थता, मनोगत परिस्थिति, राजनीतिक वस्तुयथार्थता, भौगोलिक वस्तुस्थिति, शोषण, दुःख, उत्पीडन र अभावबाट मुक्ति जस्ता विषयवस्तु बनाएर कविता लेख्ने कवि सिलवाल क्रान्तिकारी भावनाका प्रगतिशील कवि हुन् । सम्पादन, समीक्षा, प्रबन्धगत लेखहरूमा पोख्त सिलवाल बहुआयमिक व्यक्तित्व देखिन्छन् । त्यसैले उनलाई विभिन्न संघसंस्थाहरूले सम्मान गरेको पाइन्छ ।

आफ्नो कार्यका सिलसिलामा नेपालका विभिन्न क्षेत्रगत भ्रमण गरेका कवि सिलवाल अनवरत पेसागत सङ्घर्ष, साहित्यिक सृजना, साहित्यिक सङ्गठन र आफ्नो शिक्षण पेसालाई डोऱ्याउँदै आएको पाइन्छ । हाल विद्यालय सञ्चालन गरी शिक्षण कार्यलाई निरन्तरता दिने

उनको लक्ष्य रहेको पाइन्छ । यसरी अनवरत रूपमा साहित्य, शिक्षा, समाजसेवा, राजनीति क्षेत्रमा योगदान गर्दै आएका सिलवालको अध्ययन हालसम्म नभएको स्थितिमा उनको जीवनतृत्त, व्यक्तित्व र कृतित्वहरूको अध्ययन गर्नु प्रस्तुत शोधको उद्देश्य रहेको छ ।

## १.२. शोधसमस्या

नेपाली भाषा र साहित्यको विकासमा साहित्यकारहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने गर्छ । साहित्यकारहरूको प्रकाशित विभिन्न लेख रचनाहरू नै भाषिक तथा साहित्यिक विकासको मुख्य आधार हुन् । तसर्थ विभिन्न साहित्यकारहरूको विविध पक्षमा अध्ययन गरी यथार्थ रूपमा चित्रण गर्दै शोधकार्य सम्पन्न गरिन्छ ।

प्रस्तुत शीर्षक अन्तर्गत केशव सिलवालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरी उनको यथार्थ चित्रण गर्नु यस शोधकार्यको मुख्य समस्या हो । त्यसैले प्रस्तुत शोधपत्र निम्नलिखित समस्यामा केन्द्रीत रहेको छ ।

(क) केशव सिलवालका जीवनका मोडहरू के कस्ता छन् ?

(ख) केशव सिलवालका व्यक्तित्वका आयामहरू के कस्ता छन् ?

(ग) केशव सिलवालका कृतिहरूको वर्गीकरण, विश्लेषण, मूल्याङ्कन र साहित्यिक योगदानको निरूपण के कसरी गर्न सकिन्छ ?

## १.३. शोधको उद्देश्य

केशव सिलवालको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा अध्ययन गर्दा निम्न उद्देश्यहरू परिपूर्ति गरिएको छ ।

(क) केशव सिलवालका जीवनीका मोडहरूको अध्ययन गर्नु,

(ख) केशव सिलवालका व्यक्तित्वका आयामहरूको निक्र्यौल गर्नु,

(ग) केशव सिलवालका कृतिहरूको वर्गीकरण, विश्लेषण, मूल्याङ्कन र साहित्यिक योगदानको निरूपण गर्नु ।

## १.४. पूर्वकार्यको समीक्षा

नेपाली साहित्य क्षेत्रमा दुई वटा कविता सङ्ग्रह, फुटकर कविताहरू, विभिन्न लेखहरू र उनीद्वारा सम्पादित विभिन्न पत्र-पत्रिकाका केशव सिलवालका बारेमा विभिन्न

पत्रिका एवं पुस्तकहरूमा समीक्षा, समालोचना र टीकाटिप्पणीहरू प्रकाशित भएका पाइन्छन् । ती टीकाटिप्पणीहरूलाई समीक्षाको मुख्य स्रोत मान्दै थप अध्ययन गरी समीक्षा गरिने छ ।

(क) डा. गोविन्दराज भट्टराई ('वर्जित अवशेष' भूमिका, २०६३) ले केशव सिलवालका कविता कालजयी सिर्जना हुन् । यताका वर्षमा यस्तो तीव्रशक्ति भएका कविता मैले पढेको छैन, मलाई लाग्छ, रचिएको छैन भन्ने कुरा उल्लेख गरेका छन् ।

(ख) पदम गौतम ('वर्जित अवशेष' आवरण अघिल्लो पाना, २०६३) ले केशवले विस्तारै र शालीन ढङ्गले नेपाली कवितामा पाइला चालेकाले उनको आगमनबारे धेरै सर्जकहरू वेखवर थिए र लाखौं नेपालीका पीडालाई कलात्मक ढङ्ग र जनपक्षीय कोणले प्रस्तुत गरेपछि उनी अब जनताका कवि बनेका छन् भन्ने टीप्पणी गरेका छन् ।

(ग) अमोघ काफ्ले ('वर्जित अवशेष' आवरण पछिल्लो पाना, २०६३) ले सिलवालले शब्दको भौतिक उपस्थितिमा जगतको जीवन्तताको निम्ति हाम्रो अस्तित्वको अपेक्षा गर्ने प्रायः कवितामा भ्रष्ट मनुवाहरूको उछित्तो काढ्ने जनपक्षीय आवाजको वकालत गरेको कुरा व्यक्त गरेका छन् ।

(घ) चंकी श्रेष्ठ ('वर्जित अवशेष' आवरण पछिल्लो पाना, २०६३) ले केशव सिलवालका कविता आत्मइमान्दारीका प्रमाण हुन् जसले विचार र विषयवस्तुप्रतिको हार्दिकता झल्काउँछन् भनेका छन् ।

(ङ) विजय सापकोटा ('अकाल-कुसुम' वर्ष-३, अङ्क-४, पृ.५४, २०६४, साहित्यिक, त्रैमासिक) ले समसामयिक नेपाली जीवन, क्रुरतम र भयावद दृश्य परिदृश्यलाई कवितामा कलात्मक ढङ्गले उतार्ने कवि केशव सिलवाल वर्तमान नेपाली कविताका धरोहर हुन् भनेका छन् ।

(च) डा.जगदीशचन्द्र भण्डारी ('धारिला मानिसहरू' भूमिका, २०६६) ले केशव कवितामा वैचारिक अस्त्रसहित उभिएका छन् । उनी कहीँ पनि निरस्त्र छैनन्, अस्त्रहीन स्रष्टा कलात्मक हुँदैन भन्ने कुरा उल्लेख गरेका छन् ।

(छ) विनोदविक्रम केसी ('धारिला मानिसहरू' आवरण अघिल्लो पाना, २०६६) ले केशव सिलवाल माया र सम्मान पाउने युवापुस्ताका थोरै कविहरू मध्ये एक हो, किनभने ऊ वफादार कविताप्रेमी हो भनेर उल्लेख गरेका छन् ।

(ज) विमल निभा ('धारिला मानिसहरू' आवरण पछिल्लो पाना, २०६६) ले कवि विचारको बीज जोगाउन आफ्ना शक्तिशाली कवितासँगसँगै प्रयत्नरत छन् । मूलतः केशव सिलवाल विचारकै कवि हुन् भनेर टीप्पणी गरेका छन् ।

(झ) ईश्वरचन्द्र ज्ञवाली ('धारिला मानिसहरू' आवरण पछिल्लो पाना, २०६६) ले कवि केशवले शैली, भाषा, रूप र संरचना फरक र मर्मस्पर्शी र मौलिक हुनाको साथै उनका कविता खरिएका र सशक्त भएका कुरा उल्लेख गरेका छन् ।

(ञ) भोगीराज चाम्लिङ ('जनएकता' साउन १०-१६, पृ.४, २०६७) ले केशव सिलवालका कविताले कविताको तार्किक सामर्थ्य र त्यसै अनुसारको अभिव्यक्ति कौशलद्वारा चुम्बकत्व पैदा गरेका छन् भनेर समीक्षा गरेका छन् ।

(ट) हिरामणि दुःखी ('कलम' वर्ष-१८, अङ्क-४, पूर्णाङ्क-५४, पृ.१२२-१२५, २०६७) ले सिलवालका कवितामा विचारले लादिएका शब्दभण्डार मात्र नभएर अत्यन्तै सुन्दर कलाकारिता, मुक्तलय अनि सुमधुर सङ्गीत पनि रहेको कुरा उल्लेख गर्दै सिलवाल कविता मार्फत वर्गसङ्घर्षका प्रतिनिधि रचनाको रूपमा उपस्थित हुन सफल भएका कुरा पनि लेखेका छन् ।

(ठ) ऋद्धिरमण घिमिरे ('रूपायन' साहित्यिक पत्रिका, २०६९) ले वैचारिक चेतनाका कविका रूपमा आफूलाई उभ्याएका स्रष्टा सिलवाल 'वर्जित अवशेष' कविता सङ्ग्रहमा अझ परिस्कृत, अडिग, आक्रामक र परिपक्क चेतनाको उभार लिएर उपस्थित भएका छन् भन्ने कुरा व्यक्त गरेका छन् ।

(ड) डा. ताराकान्त पाण्डेय ('चन्द्रागिरि' अङ्क-२, वैशाख, पृ.५५-६५, २०६९) ले केशव सिलवाललाई विचारका सशक्त कविका रूपमा चित्रण गरेका छन् । विचारको सुन्दर कविताहरू केशवका दोस्रो कविता सङ्ग्रह भित्र पढ्न पाइने कुरा उल्लेख गरेका छन्

यसरी विभिन्न समयमा विभिन्न साहित्यिक सर्जकहरूले कवि केशव सिलवालका बारेमा टिप्पणी गरेका छन् साथै उनका रचनाहरूको बारेमा समीक्षा समेत गरेको पाइन्छ ।

## १.५. शोधको औचित्य

विशेष गरेर साहित्यको कविता विधामा कलम चलाएका कवि केशव सिलवालको अध्ययन भनेको उनको जीवनी, व्यक्तित्व र उनका कृतिहरूको विश्लेषण, मूल्याङ्कन र वर्गीकरण गर्नु हो । वि.सं. २०४९ बाट प्रकाशित कविताहरू विश्लेषण, मूल्याङ्कन र वर्गीकरण गर्नु हो । कवि केशव सिलवालको दुईवटा कविता सङ्ग्रहहरू र विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रचनाहरू प्रकाशित भएका छन् । उनीबाट सम्पादित विभिन्न पत्रपत्रिकाहरू प्रकाशित भएका छन् । उनको बारेमा विभिन्न साहित्यिक सर्जक तथा समालोचकहरूले टीकाटिप्पणी गरेका छन् । तर पनि बहुप्रतिभाशाली व्यक्तित्वका धनी सिलवालका बारेमा व्यवस्थित रूपमा अध्ययन भएको पाइँदैन । तसर्थ यस्ता प्रतिभाको शोध तथा अनुसन्धान गर्नु साहित्यिक अनुरागी व्यक्तिहरूका लागि दायित्व हुन आउँछ । सोही जिम्मेवारीलाई महसुस गर्दै प्रस्तुत शोध ग्रन्थ तयार पारिएको छ ।

## १.६. शोधको क्षेत्र र सीमा

प्रस्तुत शोधमा केशव सिलवालको जीवनी, व्यक्तित्व र केतित्वलाई अध्ययनको क्षेत्र बनाइने छ । उनको पहिलो कविता सङ्ग्रह ‘वर्जित अवशेष’ (वि.सं.२०६३) र दोस्रा कविता सङ्ग्रह ‘धारिला मानिसहरू’ (वि.सं.२०६६) का बारे अध्ययन र विश्लेषण गर्नुका साथै उनका प्रकाशित फुटकर कविता एवं अन्य लेख रचना र उनीद्वारा सम्पादित कृतिलाई समेत अध्ययन गरी तथ्य पत्ता लगाउनु यस शोधपत्रको सीमा हो ।

## १.७. शोधविधि

प्रस्तुत शोधकार्य गर्दा शोधसामग्रीलाई प्राथमिक र द्वितीय स्रोत सामग्री गरी दुई भागमा विभाजन गरी अध्ययन गरिएको छ ।

केशव सिलवालको जीवनी, व्यक्तित्वको अध्ययनमा जीवनीपरक समालोचना प्रणाली र कृतित्वको अध्ययन गर्दा मूलतः ऐतिहासिक र अंशतः कृतिपरक समालोचना प्रणालीलाई

आधार मानिएको छ । सामग्री सङ्कलनमा पुस्तकालयीय अध्ययनविधि, विभिन्न विद्वानहरू, शोधनायक तथा उनका पारिवारिक सुत्रबाट सोधनी, अन्तर्वार्ता, जानकारी आदि लिइएको छ।

## १.८. शोधपत्रको रूपरेखा

केशव सिलवालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शोधपत्रलाई व्यवस्थित र पारदर्शी गराउने उद्देश्यबाट निम्न लिखित अध्यायहरूमा प्रस्तुत गरिएको छ ।

- अध्याय एक : शोध परिचय
- अध्याय दुई : केशव सिलवालको जीवनीको अध्ययन
- अध्याय तीन : केशव सिलवालको व्यक्तित्वको अध्ययन
- अध्याय चार : केशव सिलवालको कृतित्वको अध्ययन
- अध्याय पाँच : उपसंहार एवं निष्कर्ष

माथि उल्लिखित अध्यायहरूमा शीर्षकलाई आवश्यकता अनुसार विभिन्न उपशीर्षकहरूमा विभाजन गरिएको छ । केशव सिलवालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन प्रस्तुत गरिएको छ । अन्त्यमा सन्दर्भ सामग्री समेत प्रस्तुत गरिएको छ । साथै सङ्क्षेपीकृत शब्दका पूर्ण रूप पनि अन्तिममा सूचिकृत गरिएको छ ।

## अध्याय दुई

# केशव सिलवालको जीवनीको अध्ययन

### २.१. विषयप्रवेश

यस अध्यायमा केशव सिलवालको जन्म, जन्मस्थान, बाल्यकाल, पारिवारिक पृष्ठभूमि, शिक्षारम्भ तथा उच्च शिक्षा अध्ययन, पेसागत संलग्नता, मान सम्मान तथा पुरस्कार, साहित्यिक सृजनात्मक कार्य एवं उनको निजी जीवनीको अनुसन्धानात्मक अध्ययन गरिएको छ ।

### २.२. जन्म र जन्मस्थान

केशव सिलवालको जन्म वि.सं. २०३० माघ १३ गते मंगलवारका दिन पिता कृष्णबहादुर र माता कान्ती सिलवालका माहिला सन्तानको रूपमा बागमती अञ्चल, ललितपुर जिल्लाको प्राकृतिक सुन्दरताले भरिपूर्ण धार्मिक एवं पर्यटकीय दृष्टिकोणले पनि महत्वपूर्ण सरस्वती कुण्ड नजिकै लेले गा.वि.स. वडा नं. ५ मा भएको हो । यस स्थानमा विशेष गरेर वसन्त पञ्चमी (श्रीपञ्चमी) मा ठूलो मेला लाग्दछ । विद्याकी देवी सरस्वतीको मूर्ति तथा मन्दिर र कुण्डले भरिएको यो ठाउँ डाँडाकाँडाले भरिपूर्ण सुन्दर मानिन्छ । केशव सिलवालका एक दाजु र चार बहिनीहरू रहेका छन् । यिनी सन्तानको हकमा दोस्रा हुन् भने पुत्ररत्नका रूपमा कान्छा हुन् । यिनको न्वारनको नाम सूर्यबहादुर हो भने राशि कुम्भ हो ।[१]

### २.३. वंशपरम्परा र पारिवारिक पृष्ठभूमि


कवि केशव सिलवालका पिता कृष्णबहादुरका भनाइ अनुसार उनका पुर्खाहरू ललितपुरकै अर्को प्राकृतिक सुन्दरताले भरिएको गोदावरी गा.वि.स.का सिलवालहरू हुन् । गोदावरीमा सिलवाल बस्तीले ठूलो क्षेत्र ढाकेको पनि देखिन्छ । पछि कृष्णबहादुरका पुर्खाहरू लेले गा.वि.स.मा बसाइँ सरेका हुन् । हाल लेलेमा पनि सिलवालहरूको बाक्लो बस्ती देख्न सकिन्छ । प्रत्येक वर्ष वैशाख पूर्णिमा (बुद्ध पूर्णिमा) का दिन सिलवाल वंशको कूल देवता पूजा गोदावरीको नौ धारामा गर्ने प्रचलन पनि रहेको छ ।

---

[१] शोधनायकबाट प्राप्त जानकारी

मध्यमवर्गीय क्षेत्री परिवारमा जन्मिएका केशव सिलवालका जिब सुनबहादुरका पिता कविराजले गाउँमै खेती किसानी गरेर जीविकोपार्जन गरेका थिए भने सुनबहादुर विभिन्न धार्मिक कार्यहरूमा संलग्न हुने गरेका थिए । विभिन्न धार्मिक उत्सव एवं जात्राहरूमा भजन कीर्तन गर्दै लोकबाजाहरू बजाउँदै धर्ममा आस्था राख्ने बानी उनको जिबाको थियो भने खेती किसानीलाई पनि उनको जिबाले आफ्नो मुख्य पेसा बनाएको देखिन्छ । उनका पिता कृष्णबहादुरले भने सैनिक क्षेत्रलाई आफ्नो मुख्य पेसा बनाएको देखिन्छ । कृष्णबहादुर नेपाली सेनामा प्रवेश गरी कर्नेल जस्तो उच्च पदमा पुग्न सफल भएका छन् भने कर्नेलबाट सेवा निवृत्त भइ हाल पुनः सैनिक मुख्यालयमै करारमा कार्यरत छन् । केशवका दाजु नवीनले पनि बुवाकै क्षेत्रलाई निरन्तरता दिएका छन् । नवीन पनि नेपाली सेनामा कर्नेल पदमा कार्यरत छन् । केशवका चार बहिनीहरू मध्य तीन बहिनीहरूको विवाह भईसकेको देखिन्छ भने कान्छी बहिनी बविता, पिता र कान्छी आमा ललितपुर स्थित सातदोबाटोमा स्थायीरूपमा नै बस्दै आएका छन् । साथै दाजु नवीन सिलवाल र उनका परिवारको पनि सातदोबाटो, ललितपुरमा नै स्थायी बसोबास भएको देखिन्छ । कवि केशव सिलवालले भने आफ्नो जन्मथलो लेलेलाई कर्मथलो बनाइ यहीँ ‘अमर कान्ती सेकेन्डरी ईङ्लिस स्कूल’ सञ्चालन गरी बसेका छन् ।[२]

## वंश परम्पराको वृक्ष तालिका




[२] पूर्ववत्

## २.४. बाल्यकाल

बाल्यकाल मानवजीवनको प्रारम्भिक र संवेदनशील अवस्था मानिन्छ । यतिखेर बालकहरू रमणीय वातावरणमा रमाउँने, नयाँ नयाँ कुराहरू सिक्ने तथा जिज्ञासु स्वभावका हुन्छन् । बालसुलभ व्यवहार, मनोरञ्जन, खेलकुद आदिमा रमाएर आफ्नो क्षमताअनुसारको सिर्जना गर्दै समय गुजार्दछन् । केशव सिलवालको बाल्यकाल पनि लेलेको प्राकृतिक सम्पदाहरूसँग लडिबुडि गर्दै, खेल खेल्दै र सिजर्ननात्मक कार्य गर्दै बितेको देखिन्छ । पिता कडा स्वभावको हुनाले उनीसँग हल्का डराउँथे भने आमासँग बढी अनुराग उनको रहेको थाहा हुन्छ । पछि आमाको मृत्यु भए पनि उनी कान्छी आमाको प्यारो बन्न पुगेको थाहा हुन्छ । हुने विरुवाको चिल्लो पात भने झैं उनी सानै देखि स्वतन्त्र, तृष्ण बुद्धि भएका, कक्षामा सधैं प्रथम हुने, साथीभाइका प्रिय पात्र बन्न सफल जस्ता गुणले युक्त भएको देखिन्छ ।

आफ्नो बाल्यकालमा कुनै अभाव र असन्तुष्टि देखा नपरेको कवि सिलवाल आफै बताउँछन् । वनपाखाले भरिएको आफ्नो जन्मस्थल वरिपरि घुम्ने तथा गोठालो गएर साथीहरूसँग खेल्ने उनको बानी थियो । पढाइलाई कहिल्यै बोझको रूपमा नलिने सिलवाल अध्ययनमा भन्दा लेखनमा बढी रुची राख्दथे । सालिन स्वभावका सिलवाल नयाँ कार्य गर्न र नयाँ कुरा सिक्न बढी मन पराउँथे । खेलकुदमा विशेष चाख राख्ने उनको बानी थियो भने दीन, दुःखी, गरिवहरूप्रति सानै देखि दया र माया गर्ने स्वभाव भएको देखिन्छ । यसरी लेलेको प्राकृतिक एवं धार्मिक रमणीय वातावरणमा उनको बाल्यकाल कुनै अभाव र दुःखको सामना नगरिकन व्यतीत भएको देखिन्छ ।[३]

## २.५. शिक्षादीक्षा

शिक्षादीक्षाले मानवजीवनमा ठूलो प्रभाव पारेको हुन्छ । केशव सिलवालको शिक्षारम्भ औपचारिक रूपमा आफ्नै जन्मस्थल नजिकैको विद्यालयबाट भएको देखिन्छ ।

### २.५.१. विद्यालय शिक्षा

मध्यम तथा शिक्षित परिवारमा जन्मिएका केशव सिलवालको औपचारिक कक्षारम्भ वि.सं. २०३५ मा गाउँकै सरस्वती उच्च मा.वि.बाट भएको पाइन्छ । कक्षामा सधैं प्रथम भइरहने उनी अध्ययनमा अब्बल थिए भन्ने बुझिन्छ ।

---

[३] शोधनायकका पिता कृष्णबहादुरबाट प्राप्त जानकारी

गाउँघरमा पढाइ अली राम्रो हुँदैनकी भनेर तथा आफूसँगै राखेर पढाउँदा झनै राम्रो हुन्छ भन्ने सोचेर उनका पिताले उनलाई कक्षा ५ पास गरेपछि काठमाडौं त्रिपुरेश्वर स्थित विश्वनिकेतनमा भर्ना गरिदिएको बुझिन्छ । काठमाडौंमा पढ्न थालेपछि उनी आफ्ना पिता र दाजुसँग कुपण्डोल, ललितपुरमा डेरामा बस्न थालेको देखिन्छ । पिताको रेखदेख तथा दाजुको उचित गाइडबाट उनको पढाइ अझै राम्रो हुँदै गयो । यसरी उनले वि.सं. २०४६ को एस.एल.सी. परीक्षा प्रथम श्रेणीमा (७८.२%) विश्वनिकेतनबाट उत्तीर्ण गरेको देखिन्छ ।[४]

## २.५.२. उच्च शिक्षा

एस.एल.सी. परीक्षा उत्तीर्ण गरेपछि उच्च शिक्षा अध्ययन गर्न उनी वीरेन्द्र सैनिक महाविद्यालय भक्तपुरमा आई.एस्सी. पढ्न भर्ना भए । अनुशासित एवं विभिन्न अतिरिक्त क्रियाकलापमा संलग्न रहदै उनले त्यहीँबाट वि.सं. २०४९ मा आई.एस्सी. प्रथम श्रेणीमा (६१%) पास गरे । स्वतन्त्रताका पक्षधर सिलवाल बुवाको आर्मी भइदिए हुन्थ्यो भन्ने चाहनालाई त्यागेर बी.ए. अध्ययन गर्न त्रि-चन्द्र कलेजमा भर्ना भए । त्यहीँबाट उनले वि.सं. २०५३ मा बी.ए. पास गरे । पढाइलाई निरन्तरता दिने क्रममा उनले त्रि-चन्द्र कलेजबाट नै समाजशास्त्र विषयमा वि.सं. २०६० मा एम्.ए. पास गरे । विभिन्न क्षेत्रमा संलग्न रहेर पनि आफ्नो पढाइलाई पी.एच.डी. सम्म लैजाने उनको इच्छा भएकाले उनले हालसालै त्रि.वि.वि. कीर्तिपुरमा समाजशास्त्रमा एम्.फिल. पढ्न सुरु गरेको देखिन्छ । यसरी केशव सिलवालले हालसम्म पनि पढाइलाई निरन्तरता दिँदै आफ्नो शिक्षण सेवा, समाज सेवा र साहित्यिक क्षेत्रलाई अगाडि बढाएको देखिन्छ ।[५]

## २.६. रुचि र स्वभाव

मानिसहरूका रुचि र स्वभाव फरकफरक हुन्छन् । त्यसै रुचि र स्वभावले व्यक्तिको परिचय पनि दिन्छ । समय, परिस्थिति, पारिवारिक पृष्ठभूमि, भौगोलिक अवस्था आदिले मानिसका रुचि र स्वभाव निर्देशित हुन्छ । गम्भीर तथा अन्तर्मुखी स्वभावका सिलवालको रुचि सानैदेखि साहित्यिक लेख रचना पढ्ने, विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय घटनाक्रमको

---

[४] शोधनायकबाट प्राप्त जानकारी

[५] शोधनायकबाट प्राप्त जानकारी

विश्लेषण गर्दै विभिन्न विधामा आफ्नो कलम चलाउने रहेको देखिन्छ ।[६] प्रगतिशील विचारधाराका सिलवालले आफ्नो साहित्यिक सिर्जनायात्रामा दुईवटा कवितासङ्ग्रह प्रकाशित गरेका छन् । पहिलो 'वर्जित अवशेष' (वि.सं. २०६३) र दोस्रो 'धारिला मानिसहरू' (वि.सं. २०६६) हुन् । उनले यसका अतिरिक्त विभिन्न विधामा कलम चलाएको पाइन्छ । उनी मिलनसार, सरल र क्रान्तिकारी स्वभावका प्रतिमूर्ति हुन् ।[७] सबैप्रति समान किसिमको व्यवहार गर्ने यिनी अन्याय र बेइमानीप्रति विरोध तथा प्रतिकार गर्ने गर्दछन् । समाजसेवामा रुचि भएका केशव विभिन्न संघसंस्थासँग संलग्न भएका देखिन्छन् भने शिक्षामा पनि उनको रुचि रहेको छ । त्यसैले उनले आफैले स्कूल खोलेर यस क्षेत्रको विकासमा लागेका देखिन्छन् । साधारण नेपाली खाना मन पराउने यिनी मांसाहारी हुन् । केटाकेटीहरूसँग खेल्दै रमाउने नरम तथा मृदुभाषी सिलवाल विद्यार्थीहरूका प्रिय शिक्षक एवं प्रधानाध्यापक पनि हुन् । आफ्नो अडानलाई नछोड्ने अलि जिद्दी स्वभावका पनि देखिन्छन् । पत्रपत्रिका, साहित्यिक तथा अन्य ज्ञान विज्ञानसँग सम्बन्धित पुस्तक किन्ने तथा पढ्ने उनको रुचि देखिन्छ ।[८]

## २.७. उपनयन र विवाह संस्कार

केशव सिलवालको चुडाकर्म (उपनयन) हिन्दु धार्मिक परम्पराअनुरूप भएको देखिन्छ । चुडाकर्म साँस्कारिक जीवनको बाटो पहिल्याउने कर्म हो । त्यसै उनी ५ कक्षा अध्ययन गर्दै गर्दा उनको चुडाकर्म भएको पाइन्छ । यस्तै संस्कार कर्महरूको निरन्तरता मध्येको विवाह एक महत्वपूर्ण कर्म हो । दाम्पत्य जीवनको सूत्रपातसँगै सृष्टिको विजारोपण गर्ने विवाह अपरिहार्य साँस्कारिक कर्म हो । त्यसैले एउटा सुन्दर संसारको परिकल्पना गरेर मानिसहरूले विवाहलाई अङ्गीकार गरेका हुन्छन् । यसलाई मध्यनजर राख्दा सिलवालको वि.सं. २०५४ मा रामप्रसाद घिमिरे तथा ज्ञानु घिमिरेका कान्छी सुपुत्री विमला घिमिरेका साथ हिन्दु धार्मिक परम्पराअनुसार मागी विवाह भएको पाइन्छ । सिलवाल दम्पतीबाट एक छोरी मृनल र एक छोरा कृतेशको जन्म भएको पाइन्छ । केशव सिलवाल साहित्यिक क्षेत्रमा व्यस्त भएकाले स्कूलको सम्पूर्ण रेखदेख उनकै जीवनसाथी विमलाले गर्दै आएको देखिन्छ भने छोरी र छोरा केशव जस्तै स्कूल पढाइमा सधैं प्रथम भएको देखिन्छ । यसरी केशव सिलवालको

---

[६] पूर्ववत्

[७] शोधनायकको श्रीमती विमलाबाट प्राप्त जानकारी

[८] शोधनायकबाट प्राप्त जानकारी

दाम्पत्य जीवनलाई केलाउँदा निकै सफल र सुखद देखिन्छ भने परिवार सुमधुर तथा न्यानो मायाबाट मौंलाउँदै गएको देखिन्छ ।[९]

## २.८. साहित्य सिर्जना

### २.८.१. प्रेरणा र प्रभाव

कुनै पनि व्यक्तिको व्यक्तित्व विकासमा समकालीन तथा पूर्ववर्ती पुर्खाबाट प्रभाव परेको हुन्छ । साहित्यिक सिर्जनामा पनि व्यक्ति आफ्नो समकालीन साहित्यिक सर्जकहरू र पूर्ववर्ती स्रष्टाहरूबाट प्रभावित रहेका हुन्छन् । केशव सिलवाल पनि विशेष गरेर विश्वनिकेतनमा पढ्न थालेपछि विद्यालयबाट प्रकाशन हुने 'बालउद्यान' पत्रिकामा प्रकाशित विभिन्न लेख रचनाबाट प्रभावित भए । विशेषतः त्यस पत्रिकामा प्रकाशित विभिन्न फुटकर कविताहरू उनी ध्यान दिएर पढ्थे । पछि उनले पनि त्यस पत्रिकाका लागि कविता लेख्न थाले । त्यसैगरी विद्यालय जीवन पश्चात् महाकवि लक्ष्मीप्रसाद देवकोटा लगायत अन्य कविहरूका कविता पढ्न थाले र त्यसैबाट प्रभावित पनि भए । विशेष गरेर देवकोटाको 'मुनामदन' बाट प्रारम्भिक प्रेरणा पाए ।

वि.सं. २०४९ पुस-माघ, वर्ष ११, पूर्णाङ्क ३७ बगर साहित्यिक पत्रिकामा 'अकाल मरण' कविता प्रकाशित भए पछि उनी अझ उत्साहित भएको पाइन्छ । क्रान्तिकारी विचारधाराका कवि केशवले वि.सं. २०४६ साल र २०६२/६३ सालको जनक्रान्तिलाई नजिकबाट नियालेका थिए त्यसैबाट प्रभावित भएर पनि उनले क्रान्तिकारी तथा अग्रगामी कविताहरू प्रकाशित गरे । विश्व परिवेश तथा नेपालकै प्राकृतिक, राजनैतिक, साँस्कृतिक तथा आर्थिक परिदृश्यबाट पनि उनी प्रेरित भएको देखिन्छ । यसरी साहित्यिक सिर्जनामा उनी विभिन्न स्रष्टा एवं कृति तथा अन्यबाट प्रेरित र प्रभावित भएका देखिन्छन् ।[१०]

### २.८.२. लेखन आरम्भ

बाल्यकालदेखि नै साहित्यप्रति रुचि राख्ने तथा ६-७ कक्षामा अध्ययन गर्दागर्दै कविता लेखनमा आफूलाई अघि बढाएका केशव सिलवालले वि.सं. २०४९ मा 'अकाल

---

[९] शोधनायक, पूर्ववत्

[१०] ऐजन

मरण' शीर्षकको कविता 'बगर' साहित्यिक पत्रिका, पुस-माघ, वर्ष ११, पूर्णाङ्क ३७ मा प्रकाशित गराएर साहित्यिक यात्रा विधिवत् रूपमा सुरु गरेको पाइन्छ । त्यसपछि विभिन्न फुटकर कविता लेख्दै वि.सं. २०६३ मा चालीस वटा कविताहरू सङ्ग्रहीत 'वर्जित अवशेष' कविता सङ्ग्रह प्रकाशन गरे । विभिन्न पत्रिका तथा साहित्यिक पत्रिकाहरूको सम्पादन गर्दै फेरि वि.सं. २०६६ मा त्रिचालीस वटा कविता समेटिएको 'धारिला मानिसहरू' कविता सङ्ग्रह प्रकाशन गरेको पाइन्छ ।

## २.९. पेसागत संलग्नता

आफ्नो तथा परिवारको भौतिक जीवन निर्वाहका लागि आर्थिक क्रियाकलापको महत्वपूर्ण भूमिका हुन्छ । व्यक्तिको इच्छा, महत्वकाङ्क्षा तथा सबै किसिमका रहरहरूको परिपूर्तिको माध्यम अर्थ नै हो । केशव सिलवालले जीवनीलाई नियाल्दा उनको आर्थिक क्रियाकलापमा संलग्नता आई.एस्सी. पास गरेपछि भएको पाइन्छ । उनले कही समय प्राइभेट स्कूलमा शिक्षण गरे भने वि.सं. २०५४ सालमा करिव ८ महिना 'साधना' पत्रिकामा सह-सम्पादक पदमा जागीर खाएको देखिन्छ । साधना पत्रिकाको जागीर छाडेपछि उनले आफ्नी आमाको स्मृतिमा 'अमर कान्ती सेकेन्डरी इङ्लिस स्कूल' वि.सं. २०५४ मा आफ्नै घरमा खोले । सुरु प्राथमिक तहसम्म सञ्चालन गरिएको यस विद्यालय छिटै वि.सं. २०५७ मा मा.वि. तहसम्म पुऱ्याउन उनी सफल भए । वि.सं. २०५७ सालको एस.एल.सी. परीक्षामा आफ्नो विद्यालयलाई पनि संलग्न गराइ उत्कृष्ट नतिजा ल्याउन उनी सफल भएका देखिन्छन् । यसरी शिक्षण कार्यलाई आफ्नो प्रमुख पेसा बनाएका सिलवालले विद्यालय तहमा विज्ञान, गणित, नेपाली, सामाजिक जस्ता कठिन एवं चुनौतीपूर्ण विषयहरू शिक्षण गरेको पाइन्छ । उनी विशेष गरेर आफ्नै व्यवसायमा संलग्न भएका देखिन्छन् । वि.सं. २०६५ तिर उनले सरस्वती उच्च मा.वि. लेलेमा कक्षा ११ - १२ लाई समाजशास्त्र पनि पढाएका देखिन्छन् तर आफ्नै विद्यालयलाई रेखदेख गर्नुपर्ने तथा साहित्यिक यात्रालाई पनि निरन्तरता दिनुपर्ने वाध्यताले उनले यसकार्यलाई निरन्तरता दिन सकेनन् ।[११]

यसरी केशव सिलवालको जीवनीलाई केलाउँदा उनले मूलतः शिक्षण पेसामा नै संलग्न भई जीविकोपार्जनको साधन बनाएको पाइन्छ । त्यसमा पनि आफैले विद्यालय सञ्चालन गरेर शिक्षण पेसालाई निरन्तरता दिइएको देखिन्छ ।

[११] पूर्ववत्

## २.१०. अविस्मरणीय क्षण

व्यक्तिका जीवनमा विभिन्न घटना श्रृङ्खलाहरू एकपछि अर्को गर्दै घट्दै जान्छ । मानिस चेतनशील प्राणी भएकाले संवेदनाहरूले उसलाई छुने गर्दछ । जसले गर्दा ऊ खुसी र दुःखी हुने गर्दछ । तसर्थ कुनै घटनाहरू उसको मनमस्तिष्कमा कहिले नविर्सने गरी अड्डा जमाएर बसेको हुन्छ । केशव सिलवालको जीवनमा पनि त्यस्ता थुप्रै घटनाहरू अविस्मरणीय रहेका छन् । उनी आफ्नो पहिलो कविता 'अकाल मरण' पत्रिकामा प्रकाशित हुँदा ज्यादै खुसी भएका थिए । साथै आमाको स्मृतिमा वि.सं. २०५४ मा स्कूल खोल्दा पनि उनी निकै खुसी भएका थिए । यसैगरी पहिलो कविता सङ्ग्रह प्रकाशनको क्षण पनि उनको मानसपटलमा आइरहन्छ ।

बाल्यकालमै आमाको मृत्यु भएको क्षण उनकालागि दुःखद क्षण मानिन्छ । एस.एल.सी. परीक्षामा एस.एल.सी. वोर्डको दसौं स्थानभित्र पर्ने आशा राखेका केशवले आफू दसौं स्थानभित्र नपाउँदा निकै दुःखीत भएका थिए ।[१२]

## २.११. आर्थिक अवस्था तथा आजीवीका

केशव सिलवालको पारिवारिक पृष्ठभूमि मध्यमवर्गीय देखिन्छ । यिनका बाबुले सैनिक सेवामा नोकरी गर्दै आफूलाई सैनिक अधिकृत पदमा पुऱ्याउन सफल भएका देखिन्छन् । साथै ललितपुर, सातदोबाटोमा घरघडेरी जोडेर त्यतै स्थायीरूपमा बसेका देखिन्छन् । तसर्थ केशवको आर्थिक हैसियत सबल देखिन्छ । यद्यपी सबल, सफल र स्वावलम्बी कवि सिलवालले भने आफ्नै जन्मस्थल लेलेमै विद्यालय सञ्चालन गरेर बसेको देखिन्छ । उनका दाजु कर्नेल नवीन सिलवाल पनि ल.पु., सातदोबाटोमा नै घरघडेरी किनेर बसेका छन् । यसरी केशव सिलवालले भने आफ्नै व्यवसाय सञ्चालन गरेर पुर्ख्यौली थलोमै आजीविका चलाएको देखिन्छ ।[१३]

## २.१२. वैचारिक आस्था

केशव सिलवाल प्रगतिशील विचारधाराका व्यक्ति हुन् । उनी स्वतन्त्र, क्रान्तिकारी र सकारात्मक विचारक तथा चिन्तक हुन् । उनका विचार बौद्धिक र तार्किक रहने गर्दछन् ।

---

[१२] पूर्ववत्

[१३] ऐजन

उनी उदारवादी प्रजातान्त्रिक शासकीय प्रणालीका हिमायती हुन् । जीवन व्यक्तिगत मात्र हुँदैन, यो समाज र देशसँग जोडिएको हुन्छ, उत्पीडित र दुःखी जीवनलाई सुखमा रूपान्तरण गर्नुपर्छ भन्ने उनको विचार पाइन्छ । क्रान्ति र मुक्तिप्रतिको असीम प्रेमभाव, विद्रोह, परिवर्तनकामी, सामन्तवाद र विस्तारवादका विरोधी एवं समानता र अधिकारको रक्षामा सधैं अडिक कवि सिलवाल प्रगतिवादी कित्ताका नमुना मानिन्छन् । विशेष गरेर माओवादमा आस्था राख्ने कवि सिलवाल सत्य र न्यायको पक्षमा अडिक देखिन्छन् । कुनै पनि शासन प्रणाली एवं शासक वर्गबाट कसैको पनि संवेदना र भावनालाई तिरस्कार गर्नु हुँदैन भन्ने उनको विचार रहेको पाइन्छ ।[१४]

### २.१३. संलग्नता

### २.१३.१. साहित्यिक सेवा तथा संलग्नता

साहित्यका विविध विधाहरू मध्य कविता विधामा केशव सिलवालले कलम चलाएको पाइन्छ । विशेष गरेर पछिल्लो एक दशक यता साहित्य क्षेत्रमा देखा परेका उनले कविता बाहेक समालोचना तथा सम्पादन क्षेत्रमा पनि आफ्नो कलमलाई फैलाएको देखिन्छ । उनको 'वर्जित अवशेष' (वि.सं. २०६३) र 'धारिला मानिसहरू' (वि.सं. २०६६) गरी दुईवटा कविता सङ्ग्रहहरू प्रकाशित भएका छन् । उनका कविताहरू एवं समालोचनाहरू विभिन्न साहित्यिक पत्रिकाहरूमा प्रकाशन भएका छन् । उनले आफ्नै गाउँमा वि.सं. २०६४ मा 'सिर्जना चौतारी' साहित्यिक कार्यक्रम २ वर्ष सञ्चालन गरे । 'रेडियो मिर्मिरे' बाट २०६७/६८ सालमा करिब १ वर्ष 'जन साहित्य कार्यक्रम' सञ्चालन गरे । उनले 'असहमतिका स्वरहरू' (वि.सं. २०६२), 'स्रष्टा चैत्र ३०' (वि.सं. २०६३), 'आस्थाको स्तम्भ' (वि.सं. २०६६) तथा 'प्रतिभा-प्रवाह' जस्ता साहित्यिक पत्रिकाहरूको सम्पादन गरेका र गर्दै आएका छन् । त्यसैगरी 'ललित आवाज' साप्ताहिक पत्रिका उनकै सम्पादन र प्रकाशनमा वि.सं. २०६४ मा प्रकाशित गरेको देखिन्छ ।

कवि केशव सिलवाल वर्तमानमा 'अखिल नेपाल स्वतन्त्र महासंघ' केन्द्रीय सदस्य एवं ल.पु. जिल्ला सदस्य, 'अखिल नेपाल लेखकसंघ' केन्द्रीय सचिवालय सदस्य, 'प्रगतिशील

---

[१४] पूर्ववत्

लेखकसंघ' ल.पु. जिल्ला अध्यक्ष तथा केन्द्रीय परिषद सदस्य, 'प्रतिभा प्रवाह' सचिव तथा सम्पादक जस्ता क्षेत्रमा संलग्न रहेका छन् ।[१५]

### २.१३.२. राजनीतिक संलग्नता

कुनै पनि व्यक्ति विभिन्न राजनीतिक घटनाक्रमबाट प्रभावित भएको पाइन्छ । केशव सिलवाल पनि नेपालको विभिन्न राजनीतिक घटनाक्रमबाट प्रभावित देखिन्छन् । प्रगतिशील विचारधाराका उनले सुरुका दिन देखि नै कम्यूनिष्ट पार्टीलाई सहयोग गरेका थिए । माओवादी जनयुद्धको प्रभाव तथा तत्कालीन शाही सरकारको तानाशाही प्रवृत्तिले गर्दा नेकपा माओवादी पार्टीसँग नजिक हुँदै गए । फलतः वि.सं. २०६२/६३ को जनआन्दोलन भाग २ मा सरिक भई उक्त पार्टीसँग सम्बद्ध साहित्यिक संगठनसँग आवद्ध भए । हाल उनी नेवाः राज्य समितिको सदस्य छन् भने नेकपा-माओवादी (वैद्य) सँग नजिक देखिन्छन् ।[१६]

### २.१३.३. सामाजिक सेवा तथा संलग्नता

मानिस सामाजिक प्राणी भएकाले समाजप्रति उसको ठूलो दायित्व हुन्छ । समाजको सेवा गर्नु व्यक्तिको कर्तव्य हुन आउँछ । केशव सिलवालले विभिन्न संस्थासँग आवद्ध भएर समाजसेवा गरेको देखिन्छ । उनी 'सामुदायिक सेवा समूह' (२०५२ सचिव), 'खत्री गाउँ पालेको सामुदायिक वन उपभोक्ता समूह' (सचिव), 'लेले प्राथमिक स्वास्थ्य केन्द्र' ( व्यवस्थापन समिति अध्यक्ष) सामाजिक संघसंस्थामा संलग्न भएका देखिन्छन् ।[१७]

## २.१४. मान, सम्मान र पुरस्कार

व्यक्तिलाई सृजनामा प्रभाव र प्रेरित गर्ने तत्व मान, सम्मान र पुरस्कार हुन् जसले व्यक्तिको व्यक्तित्व विकासक्रममा सहयोगीको भूमिका निर्वाह गर्दछ । सिलवालले पनि आफ्नो विद्यालय जीवन र त्यसपछिका सृजना तथा पेसागत संलग्नताका क्रममा विभिन्न मान, सम्मान र पुरस्कार पाएका छन् । स्थानीय संघसंस्थाबाट कदरपत्र पाउनुका साथै वि.सं. २०६७ मा सुनगाभा साहित्य सम्मानबाट सम्मानित भएका थिए ।[१८]

---

[१५] पूर्ववत्

[१६] ऐजन

[१७] ऐजन

[१८] ऐजन

## २.१५. निष्कर्ष

ललितपुर जिल्ला लेले गा.वि.स.मा वि.सं. २०३० माघ १३ गते मंगलवारका दिन जन्मेका केशव सिलवाल पिता कृष्णबहादुर र माता कान्ती सिलवालका माहिला सन्तान हुन् । उनको पारिवारिक पृष्ठभूमि बलियो रहेको देखिन्छ । सम्पन्न र शिक्षित अभिभावकको निगरानीमा उनको बाल्यकाल सुख सयलमा नै वितेको देखिन्छ । उनले आफ्नो जीवनको अमूल्य समय व्यक्तित्व विकास, पारिवारिक संरचना, आर्थिक अवस्था सुधार, विद्यालय सञ्चालन, नेपाली साहित्य र समाजको सेवामा अर्पण गरेका छन् ।

प्रारम्भिक शिक्षा गाउँबाटै सुरु गरेका सिलवालले वि.सं. २०४६ मा विश्वनिकेतन त्रिपुरेश्वरबाट एस.एल.सी. पास गरेका देखिन्छन् भने आई.एस्सी. वि.सं. २०४९ मा वीरेन्द्र सैनिक आवासीय महाविद्यालय भक्तपुरबाट गरेका थिए । त्यसै गरी वि.सं. २०५३ मा बी.ए. तथा वि.सं. २०६० मा एम.ए. (समाजशास्त्र) त्रि-चन्द्र कलेज काठमाडौंबाट गरेका देखिन्छन् । उनको भनाइ अनुसार हाल उनी कीर्तिपुर स्थित त्रि.वि.वि.मा एम्.फिल. (समाजशास्त्र) गर्दै छन् भने उनको भविष्यमा पी.एच.डी. (विद्यावारिधि) गर्ने लक्ष्य रहेको छ ।

वि.सं. २०५४ मा पुरानो वानेश्वर निवासी रामप्रसाद तथा ज्ञानु घिमिरेका कान्छी सुपुत्री विमला घिमिरेसँग वैवाहिक सुत्रमा बाधिएका केशव सिलवालका एक छोरी मृनल ( वि.सं. २०५६) र एक छोरा कृतेश (वि.सं. २०६१) छन् । कवि केशव सिलवाल जस्तै छोराछोरी पनि पढाइमा उत्कृष्ट छन् । सानो र सुखी पारिवारिक अवस्था रहेको केशवको आफ्नै विद्यालय रहेको छ भने अहिले उनी साहित्यिक क्षेत्रमा व्यस्त रहेका र विभिन्न साहित्यिक संघसंस्थासँग संलग्न भएकाले विद्यालयको जिम्मेवारी उनकी पत्नी विमला घिमिरे (सिलवाल) ले लिएकी छन् । यद्यपी समय मिलाएर विद्यालयको रेखदेख तथा उन्नतिमा पनि समय दिएका छन् । विद्यार्थी जीवनदेखि नै सृजनात्मक सामर्थ्य भएका सिलवालले साहित्यिक यात्रा 'बगर' पत्रिकामा 'अकाल मरण' शीर्षक कविता लेखेर वि.सं. २०४९ बाट प्रारम्भ भएको पाइन्छ । कवितालाई आफ्नो मुख्य साहित्यिक क्षेत्र बनाएका सिलवाल समालोचना तथा विभिन्न साहित्यिक पत्रिकामा सम्पादनमा पनि लागेको देखिन्छ । उनको पहिलो कविता सङ्ग्रह 'वर्जित अवशेष' (वि.सं. २०६३) हो भने दोस्रो कविता सङ्ग्रह 'धारिला मानिसहरू' (वि.सं. २०६६) हो । कविताका अतिरिक्त विभिन्न पत्रपत्रिकाहरूमा निबन्ध, अनुसन्धानात्मक लेख तथा समीक्षाहरू प्रकाशित गरेका छन् ।

यसरी कवि सिलवालको जन्मदेखि हालसम्मको अवस्थालाई केलाउँदा उनी साहित्यिक क्षेत्र वाहेक गैर साहित्यिक तथा सामाजिक क्रियाकलापमा समेत सक्रिय देखिन्छन् । केशव सिलवाल प्रगतिवादी एवं क्रान्तिकारी विचारधाराका अनुयायी स्वतन्त्रताका प्रतीक हुन् । शिक्षण पेसा अङ्गाल्दै साहित्यिक तथा सामाजिक क्षेत्रमा उनले महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । अध्ययनलाई औधी रुचाउने सिलवाल चिन्तनशील, इमानदारिता र हार्दिकता जस्ता गुणले शृङ्गारिएका छन् । यो नै उनको जीवनवृत्त हो ।

## अध्याय तीन

# केशव सिलवालको व्यक्तित्वको अध्ययन

### ३.१. विषयप्रवेश

कुनै पनि व्यक्तिलाई चिनाउने तत्व भनेकै उसको व्यक्तित्व हो । समाजमा उसको उपस्थिति जनाउने र अस्तित्वको आभास दिने तत्व व्यक्तित्व हो । सामाजिक, राजनीतिक, आर्थिक र साँस्कृतिक जस्ता तत्वहरूका साथै पारिवारिक पृष्ठभूमिले उसको व्यक्तित्वलाई परिपक्व बनाउँदै लैजान्छ । यसै कुरालाई ध्यानमा राखी कवि केशव सिलवालको शारीरिक, साहित्यिक र गैरसाहित्यिक व्यक्तित्वका बारेमा यस अध्यायमा चर्चा गरिएको छ ।

### ३.२. शारीरिक व्यक्तित्व

व्यक्तिको बाह्य पहिचान नै उसको शारीरिक व्यक्तित्व हो । व्यक्तिलाई आकर्षण गराउने मुख्य तत्व भनेको उसको शारीरिक सुगठन, हाउभाउ, लवाई, प्रदर्शन गर्ने व्यवहार र उसको सम्पूर्ण शारीरिक अवस्थिति नै हो । चार दशक पार गरिसकेका केशव सिलवालको उचाई ५ फिट ६ इन्च छ । गहुँगोरो अनुहार, चम्किलो मुहार, खैरो आँखा, मृदुभाषी र ठूलो निधारले उनको व्यक्तित्वलाई निखार दिन सक्षम भएको छ । दाह्री जुङ्गा नपाल्ने हृष्टपुष्ट शरीर भएका उनी सर्ट, पाइन्ट र टि-सर्ट लगाउन मन पराउँछन् । मांसाहारी भएतापनि सादा नेपाली खाना मन पराउने सिलवाल समान व्यवहार गर्न मन पराउँछन् । अथक परिश्रमी, उदार भावनाका उनी खरो स्वभावका व्यक्ति हुन् । अन्याय र अत्याचारको कडारूपमा विरोध गर्ने र आफूले आँटेको वा सोचेको काम पूरा गर्ने उनको बानी छ । आफ्नो काममा दृढ सङ्कल्पित, स्वस्थ शरीर र परिवारबाट सन्तुष्टि भएका उनी आफ्नो परिवारप्रति जिम्मेवार आदर्श छोरा, पति र पिताका रूपमा परिचित छन् ।[१९]

### ३.३. साहित्यिक व्यक्तित्व

केशव सिलवाल कवि, सम्पादक, समीक्षक र लेखक हुन् । उनी प्रथमतः कवि त्यसपछि सम्पादक, समीक्षक अनि लेखक हुन् । यस शीर्षक अन्तर्गत सिलवालका विधागत व्यक्तित्वको विभिन्न उप-शीर्षक अन्तर्गत अध्ययन गरिएको छ ।

---

[१९] शोधनायक तथा श्रीमती विमला, पूर्ववत्

### ३.३.१. कवि व्यक्तित्व

आफ्नो विद्यालयकालदेखि नै कविता सृजनामा रमाएका सिलवाल एक कुशल कवि हुन् । वि.सं. २०४९ मा 'बगर' पत्रिकामा 'अकाल मरण' शीर्षक कविता छपाएर कविता यात्रा सुरु गरेका उनले हालसम्म दुईवटा कविता सङ्ग्रह प्रकाशन गरेका छन् । पहिलो कविता सङ्ग्रह 'वर्जित अवशेष' (वि.सं. २०६३) र दोस्रो कविता सङ्ग्रह 'धारिला मानिसहरू' (वि.सं. २०६६) हुन् । यसका अलावा उनको विभिन्न फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । विचारका कवि केशव सिलवालका कविताहरूमा सामाजिक नियति, स्वतन्त्रता, राजनीतिक प्रभावले पारेको सकारात्मक र नकारात्मक असरहरू, समानता जस्ता कुराहरू उठान गरिएको पाइन्छ । क्रान्तिकारी विचारधारा कवि भएकाले उनका कवितामा परिवर्तनशीलता तथा समकालीन राष्ट्रिय परिस्थितिलाई समेत विषयवस्तु बनाइएको हुन्छ । कवि सिलवालको भनाइ अनुसार कविता आत्मसन्तुष्टिको विषय मात्र नभएर उद्देश्यमूलक एवं मानिस तथा समाजप्रति उत्तरदायी पनि हुने भएकाले उनलाई प्रिय लाग्छ ।[२०]

### ३.३.२. सम्पादक व्यक्तित्व

कविता विधापछि केशव सिलवालले कलम चलाएको विधा सम्पादक हो । उनले विभिन्न पत्रपत्रिकाहरू सम्पादन गर्ने गरेका छन् । 'ललित आवाज' आफ्नै प्रकाशन र सम्पादनमा वि.सं. २०५४ मा प्रकाशन भयो भने बीचमा बन्द भएर फेरि वि.सं. २०६४ मा प्रकाशन भयो हाल बन्द छ । 'असहमतिका स्वरहरू' (वि.सं. २०६२), 'स्रष्टा चैत्र ३०' ( वि.सं. २०६३), 'आस्थाको स्तम्भ' (वि.सं. २०६६), 'नयाँ यथार्थ' साहित्यिक त्रैमासिक (वि.सं. २०६७/६८) र 'प्रतिभा - प्रवाह' उनीद्वारा सम्पादित पत्रपत्रिकाहरू हुन् । यसरी सम्पादन क्षेत्रमा पनि संलग्न भई सिलवालले उत्कृष्ट पत्रिकाहरू प्रकाशन गर्दै आएका छन् ।

### ३.३.३. समीक्षक व्यक्तित्व

उनले विभिन्न स्रष्टाका कृतिहरूको समीक्षात्मक टिप्पणी पनि गरेका छन् । विशेष गरेर 'प्रतिभा-प्रवाह' मासिक पत्रिका उनका समीक्षाहरू प्रकाशन भएको पाइन्छ । स्रष्टा - आन्दोलनको समीक्षा 'स्रष्टा, चैत्र ३०' मा गरेका छन् भने कृष्ण सेन इच्छुक, पारिजात

---

[२०] शोधनायक, पूर्ववत्

जस्ता स्रष्टा तथा उनीहरूका कृतिहरूका बारेमा समीक्षा गर्ने काम पनि उनले गरेको देखिन्छ । कवि विष्णु भण्डारीद्वारा लेखिएको 'उत्सर्ग' महाकाव्यको समीक्षा 'कलम' त्रैमासिक वर्ष १८, अङ्क ४, पूर्णाङ्क ५४, २०६७ मा प्रकाशन गरी उक्त महाकाव्यलाई नयाँ यथार्थको नयाँ महाकाव्य भनेका छन् ।

### ३.३.४. लेखरचनाकार व्यक्तित्व

केशव सिलवाल कलम चलाएको विधा लेख रचना हो । उनले विभिन्न पत्र पत्रिकाहरूमा राजनीतिक, सामाजिक, भौगोलिक र व्यक्तित्व केन्द्रीत लेख रचनाहरू प्रकाशित गरेका छन् । विशेष गरेर 'प्रतिभा-प्रवाह' उनीबाट सम्पादित मासिक सिर्जना र समीक्षा पत्रिका भएकाले उनका लेख रचनाहरू यसै पत्रिका प्रकाशित भएको देखिन्छ । 'प्रतिभा-प्रवाह' वर्ष २, अङ्क ९, पूर्णाङ्क २३, साउन २०६९ मा 'कलाको सामाजिक उद्गम' लेखमा प्लेखानोभ मार्क्सवादी साहित्यालोचना तथा कला आलोचनाको सैद्धान्तिक प्रवर्तक मात्र थिएनन्, उनी सोभियत सौन्दर्यशास्त्रको आदिपुरुष थिए भन्ने विचार व्यक्त गरेका छन्।

## ३.४. गैर साहित्यिक व्यक्तित्व

केशव सिलवालका सृजनात्मक व्यक्तित्वका अतिरिक्त निजी पेसागत तथा सामाजिक गतिविधिगत व्यक्तित्वहरूको निम्नानुसार चर्चा गरिएको छ ।

### ३.४.१. शिक्षक व्यक्तित्व

केशव सिलवाल एक कुशल शिक्षक एवं प्रधानाध्यापक व्यक्तित्वका धनी हुन् । उनको पेसागत जीवन शिक्षणबाटै अगाडि बढेको देखिन्छ । उनले थोरै समय अरुको स्कूलमा अध्यापन गराए पनि वि.सं. २०५४ मा आफ्नै घरमा 'अमर कान्ती' स्कूल खोलेर शिक्षण पेसालाई निरन्तरता दिएको देखिन्छ । स्थापना भएको केही वर्ष वि.सं. २०५७ मा माध्यमिक तहसम्म पुऱ्याउँदै यस स्कूललाई एस.एल.सी. परीक्षामा संलग्न गराएका थिए । विद्यार्थीहरूको प्रिय शिक्षक बन्न सफल उनी मा.वि. मै विज्ञान, गणित, नेपाली तथा सामाजिक जस्ता चुनौतिपूर्ण विषय पढाउन सक्षम देखिन्छन् ।[२१] उनले सरस्वती उ.मा.वि. लेलेमा वि.सं. २०६६ देखि दुईवर्ष एघार तथा बाह्र कक्षामा समाजशास्त्र पढाएका थिए ।

---

[२१] शोधनायकको स्कूलका विद्यार्थीबाट प्राप्त जानकारी

पछिल्लो समय विभिन्न साहित्यिक संघ संस्थासँग आवद्ध भई व्यस्त भएतापनि विहानको समय आफ्नै विद्यालयलाई छुट्याएका छन् । उनी हालसम्म पनि यस विद्यालयका संस्थापक प्रधानाध्यापक हुन् । उनको शिक्षण क्षेत्रप्रतिको लगाव र क्रियाशीलताले उनको विद्यालय यस भेगकै उत्कृष्ट विद्यालयमा गनिन पुगेको छ ।[२२]

### ३.४.२. व्यवस्थापकीय व्यक्तित्व

केशव सिलवाल कुशल शिक्षकसँगै कुशल व्यवस्थापक पनि हुन् । विद्यालय स्थापना भएको छोटो समयमै एस.एल.सी. परीक्षामा सामेल गराउन उनी सफल भएका देखिन्छन् । उनमा अभिभावक तथा विद्यार्थीहरूलाई सन्तुष्ट पार्ने खुवी छ भने शिक्षक शिक्षिकाहरूलाई पनि राम्रो वातावरणमा काममा लगाउन सक्ने खुवी उनमा रहेको कुरा विद्यार्थी तथा शिक्षकहरूले व्यक्त गर्छन् । मिलनसार, मृदुभाषी एवं पेसाप्रति समर्पित सिलवालको व्यवस्थापकीय क्षमताबाट नै उनको अमर कान्ती सेकेन्डरी इङ्लिस स्कूलको यति धेरै सफलता प्राप्त गर्न सफल भएको छ । उनी लेले प्राथमिक स्वास्थ्य केन्द्रका व्यवस्थापन समितिका अध्यक्ष पनि हुन् । अतः उनी एक कुशल व्यवस्थापक व्यक्तित्व भएको पुष्टि हुन आउँछ ।

### ३.४.३. प्रेरक व्यक्तित्व

केशव सिलवाल नयाँ सृजनशील प्रतिभाहरूलाई हौसला र प्रेरणा दिने प्रेरक व्यक्ति हुन् । उनी पुराना स्रष्टाहरूलाई सम्मान गर्छन् भने नवागन्तुक सर्जकहरूलाई सहयोग गर्न तत्पर देखिन्छन् । नेपाली साहित्यलाई अगाडि बढाउन नयाँपिंढीको योगदान अपरिहार्य हुन्छ भन्ने उनको मान्यता रही आएको छ । साहित्यिक क्षेत्रमा लागेका वा लाग्ने जो कोही व्यक्तिका लागि उनी अनुकरणीय व्यक्तित्वका रूपमा चिनिन्छन् । आफ्ना परिवारका सदस्यहरू बुवा र दाइ जन्मभूमि लेलेलाई छाडेर शहरी क्षेत्रमा बसाइँसराइ गरेता पनि केशव सिलवाल भने आफ्नै जन्मभूमिलाई कर्म थलो बनाइ बस्नुले पनि उनी गाउँघर प्रति कति माया गर्छन् भन्ने कुरा प्रष्ट हुन्छ । त्यसैले उनी आफ्ना साथीभाइ र गाउँघरका मानिसका लागि पनि प्रेरक व्यक्तित्व हुन् ।

---

[२२] शोधनायक, पूर्ववत्

### ३.४.४. समाजसेवी व्यक्तित्व

केशव सिलवाल विभिन्न सामाजिक सङ्घ संस्थामा कार्यरत रहेर निरन्तर समाजसेवामा लागेका देखिन्छन् । 'सामुदायक सेवा समूह' को सचिव (२०५२), 'खत्री गाउँ पालेको सामुदायिक वन उपभोक्ता समूह' को सचिव, 'लेले प्राथमिक स्वास्थ्य केन्द्र' को व्यवस्थापन समिति अध्यक्ष जस्ता सामाजिक सङ्घ संस्थामा आवद्ध भई समाजसेवामा लागेका देखिन्छन् । केशव सिलवाल समाजका प्रेरक व्यक्तित्वका रूपमा सुपरिचित छन् ।[२३]

### ३.४.५. राजनीतिक व्यक्तित्व

केशव सिलवालको जीवन एकनासको नभएर विविध रंग विषयवस्तुले शोभायमान भएको पाइन्छ । उनको विद्यार्थी जीवनदेखि नै कविताप्रति रुचि हुनुका साथै समय सापेक्ष राजनीतिमा पनि झुकाव थियो । वामपन्थी (कम्यूनिष्ट) विचारधाराका व्यक्ति केशव सिलवालले सुरुका दिन देखि नै कम्यूनिष्ट पार्टीलाई सहयोग गर्दै आएका थिए भने वि.सं. २०६२/६३ को आन्दोलनसँगै नेकपा माओवादी पार्टीसँग सक्रिय रूपमा नजिक भएका देखिन्छन् । विशेष गरेर माओवादीसँग नजिक रहेको साहित्यिक सङ्गठनमा उनी आवद्ध छन् । नेवाः राज्य समितिका सदस्य, एनेकपा माओवादी पार्टी ललितपुर जिल्ला सदस्य, अखिल नेपाल स्वतन्त्र महासङ्घ केन्द्रीय सदस्य एवं ल.पु. जिल्ला सदस्य, अखिल नेपाल लेखक सङ्घ केन्द्रीय सचिवालय सदस्य, प्रगतिशील लेखक सङ्घ ल.पु. जिल्ला अध्यक्ष तथा केन्द्रीय पारषद् सदस्य जस्ता संस्थामा रहेर राजनीतिमा पनि सक्रिय भएका देखिन्छन् । एनेकपा माओवादीको विभाजन पछि उनी नेकपा-माओवादी (वैद्य) समूहमा आवद्ध भएको पाइन्छ ।[२४]

### ३.४.६. साङ्गठनिक व्यक्तित्व

केशव सिलवाल मूलतः माओवादी पार्टीसँग नजिक भएपछि सङ्गठनात्मक रूपमा सक्रिय देखिन्छन् । पछिल्लो समयमा विभिन्न साहित्यिक सङ्घ सङ्गठनमा आवद्ध केशव सिलवाल साहित्यिक सङ्गठनमा लाग्दा विभिन्न लेखरचना तथा साहित्यिक कृतिहरू प्रकाशन गर्न सजिलो हुने धारणा व्यक्त गर्दछन् । यसरी सिलवाल साङ्गठनिक व्यक्तिका रूपमा परिचित छन् ।

---

[२३] पूर्ववत्

[२४] ऐजन

## ३.५. निष्कर्ष

केशव सिलवाल एक कुशल कवि, सम्पादक, समीक्षक, लेखरचनाकार, शिक्षक, व्यवस्थापक, प्रेरक, राजनैतिक र सङ्गठनात्मक व्यक्तित्वका धनी हुन् । आफूले प्रभाव ग्रहण गरेका र भोगेका चेतनाहरूलाई सृजनामा उतार्ने सिलवाल कुनै राजनीतिक व्यक्तित्व भन्दा स्रष्टा हुन् । बहु प्रतिभाशाली व्यक्तित्व भएका सिलवाल देशप्रति माया, मोह र चिन्तनमा निरन्तर लागिरहेका देखिन्छन् । साहित्यिक मार्गद्वारा जनचेतना फैलाउने र जनतालाई सचेत गरी राष्ट्र उत्थानमा सरिक गराउने उनको लक्ष्य रहेको बुझिन्छ । देशको सर्वोपरि विकासका लागि जनता सचेत हुनुपर्छ भन्ने मान्यता बोकेका केशव सिलवाल साहित्यिक क्षेत्रमा क्रियाशील भई लेखिरहेका छन् ।

## अध्याय चार

# केशव सिलवालको कृतित्वको अध्ययन

### ४.१. विषयप्रवेश

प्रस्तुत अध्याय अन्तर्गत केशव सिलवालको कृतिहरूको अध्ययन गर्नुका साथै उनको साहित्यिक यात्रा र उनले नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानको मूल्याङ्कन गरिएको छ । उनका प्रकाशित कृतिहरूको विवरण प्रस्तुत गर्नुका साथै उनको साहित्यिक प्रवृत्तिको निरूपण पनि गरिएको छ । विभिन्न स्रोतहरूबाट प्राप्त हुन आएका तथ्याङ्कहरूलाई सङ्कलन गर्ने कार्य भएको छ । विशेष गरेर उनको दुईवटा प्रकाशित कविता सङ्ग्रहहरूमा रहेका कविताहरूको अध्ययन यहाँ गरिएको छ ।

### ४.२. केशव सिलवालको साहित्यिक यात्रा

केशव सिलवाल विद्यालय अवस्थादेखि नै साहित्यिक गतिविधिमा संलग्न हुँदै आएका देखिन्छन् । कलेज स्तरका मुखपत्रमा कविता प्रकाशित गर्दै आफ्नो लेखकीय क्षमतालाई अभिवृद्धि गर्दै लगेको देखिन्छ । साहित्यिक सृजनामा रमाउने र नेपाली भाषा साहित्यप्रति बढी रुचि राख्ने केशव सिलवालका साहित्यिक रचनाहरू क्रान्तिकारी भावनाबाट लेखिएको देखिन्छ । वि.सं. २०४९ मा 'अकाल मरण' शीर्षक कविता 'वगर' साहित्यिक पत्रिकामा प्रकाशित गराएर केशव सिलवालले आफ्नो साहित्यिक यात्रा विधिवत् रूपमा प्रारम्भ गरेको देखिन्छ । साहित्यका कविता, निबन्ध, विभिन्न लेख रचना, समालोचना तथा सम्पादकीय सामर्थ्य प्रस्तुत गर्ने सिलवालले विभिन्न समस्याको सामना गर्नुपरे तापनि साहित्यिक यात्रालाई निरन्तरता दिइरहेका देखिन्छन् । उनको साहित्यिक यात्रालाई सृजनात्मक प्रवृत्ति, निरन्तरता, परिष्कार जस्ता दृष्टिले दुई चरणमा विभाजन गरेर अध्ययन गरिएको छ ।

- प्रथम चरण (वि.सं. २०४९ - वि.सं. २०६३) विकासकाल
- द्वितीय चरण (वि.सं. २०६३ - हालसम्म) उर्वरकाल

#### ४.२.१. प्रथम चरण (वि.सं. २०४९ - वि.सं. २०६३)

केशव सिलवालको साहित्यिक यात्राको प्रथम चरणलाई श्री गणेश गराउने प्रथम रचना 'अकाल मरण' शीर्षक कविता हो । यो कविता वि.सं. २०४९ पुस-माघ, वर्ष ११,

पूर्णाङ्क २७ मा प्रकाशित 'बगर' साहित्यिक पत्रिकामा प्रकाशित भएको हो । कलेज स्तरका मुखपत्रमा पनि उनले विभिन्न समयमा कविताहरू प्रकाशित गर्दै आफूलाई साहित्यिक क्षेत्रमा संलग्न गर्दै लगे ।

प्रथम चरणको सुरुका चार पाँच वर्ष लेखक आफ्ना मान्यतामा अभिमुख नभइसकेको कुरा थाहा हुन्छ । प्रकाशनका दृष्टिले उल्लेख्य चरण नभए तापनि प्रथम चरणको उत्तरार्द्धमा उनले 'वर्जित अवशेष' (वि.सं. २०६३) कविता सङ्ग्रह प्रकाशन गरे । विशेष गरेर केशव सिलवालका लागि यो चरण साहित्यिक पृष्ठभूमि तयार गर्ने चरण र आगामी साहित्यिक क्षेत्रमा प्रवेश गर्ने पूर्व तयारीको चरणका रूपमा देखा परेको छ । यद्यपी उनले यस चरणको अन्त्यतिर चालीसवटा कविता सङ्गृहीत 'वर्जित अवशेष' कविता सङ्ग्रह प्रकाशित गरेर आफूलाई साहित्यिक क्षेत्रमा परिपक्व देखाउन खोजे ।

केशव सिलवालको प्रथम चरणमा प्रकाशित कविताहरूमा देशको टङ्कारोपन हत्याहिंसा, रोदन र क्रन्दनको अलाप, भौतिक र मानसिक क्षति, अराजकता, अक्षमता जस्ता अलिक निराशामुखी चित्र प्रतिबिम्बित भएको पाइन्छ । त्यस्तै सरकारको अकर्मण्यता अत्याचार भ्रष्ट नेतृत्वका र अराजकताका विरुद्ध परोक्ष रूपले व्यङ्ग्यशैली रोजेका छन् । विभिन्न प्रतीकहरूको प्रयोग गर्दै मानिसका खोक्र्याई, आडम्वर र कृत्रिमतामाथि पनि केशवले अनेकपल्ट आफ्ना कविता मार्फत प्रहार गरेका छन् ।

यसरी केशव सिलवालको यो चरण प्रारम्भिक भएता पनि उनले यस चरणमा आफूलाई निखार्दै तत्कालीन देशको परिस्थिति, रक्तपात, क्रान्ति, हत्या, आडम्बर र लोकतन्त्रका सडक आन्दोलनलाई आफ्नो कवितामा स्थान दिदै कालक्रमिक घटनालाई व्यक्त गरेका छन् । उनी निर्भीक, प्रष्ट र सुन्दर रूपमा प्रस्तुत भएका देखिन्छन् ।

### ४.२.२. द्वितीय चरण (वि.सं. २०६३ - हालसम्म)

केशव सिलवालले कालक्रमिक घटना आत्मानुभूति, विद्रोह र मनोवाद जस्ता अभिव्यक्ति मात्र पोखेका छैनन् । वि.सं. २०६३ देखि उनले अन्य रचनाहरू पनि जन्माई प्रकाशनतर्फ पनि उन्मुख देखिन्छन् । वि.सं. २०६२ देखि नै उनी विभिन्न पत्रिकाहरूको सम्पादन गर्दै आएका थिए भने यो चरणमा अझ उनी विभिन्न साहित्यिक पत्रिकाहरू

सम्पादनमा व्यस्त देखिन्छन् । साथै विभिन्न पत्र पत्रिकाहरूमा अन्य लेख रचना प्रकाशित भएका छन् ।

केशव सिलवालको दोस्रो चरणको मुख्य उपलब्धि भनेको उनको दोस्रो कविता सङ्ग्रह 'धारिला मानिसहरू' हो । अखिल नेपाल लेखक संघ, केन्द्रीय समितिद्वारा वि.सं. २०६६ सालमा प्रकाशित 'धारिला मानिसहरू' कविता सङ्ग्रहमा त्रिचालीसवटा कविताहरू सङ्गृहीत भएका भएका छन् । कविको यो दोस्रो रचना अस्त्रसहित उभिएको छ । प्रगतिशील लेखक तथा मार्क्सवादी चिन्तक सिलवालको यस सङ्ग्रहमा पनि पहिलो सङ्ग्रहको जस्तै क्रान्तिकारी विचारहरूको पुनरावृत्ति भएको देखिन्छ । यद्यपी उनी दोस्रो चरणमा विचारका धारिला कविका रूपमा प्रस्तुत भएका छन् । विचारकै कुरा गर्दा उनी यथास्थितिलाई अस्वीकार गर्दै त्यसलाई परिवर्तन गर्ने र सुन्दर मानव भविष्यको निर्माण गर्ने सुन्दर विचारबाट प्रेरित छन् । यस सङ्ग्रहमा सङ्गृहीत कविताहरू परिवर्तनकामी विचार, सुन्दर समाज र सुन्दर भविष्य निर्माणको निष्ठाका रूपमा उभिएका छन् । कविताहरूमा कहीँ कतै अस्पष्टता र अमूर्तता छैन भने जनताहरूले मुक्ति र स्वतन्त्रता खोजिरहेका छन् भन्ने सुन्दर विचार बोकेर आएको भेटिन्छ । नवीन र मौलिक बिम्बहरूले कवितालाई साच्चिकै कलात्मक, सुन्दर र प्रभावशाली बनाएका छन् । नारा हुनबाट कविताहरू जोगिएका छन् भने सुन्दर शब्दहरू एवं सुन्दर बिम्बहरूले कविको कालिगढी सामर्थ्यलाई पुष्टि गरेको छ ।

दोस्रो चरणमा उनले सम्पादन क्षेत्रलाई पनि निकै अगाडि बढाएका देखिन्छन् । वि.सं. २०६३ 'स्रष्टा चैत्र ३०', वि.सं. २०६६ मा 'आस्थाको स्तम्भ', वि.सं. २०६३ मा 'ललित आवाज' जस्ता साहित्यिक पत्र-पत्रिकाहरूको सम्पादन गरेका थिए । वि.सं. २०६७ मा 'प्रतिभा-प्रवाह' वर्ष १, अङ्क १ देखि हालसम्म निरन्तर रूपमा सम्पादक मण्डलमा सक्रिय रहेका छन् । यस चरणमा विशेष गरेर विभिन्न प्रगतिशील साहित्यिक संघ संस्थामा आवद्ध भइ साहित्य क्षेत्रमा महत्वपूर्ण योगदान दिँदै आएका छन् । पूवार्द्धमा कविताबाट साहित्य यात्रामा पदार्पण गरेका केशव सिलवालले समयको मागसँगै समाजको आवश्यकता र इच्छालाई समेटी साहित्यका विभिन्न विधालाई अँगालेको पाइन्छ । उनका नयाँ नयाँ पुस्तकहरू प्रकाशनार्थ तयारीमा बसेका छन् भने तेस्रो कविता सङ्ग्रहको पनि तयारी हुँदै गरेको कुरा कवि सिलवाल व्यक्त गर्दछन् ।

यसरी मार्क्सवादी चिन्तनलाई अँगालेर कालक्रमिक घटना, विद्रोह र क्रान्तिकारी विचारलाई अगाडि सार्दै लेखिएका यस अवधिका कविताको छुट्टै अध्ययनलाई द्वितीय चरण अन्तर्गत राखिएको हो ।

### ४.३. केशव सिललालका प्रकाशित रचनाहरूको विवरण

केशव सिलवाललाई कवि भनेर चिनिने कृति कम भए तापनि कृतिको वर्चस्व भने यथेष्ट पाउन सकिन्छ । उनी कवि मात्र नभएर सम्पादक, समालोचक, निवन्धकार आदि विविधकार हुन् । तैपनि वास्तविकतामा उनी कवि नै हुन् । उनका जम्मा दुईवटा पुस्तकाकार कृतिहरू आइसकेका छन् । उनले साहित्यिक यात्राको पृष्ठभूमिका साथै दुवै चरणमा समानुपातिक ढंगले कवितामा कलम चलाएको पाइन्छ ।

केशव सिलवालका कविताहरू वि.सं. २०४९ सालदेखि हाल सम्मका संख्यात्मक दृष्टिकोणले जम्मा दुईवटा कविता सङ्ग्रह मात्र देखिएका छन् । यी दुवै सङ्ग्रहहरूमा गरी जम्मा त्रियासीवटा कविताहरू सङ्गृहीत छन् । उनले सम्पादन गरेका केही साहित्यिक एवं साप्ताहिक पत्रिका पनि प्रकाशन भएका छन् । अहिले पनि सिलवाल विभिन्न साहित्यिक पत्रिकाको सम्पादनमा व्यस्त देखिन्छन् । कालक्रमिक रूपले उनका प्रकाशित रचनाहरू निम्नानुसार छन् :

| क्र.सं | प्रकाशित कृति | प्रकाशित मिति | प्रकाशक |
|---|---|---|---|
| १ | असहमतिका स्वरहरू (सम्पादन) | २०६२, माघ | नेपाली कविता डट कम अमरकान्ती सेकेण्डरी इङ्गलिस स्कूल |
| २ | वर्जित अवशेष (कविता सङ्ग्रह) | २०६३, मंसिर | अमरकान्ती प्रकाशनका लागि मिनु सिलवाल |
| ३ | स्रष्टा, चैत्र ३० (सम्पादन) | २०६३, चैत्र | स्रष्टा चैत्र ३०, काठमाडौं, नेपाल |
| ४ | धारिला मानिसहरू (कविता सङ्ग्रह) | २०६६, फागुन | अखिल नेपाल लेखक सङ्घ केन्द्रीय समिति |
| ५ | आस्थाको स्तम्भ (सम्पादन) | २०६६ | आस्था-समूह काठमाडौं |
| ६ | प्रतिभा-प्रवाह (सम्पादन) | २०६७ (हालसम्म) | प्रतिभा-प्रवाह काठमाडौं |

## ४.४. केशव सिलवालका साहित्यिक कृतिहरूको अध्ययन

यहाँ यथासक्य रूपले केशव सिलवालका साहित्यिक कृतिहरूको अध्ययन र विश्लेषण गरिएको छ । सिलवाल मूलतः कवि भएकाले उनका कविताहरूको विशेष अध्ययन र विश्लेषण गरिएको छ ।

### ४.४.१. केशव सिलवालका कविताको अध्ययन

केशव सिलवालको जीवनवृत्त सरसर्ती हेर्दा उनी कविता लेख्ने भएकै कारणले कवि उपनाम जोडेर कवि केशव सिलवाल भएका हुन् भन्ने बुझिन्छ । उनी विद्यालय तथा कलेज जीवनदेखि नै फुटकर कविताहरू लेख्थे भन्ने कुरा उनीसँगको प्रत्यक्ष कुराकानीबाट प्रष्ट हुन्छ । विद्यालयमा हुने विविध कार्यक्रमहरूमा उनको सौगात कविता नै हुने गर्दथ्यो । दिनको लक्षणले विहानीको सङ्केत दिन्छ भनेझैं विद्यार्थी जीवनदेखि नै कविताप्रति मोह भएका उदास जीवनको मध्यमादेखि कविता साहित्यमै चुर्लुम्म डुवे भन्दा अत्युक्ति नहोला । आफ्ना दुईवटा कविता सङ्ग्रहमा सङ्कलित त्रियासीवटा कविता मार्फत उनले आफूलाई क्रान्तिकारी, परिवर्तनशील, विचारवान, स्पष्टता जस्ता व्यक्तित्वका रूपमा उभ्याएका छन् ।

## ४.५. 'वर्जित अवशेष' कविता सङ्ग्रहको अध्ययन र विश्लेषण

केशव सिलवालको पहिलो कविता सङ्ग्रह 'वर्जित अवशेष' वि.सं. २०६३ मा प्रकाशन भएको हो । यस कविता सङ्ग्रहमा जम्मा चालीसवटा कविताहरू समावेश भएका छन् भने यसको प्रकाशन उनको आफ्नै विद्यालय र श्रीमती मिनु (विमला) सिलवाल हुन् । अर्थात अमर कान्ती प्रकाशनका लागि मिनु सिलवालद्वारा यो कविता सङ्ग्रह प्रकाशन भएको हो ।

जनआन्दोलन भाग २ (वि.सं. २०६२/६३) र त्यसको सेरोफेरोमा रचिएका कविताहरूमा देशको तत्कालीन अवस्था, अराजकता, अव्यवस्था, सरकारको अकर्मण्यता, अत्याचार र जनताका उत्पीडनलाई प्रमुख रूपमा उठाइएको छ । कविले विभिन्न नौला बिम्वहरूको प्रयोग गरी देशलाई अग्रगमनको बाटोतिर डोऱ्याउने प्रयास गरेका छन् ।

### ४.५.१. कविता तत्वका आधारमा 'वर्जित अवशेष' कविता सङ्ग्रहको अध्ययन र विश्लेषण

#### ४.५.१.१. शीर्षक

साधरणतया कविहरूले कविता सङ्ग्रहमा सङ्गृहीत कुनै एक कविताको नामबाटै कविता सङ्ग्रहको नाम राख्ने गर्दछन् तर यस सङ्ग्रहमा त्यस्तो देखिदैन । कविताहरू राजनैतिक कारणबाट उब्जिएका देखिन्छन् । प्राय सबै कविताहरूमा तत्कालीन राजनैतिक परिस्थिति, अन्याय, अत्याचार, आन्दोलन, दमन, राज्यसँग असमत पक्षलाई चरम यातना जस्ता विषय उठाएको पाइन्छ । गैंडाका खाग ओडेका तानाशाह वा शासकमा आन्दोलनले कुनै प्रभात पार्न नसकेको, देशमा जतिनै परिवर्तन भए पनि नेपाली जनताहरूले त्यसलाई अनुभुति गर्न नसकेको निरासावादी कविताहरूको सङ्ग्रहका रूपमा यसलाई विश्लेषण गरिन्छ । यद्यपी केही आशाका किरणहरू नदेखाइएका होइनन् । क्रान्ति र त्यसको प्रभावलाई मूल रूपमा प्रस्तुत गरिएका कविताहरू यस सङ्ग्रहमा समावेश छन् । राज्य सत्ताबाट जवरजस्ती जनता साम‍ु लादिएका र क्रान्तिबाट परिवर्तन हुन बाँकी अवशेषलाई कवितामा चित्रण गरिएकाले 'वर्जित अवशेष' कविता सङ्ग्रहको शीर्षक सार्थक छ ।

कही कतै वर्जित अवशेष शीर्षक कविता पढ्न नपाएता पनि यस भित्रका कविताहरूमा राज्य सत्ता र जनता सामु देखिएका विकृति जन्य अवशेषहरूलाई उठान गरिएकाले पनि शीर्षकले न्याय पाएको देखिन्छ । यद्यपी शीर्षक कै नामको कविता यस सङ्ग्रहमा सङ्गृहीत भएको भए सुनमा सुगन्ध हुने थियो । जे होस् कवि सिलवालले शीर्षक चयनमा नौलोपन अङ्गालेका छन् ।

#### ४.५.१.२. संरचना

कवि सिलवालले यस कविता सङ्ग्रहमा चालीसवटा कविताहरू सङ्ग्रह गरेका छन् । कविताहरूमा गद्य शैलीको प्रधानता छ भने एउटै कविताका श्लोकहरू पनि फरक फरक छन् । यस सङ्ग्रहमा सङ्गृहीत सबै भन्दा लामा कविता 'पहेँला मानिसको जत्था' (नौं श्लोक र चालीस हरफ) तथा 'भोको मानिस' (दश श्लोक र बत्तीस हरफ) हुन् भने सबैभन्दा छोटो कविता 'सत्ताधारी कवि' (एक श्लोक र चार हरफ) हो । आकारका दृष्टिकोणले कविता साना वा ठूला भएता पनि बिम्बहरूको प्रयोगले कवितालाई जीवन्त बनाएको छ । कविताहरू समसामयिक र यथार्थको धरातलमा उभिएकाले पनि यसको

संरचना पक्ष बलियो देखिन्छ । कविले कविताका हरफहरूमा एक्लो शब्द देखि नौं दश शब्दहरू सम्म प्रयोग गरेका छन् । शब्दको महासम्मेलन विना नै उनले कविताको अनुपम इन्द्रेणी बनाएका छन्, जो समयको शक्तिशाली मानवीय दस्तावेज पनि बन्न पुगेको छ ।

### ४.५.१.३. विषयवस्तु

प्रस्तुत कविता सङ्ग्रह वि.सं. २०६२/६३ सालको जनआन्दोलन भाग २, त्यससँग गाँसिएका शाषक, नेता, आमजनता र आन्दोलनको सेरोफेरोमा आधारित छ । लोकतन्त्र, अग्रगमन, आमुल परिवर्तन, स्वतन्त्रता, क्रान्ति र आन्दोलनमा देखिएका यथार्थ घटना एवं शासक र शोषकका विरुद्धमा उठेका जनलहरलाई कविताका विषय बनाइएको छ । कविता सङ्ग्रहलाई अध्ययन गर्दा कविले निराशावादी भएर कविता लेखेका जस्तो लाग्दछ । केही कविताका विषयवस्तु भने क्रान्ति जगाउने र अग्रगमनतिर लाग्ने आशा बोकेको जस्तो देखिन्छ । परिवर्तनका लागि आन्दोलनमा सामेल हुन समस्त नेपालीलाई आव्हान गर्ने काम पनि कविबाट कविता मार्फत भएको पाइन्छ । तानाशाहको दमनबाट कवि पनि विचलित नभई छातीमा गोली थाप्दै अन्याय र अत्याचारका विरुद्ध आवाज बुलन्द गर्न जनताहरूलाई घचघच्याउने काम पनि कविबाट भएको छ । तसर्थ प्रस्तुत सङ्ग्रहका अधिकांश कविता वर्तमानले भोगेका भयचित्र हुन् । कविताहरू अव्यवस्थाका, भ्रष्ट नेतृत्वका, अत्याचारका, अराजकताका र सरकारको अकर्मण्यताका छन् । साथै कविले त्यस्ता ठाउँमा परोक्ष रूपमा व्यङ्ग्यशैली पनि रोजेका छन् । लोकतन्त्र र सडक आन्दोलनका कविताले निकै महत्व पाएको छ ।

यसरी कविले यस कविता सङ्ग्रहमा राजनीतिलाई नै प्रमुख रूपमा विषयवस्तु बनाएका छन् । कवितामा आत्मइमान्दारीका प्रमाण, विचार र विषयवस्तु प्रतिको हार्दिकता झल्किएका छन् ।

### ४.५.१.४. भावविधान

प्रस्तुत कविता सङ्ग्रहमा वि.सं. २०६२/६३ सालको जनआन्दोलन भाग २ र त्यसका वरिपरिका राजनीतिक परिवृत्तिलाई प्रष्ट पार्ने काम भएको छ । राजनीतिक विकृतिमा व्यङ्ग्य गरेर लेखेको यस कविता सङ्ग्रह आजको राष्ट्रिय राजनीतिमा पनि उत्तिकै सान्दर्भिक रहेको हुँदा प्रस्तुत सङ्ग्रह साश्वत कथाको रूपमा देखापर्छ । आन्दोलन, दमन,

शासक वर्ग वा नेताहरूका फोस्रा भाषण र तानाशाहबाट पीडित जनताका त्रासदीलाई कवितामा अभिव्यक्त गरिएको छ । कवितामा दर्द, पीडा, विचलन, निराशा, त्रास र क्रान्ति देखाइएको छ भने शील्पशक्ति र संवेदनाको तीव्रताको दृष्टिले पनि कविता सङ्ग्रह उत्कृष्ट छ । कविता सङ्ग्रह एउटा सुन्दर दस्तावेज हो जसमा भोकलाई अदम्य, भय र आडम्वरका खोललाई नाशवान र गोली तानाशाहले सर्वसाधारणका छातीमा सिउरिएका फूलका रूपमा व्यक्त गरिएका छन् । क्रान्ति, जुलस, आन्दोलनमा भाग लिँदै स्वतन्त्रताको बाटो आफू आफूमै मिलेर खोज्नुपर्ने भाव यस कविता सङ्ग्रहमा प्रस्तुत गरिदिएको छ ।

### ४.५.१.५. लयविधान

प्रस्तुत कविता सङ्ग्रह गद्य शैलीमा लेखिएकाले लयविधान कम्जोर छ । कविले लयलाई भन्दा पनि भावलाई प्रधानता दिएका छन् । कविताहरूमा एक शब्द देखि नौं/दश शब्द सम्मका हरफहरू भएकाले पनि लय प्रधान छैनन् । कविता पढ्दा अन्य गद्य रचना ( कथा, निबनध आदि) पढे जस्तो अनुभव हुन्छ । कही कतै अनुप्रासको झझल्को देख्न सकिदैन । पूर्णरूपमा राजनीतिक विषयमा आधारित भएर लेखिएका कविताहरू यस सङ्ग्रहमा समावेश गरिएका छन्, त्यसैले पनि होला कवि सिलवालले लयलाई महत्व नदिएका । एउटै कवितामा पनि श्लोक र हरफहरूको बनोटमा एक रूपता छैन । कवितामा आधुनिक लय वा मुक्त छन्दको प्रयोग गरिएको छ ।

### ४.५.१.६. कथन पद्धति

यस कविता सङ्ग्रहको कथन पद्धति सवल देखिन्छ । विभिन्न राजनीतिक गतिविधि र त्यसले जन्माएका विभिन्न समस्या माथि कविताहरू केन्द्रीत छन् । तानाशाह, दमन, अन्याय र अत्याचारका विरुद्धमा देखिएका जनलहरहरूलाई यहाँ प्रस्तुत गरिएका छन् । सरल तथा सहज शब्दहरू प्रयोग गरिएका छन् । मार्क्सवादी चिन्तनलाई अगाडि सार्दै क्रान्तिकारी भाव वा शब्दलाई महत्व दिएको देखिन्छ । यथास्थितिमा रहेका व्यक्तिहरूलाई समयानुकुल परिवर्तन भई अग्रगमनमा लाग्न कविताले प्रेरित गरेको देखिन्छ । ठूला आन्दोलनबाट पनि जनताहरूले परिवर्तनका अनुभव गर्न नसक्दा कविताहरूमा निराशा पोखिएको छ भने केही कविताहरूमा आशावादी भएर अगाडि बढ्न पनि कविले आव्हान गरेका छन् । उनको कथनशैली, संगठन, कल्पनाको संरचना र रुचि विविधतामा वैयक्तिक अभिव्यक्ति मार्फत सामूहिक मुक्तिको भावना प्रेषित गर्ने क्रान्ति हो ।

### ४.५.१.७. भाषाशैली

राजनीतिक चेतना जगाउने अभिप्रायबाट यो कविता सङ्ग्रह अगाडि बढेको छ । विगतका पछिल्ला वर्षहरूमा चलेका रक्तपात र क्रान्तिका हत्या, विनाश र आडम्बरका चित्रहरू प्रस्तुत कविता सङ्ग्रहमा प्रतिबिम्बित भएका छन् । सरल र सहस भाषाशैली मार्फत मार्क्सवादी चिन्तनलाई कविले कवितामा व्यक्त गरेका छन् । शब्दहरूलाई न थोपरीकन विचार र विषयवस्तुलाई सशक्त रूपमा अगाडि बढाइएको छ । कतै कतै सजिलै बुझ्न नसक्ने क्लिष्ट भाषाको प्रयोग गरिएता पनि प्राय कविताहरूका भाषाशैली सहज छन् । कविले कविताहरूमा क्रान्तिका भाषा, आन्दोलनका भाषा, धैर्यका भाषा र बन्दुक तथा लाठीका भाषा प्रयोग गरेका छन् । भाषाशैलीलाई सशक्त बनाउन विभिन्न ठाउँमा प्रतीक एवं नौला बिम्बहरूको प्रयोग पनि कवितामा देख्न सकिन्छ । क्रूरता र पाशविकताका अगाडि निर्भीक, प्रष्ट र सुन्दर अभिव्यक्तिहरू कवितामा सान्दर्भिक रूपमा प्रस्तुत गरिएका छन् । कविता लेख्ने क्रममा उनले प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष गरी तीनै वटै पुरुषको प्रयोग गरेका छन् तथापी प्रथम पुरुष र तृतीय पुरुषको भाषाशैलीलाई यस सङ्ग्रहमा प्राथमिकता दिएको देखिन्छ । यसप्रकार 'वर्जित अवशेष' कविता सङ्ग्रहमा क्रान्तिको भाषालाई महत्व दिँदै अनेक प्रतीक र बिम्बलाई सहज तरीकाबाट प्रस्तुत गरेका छन् । भाषाशैलीका दृष्टिले कविता सङ्ग्रह सशक्त रूपमा उभिएको भान हुन्छ ।

### ४.५.१.८. अलङ्कार

साहित्यमा अलङ्कारको अर्थ रमाइलो शब्दयोजना र अर्थ चमत्कारद्वारा काव्यलाई सजाउने तथा आकर्षक पार्ने हो । अलङ्कारले नै भाषामा लालित्य झल्काउँछ । अलङ्कार काव्यको सौन्दर्य, अर्थको रमणीयता र उक्तिको वैचित्यका निम्ति सहायक र अनिवार्य अङ्ग हुन्छ तर अलङ्कारकै भरभार पनि उचित होइन । त्यसको सीमा भाव-सौन्दर्यको वृद्धिसम्म हुनुपर्छ ।

अलङ्कारका दुई भेद मध्ये कवि केशव सिलवालले यस कविता सङ्ग्रहमा अर्थालङ्कारको प्रयोग गरेका छन् । अर्थको चमत्कारद्वारा काव्यको सौन्दर्य बढाउने कलामा प्रस्तुत सङ्ग्रह निकै अगाडि देखिन्छ । विभिन्न बिम्बविधानको त्यो रूप कविता सङ्ग्रहमा प्रष्टै देख्न पाइन्छ, जसले कविताको भावलाई सशक्त पार्दै मानवचक्षुको सामुन्ने प्रस्तुत गरेको छ । कविका कल्पनाको चमत्कार पनि कल्पनाकै रूपमा यहाँ व्यक्त भएको छ ।

गद्यशैलीमा कविता सङ्ग्रह लेखिएकाले शब्दालङ्कार भने देखिदैन । अनुप्राप्त, यमक, श्लेष र वक्रोक्ति जस्ता शब्दालङ्कार यो कविता सङ्ग्रहमा कतै पनि देख्न सकिन्न । तसर्थ कविले अर्थालङ्कारलाई नै मुख्य रूपमा कवितामा प्रस्तुत गरेका छन् ।

### ४.५.१.९. उद्देश्य

प्रस्तुत कविता सङ्ग्रह निराशावादी भएतापनि उत्तम नेपाली जनताहरूलाई आ-आफ्नो ठाउँमाबाट दमन, अन्याय र अत्याचारलाई थिचोल्दै नयाँ नेपालको निर्माणमा लाग्न प्रेरित गर्नु नै प्रमुख उद्देश्य हो । समानता, स्वतन्त्रता र लोकतन्त्रको पक्षमा उभिन प्रेरित गर्नु हो । वर्षौदेखि देशले झेल्दै आएको अव्यवस्था, अराजकता, सरकारको अकर्मण्यता र भ्रष्ट नेतृत्वका अत्याचारलाई हटाउन जनताहरूलाई जागरुक गराउने दिशामा यो सङ्ग्रह अग्रसर देखिन्छ । लाखौं नेपाली जनताका पीडाहरूलाई कवितामा कलात्मक ढङ्ग र जनपक्षीय कोणबाट प्रस्तुत गरिएको छ । कवि जनताकै कविका रूपमा प्रतिस्थापित भएका छन् । आन्दोलनको कालखण्डलाई बोकेर क्रूरता र पाशविकतालाई सहदै जनताहरू बलिदानी सङ्घर्षमा होमिएका कथा र कवितामा समावृष्ट गरी जनतालाई क्रान्तिको आगोमा होमिन आग्रह गरेका छन् । गैंडाका खाग ओडेका तानाशाहहरूलाई आन्दोलन मार्फत जोडसँग घच्घच्याउन आग्रह गरेका छन् । कवितामा कविले भ्रष्ट मनुवाहरूको उछितो काढ्दै आवाजको वकालत गरेका छन् । देशमा प्रजातन्त्र, प्रजातन्त्रको पुनर्स्थापना र लोकतन्त्र आए पनि नेपाली जनताले यी परिवर्तनको अनुभव गर्न नपाएकोमा चिन्ता व्यक्त गरिएको छ ।

यसप्रकार कवि सिलवालको शासकहरूमा जनताप्रति उत्तरदायित्य, परिवर्तन र सुशासन कायम गर्न सल्लाह दिएका छन् भने जनताहरूमा पनि जिम्मेवारी, क्रान्ति, आन्दोलन र आमूल परिवर्तन गर्न आग्रह गरेका छन् । देशमा विध्यमान अन्याय, अत्याचार र भ्रष्टाचारलाई निर्मुल पार्न सम्बन्धित व्यक्तिहरूमा ध्यानाकर्षण गर्नु नै यस कविता सङ्ग्रहको मुख्य धेय हो ।

### ४.५.२. 'वर्जित अवशेष' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूको अध्ययन र विश्लेषण

यस कविता सङ्ग्रहमा सङ्गृहीत चालीसवटा कविताहरू मध्ये मुख्य मुख्य तथा फरक क्षेत्रसँग सम्बन्धित कविताहरूलाई विश्लेषण गरिएको छ । विश्लेषण गर्दा शीर्षक, कविताको पृष्ठभूमि र भावलाई महत्व दिइएको छ ।

### ४.५.२.१. 'गोली' कविताको अध्ययन र विश्लेषण

'गोली' कविता केशव सिलवालको 'वर्जित अवशेष' (वि.सं. २०६३) कविता सङ्गृहीत पहिलो कविता हो । यस कवितामा तानाशाहहरूले निहत्था जनताहरू माथि कसरी दमन गर्दछन् आफ्नो सत्ताका लागि ती सोझा जनताहरूको छातीमा कसरी गोली चलाउँदछन् भन्ने कुरा व्यक्त गरेका छन् । अन्याय, अत्याचार र निरङ्कुशता विरुद्ध जनताहरूले आन्दोलन गर्दै गोलीलाई फूलको रूपमा छातीमा थाप्न तयार हुन्छन् भन्ने भाव पनि यस कवितामा व्यक्त भएको छ । दमन गरेर क्रान्ति रोकिदैन बरु झन उग्ररूपमा जनताहरू आन्दोलनमा होमिन्छन् भन्ने भाव पनि यहाँ प्रस्तुत गरिएको छ ।

कविता क्रान्तिकारी भावनाले ओतप्रोत भएको छ भने विशेष गरेर जनआन्दोलन भाग २ (वि.सं. २०६२/६३) प्रति लक्षित छ । छातीमा गोली थाप्दै हाँसी हाँसी आफ्नो जीवनको उत्सर्ग गर्ने वीर तथा वीराङ्गनाहरू प्रति सम्मान गर्दै निरङ्कुश तानाशाही सरकारको विरोधमा सिलवालले आवाज उठाएका छन् । सत्ताको उन्मातले मात्तिएका क्रूर शासकहरू निहत्था जनताहरू छातीमा गोली थाप्दै बन्दुकका नालहरू भाँच्ने गरी क्रान्तिमा होमिएको देखेर कति विचलित भएका छन् भन्ने भाव यहाँ प्रस्तुत गरिएको छ । गोली लागेर ढलेका ती लासहरू आन्दोलनको गन्तव्यमा पुग्न आतुर भई उठ्दा रहेछन् । ती गोली होइन गुलाफका फूल हुन् जसलाई आफ्नो छातीमा सिउरेर लोकतन्त्रको वासना छरिरहेका छन् नेपाली वीर सपुतहरूले । कविले कविताबाटै व्यक्त गरेका श्लोकहरू साऱ्है हृदयस्पर्शी छन् । जसलाई यहाँ उस्तै साभार गरिएको छ ।

छाती नभएकाहरू
छाती भएकाहरूलाई गोली ताक्छन्
देश सेवाको तक्मा हो यो
कतिवटा गोलीको तक्मा लगाइदिने छातीमा लगाइदेऊ[२५]

देश र जनता प्रति माया भएका, खुल्ला हृदय भएका, प्रजातन्त्र माथि आस्था भएका र स्वदेशका लागि ज्यान दिन तत्पर भएका सपुतहरूलाई सङ्कुचित विचार भएका, आफ्नै मोज मस्तीमा रमाएका, प्रजातन्त्रका विरोधी र राष्ट्रघातीहरूले गोली ताक्छन् । देश सेवामा लागेका वीरहरूले यसलाई तक्माको रूपमा स्वीकार गर्दै छातीभरि लगाइदिन आग्रह गर्दछन्।

---

[२५] 'गोली' कविता 'वर्जित अवशेष' (२०६३) पृ. १

यसप्रकार कवि केशव सिलवालले नेपाली वीरहरूको प्रशंसा गर्दै तानाशाही प्रवृतिको विरोधमा समकालीन घटनाहरूलाई कवितामा पोखेका छन् ।

### ४.५.२.२. 'मोडलिङ' कविताको अध्ययन र विश्लेषण

'मोडलिङ' केशव सिलवालको दोस्रो कविताको रूपमा 'वर्जित अवशेष' (वि.सं. २०६३) कविता सङ्ग्रहमा सङ्कलित कविता हो । आजभोलि विश्वमै मोडलिङ पेशा वा देखावटीका रूपमा मौलाएको छ । नेपाल पनि यसबाट अलगिन सकेको छैन । सिलवालले मोडलिङका नाममा देखिएका विकृतिलाई अङ्गिकार गरेका छन् । मानिसहरूको खोक्याई, आडम्वर र कृत्रिमतामाथि व्यङ्ग्य प्रहार गर्दै सिलवालले विज्ञापन र मोडलिङको उपहाँस गरेका छन् । मानिसहरू सबै आडम्वरमा छन्, बाँच्ने प्रक्रियाको मोडलिङमा छन् ।

कवि सिलवालको भनाइ अनुसार मोडलिङले आजभोलि हरेक क्षेत्रलाई छोएको छ । विशेष गरेर सञ्चार माध्यममा छ्याप्छ्याप्ती मोडलिङ छ त्यो पनि अर्धनग्न शरीरलाई विभिन्न मुद्रामा देखाउँदै । प्रेमी र प्रेमिकाको बीचमा देखावटी मायालाई मोडलिङकै रूपमा उतारिएको छ । हुँदा हुँदा संविधानमा समेत मोडलिङको प्रभाव परेको कुरा सिलवाल बताउँछन् । विकासको नाममा देखिएका आधुनिक टेक्नोलोजीले मानिसलाई मानिस ढाँट्न र छक्याउन सजिलो बनाएको छ । राजनीतिक दलका नेताहरू पनि विभिन्न पोशाकमा सजिएर नयाँ नयाँ पाँचतारे होटलमा डिनर र लन्चको नाममा देशको ढुकुटी रित्याउँदै सहमतिको मोडलिङ गरिरहेका छन् । मोडलिङलाई सिलवालले निम्न श्लोक मार्फत व्यक्त गरेका छन् :

सहरमा बसेर बुज्रुगहरू
गरिरहेका छन् गाउँमा मोबाइल
र पठाइरहेका छन् इमेलबाट गाउँको खबर
विदेशी मित्रहरूलाई
न्याम्पमा क्याटवाक् गर्दै हिंडिरहेको छ संविधान
नयाँ-नयाँ परिधानमा सजिएर
जहाँ देखिन्छ त्यसको नाङ्गो, विकृत रूप[२६]

[२६] 'मोडलिङ' कविता 'वर्जित अवशेष' (२०६३) पृ. ३

कवितामा कविले समाजमा देखिएको मोडलिङ जसले आडम्वर र बोक्रेपनलाई मात्र प्रतिबिम्वित गरेको छ भन्ने भाव व्यक्त गरेका छन् । संविधान जस्तो संवेदनशील विषयलाई पनि देखावटी रूपमा नयाँ वाहिरी पोशाक मात्र परिवर्तन गरेर जनताका हक अधिकारलाई खासै संवोधन गर्न नसकेको कुरा व्यक्त गर्दछन् । संविधान बन्ने र बनाउने कुरामा पनि मोडलिङकै प्रयोग गरिएको छ ।

### ४.५.२.३. 'कोखको दाँत' कविताको अध्ययन र विश्लेषण

'कोखाको दाँत' कविता केशव सिलवालको इतिहास अध्ययनबाट सिर्जिएको देखिन्छ । इतिहासका निरङ्कुश शासकका कोखामा पलाएको दाँत जसले निमुखा जनताहरूलाई चपाइरह्यो त्यसलाई कवितामा उतारिएको छ । यो सिलवालको तेस्रो कविताका रूपमा 'वर्जित अवशेष' मा समावेश कृति हो, जुन कालजयी सिर्जना मानिन्छ ।

कोखाको दाँत जुन बाहिर देखिदैन तर ती दाँतहरूले जनताका सुकिला घमजस्ता सपनाहरूलाई कऱ्यामकऱ्याम चपाइरहेको हुन्छ । एक निरङ्कुश शासक जसले सिङ्गै राष्ट्र चलाउन थाल्छ जस्तो कि कोखाको दाँतले । कोखामा दाँत हुनु डरलाग्दो कुरा हो त्यसैले कवि भन्छन् - फुकाल्नुहोस् ती कोखाका दाँतहरू जसले थाहा नपाएझैं गरी धेरै खण्ड हिमाल, पानी, देशको नक्सा, पत्कर, बगर र सर्वश्व चपाइरह्यो चपाइरह्यो । सबैलाई थाहा नै छ, कुन महानायकले कोखामा दाँत च्यापेर कति विनाश गऱ्यो, झण्डै राष्ट्र नै निल्न खोज्यो । कविले कवितात्मक शैलीमा यसरी विरह पोखेका छन् ।

अझै भाँचिएको छैन त्यो दाँत
चपाइरहनु भएको छ सुकेका पात र झिक्राहरू
टोकिरहनु भएको छ बाँकी रहेका बगर र ढुङ्गाका टुक्राहरू

झन् झन् तीखो भएर बढिरहेको छ तपाईको कोखाको दाँत
र चपाउँदैछ तपाई स्वयम्लाई
जसरी चपाइरहनु भएको छ तपाई समयको प्रत्येक टुक्राहरू[२७]

[२७] 'कोखाको दाँत' कविता 'वर्जित अवशेष' (२०६३) पृ. ५

कविले कविताको माध्यमबाट ती तानाशाहहरूले अझै जनताहरूलाई चपाउँदै गरेका छन् । कोखाका दाँतहरू भाँचिएका छैनन् केवल कुँडिएका मात्र छन् । ती दाँतहरूले अझै केही नपाएर सुकेका पात र झिक्राहरू चपाइरहेका छन् । बगरमा रहेका ढुङ्गाका टुक्राहरू खोजीरहेका छन् । तर ती दाँतहरूले स्वयम् तपाईहरूलाई पनि चपाइरहेको छ भन्ने कुरा व्यक्त गरेका छन् । कुनै समयमा कोखाको दाँतले तपाईलाई नै टोक्न विवरश हुन्छ तसर्थ कोखामा दाँत भएकाहरूले सचेत भएर दाँतलाई हटाउनु पर्छ, फुकालेर फाल्नु पर्छ भन्ने कुरा सिलवालले व्यक्त गरेका छन् ।

**४.५.२.४. 'हातको टुक्रा' कविताको अध्ययन र विश्लेषण**

लाखौं नेपालीका पीडालाई कलात्मक ढङ्ग र जनपक्षीय कोणले प्रस्तुत गर्ने क्रममा केशव सिलवालले 'हातको टुक्रा' भन्ने अर्को क्रान्तिकारी कविता लेखे । यस कवितालाई चौथो कविताको रूपमा 'वर्जित अवशेष' कविता सङ्ग्रहमा समावेश गरिएको छ । देशले आन्दोलन ताका भयानक घडीहरू भोग्यो । अन्याय र अत्याचारले चरम सीमा नाघे पछी जनताहरू तानाशाहको विरुद्धमा लड्न थाले । यसै क्रममा मानिसहरू टुक्रिएका छन्, तिनीहरूको मन भाँचिएको छ, शरीर टुक्रिएको, हातहरू भाँचिएका ।

यसरी काटिएको हातको टुक्रा एउटा डरलाग्दो वर्तमानको छायाँ हो ती हातहरू काटेर फ्याँकिएको हुनसक्छ, एम्बुसमा परेर उछिट्टिएको पनि हुनसक्छ । यस्ता धेरै सपनाहरू छन् विच्छिन्न भएका, जीवनहरू छन् काटिएका, छुट्टिएका । कविले नेपाली जनताका हातहरू विविध कारणले छुट्टिएका हुनसक्ने अनुमान गरेका छन् ।

हातहरू दिनप्रतिदिन टुक्रिएका छन्, मानव बस्तीमा पल्केका ती हात चोरहरूले हात चोर्दै छुटाएर लगेका छन् । संविधान पनि हातविहीन बन्न पुगेको छ जसरी लोकतन्त्रको पनि हात छैन । क्रान्तिकारीको नाममा कसैले नयाँ हात किनेको छ र पुरानो हातलाई बिर्सेको छ । जुन पुरानो हातले तत्कालीन समयमा निकै काम गरेको थियो चाहे त्यो राम्रो होस् या नराम्रो । कविकै श्लोकमा कविताका केही हरफहरू यहाँ उल्लेख गरिएको छ ।

यो त्यही हात हुनसक्छ
जसले केही क्षण अघि मशाल बोकेको थियो
यो त्यही हात हुनसक्छ

जसले केही क्षण अघि ढुङ्गाका गिट्टीजस्तै

कुटिरहेको थियो आफ्नो जिन्दगी

यो त्यही हात हुनसक्छ

जसले जीवनको कालोपाटीमा सपनाहरू लेखिरहेको थियो

यो त्यही हात हुनसक्छ

जसले आफ्नो निर्दोषिता पेस गरिरहेको थियो[२८]

कवि केशव सिलवालका अनुसार टुक्रिएका हातहरू जो कसैको पनि हुनसक्छ । क्रान्ति गर्ने क्रान्तिकारी व्यक्तित्वको पनि हुन सक्छ, आफ्नो कठिन जीवन जिउने क्रममा छुट्टिएको पनि हुनसक्छ, नयाँ नयाँ सपना बोकेर स्कूल कलेज पढ्ने इमान्दार छात्र-छात्राको पनि हुन सक्छ वा कोही निमुखा निर्दोष नेपालीको पनि हुनसक्छ । जसको भए पनि त्यो हात नेपालीको हो, अन्याय र अत्याचार विरुद्धको हो र एउटा सुन्दर भविष्य बोकेको हो भन्ने भाव सिलवालले व्यक्त गरेका छन् ।

### ४.५.२.५. 'महानायक' कविताको अध्ययन र विश्लेषण

विभिन्न आडम्बर, भ्रम, झूट, त्रास र कृत्रिमतालाई बोकेर निरङ्कुशता सधैं मौलाइरह्यो । निरङ्कुशका अनेक छद्मभेषी रूपलाई केशवले आफ्ना कवितामा अनेक प्रतीकका रूपमा व्यक्त गरेका छन् । यस्तै आडम्बर र खोक्र्याइँको अर्को कथा हो 'महानायक' कविता । उनको पहिलो कविता सङ्ग्रहमा सङ्कलित प्रस्तुत कवितामा साँढे, कुकुर, भ्यागुतो, कालोटोपी, जुत्ता, नोकर आदिलाई महानायक प्रतीकका रूपमा चित्रण गरिएको छ । तानाशाहले राष्ट्र चपाइएको बेला मलाई माया गर्दै भने मेरो कुकुरलाई पनि गर भनेझैं महानायक सबै कुरा बन्दछन् जसलाई महानायकले प्रयोग गर्दछन् ।

पुलिसदेखि, सिआइडीदेखि, भिजिलान्तेदेखि र सबैदेखि डराउनु पर्दछ । महानायकहरू हृदयशून्य शासक अथवा शासकका पुत्ला हुन् । ती क्रूर, नीच र आडम्बरी हुन्छन् । साथै आफूलाई कसैले नपुज्दा दुःखित मात्र होइन रिसाउने गर्छन् र जाइलाग्न पनि बेर लाग्दैनन् । त्यस्ता सम्पूर्ण रहस्य र त्रासका स्रोतलाई कवि आफ्नै श्लोकमा यसरी व्यक्त गर्दछन् ।

---

[२८] 'हातको टुक्रा' कविता 'वर्जित अवेशष' (२०६३), पृ. ६

छुन मनाही छ महानायकलाई

दाग लाग्ने खतरा छ मैलो हातको

सुकिलो चमकदार महानायक पोशाकमा

त्यसैले, टाढैबाट सही

ज्ञात-अज्ञात महानायकहरू

स्वीकार्नुहोस् मेरो अभिवादन ![२९]

कवितामा कवि केशव सिलवालले ती महानायकहरू सधैं सम्मानका भोका हुन्छन् र आफूलाई टाढै राखेर सम्मान गरी दिऊन् भन्ने ठान्दछन् । गरिव, निमुखाहरूले आफ्ना चमिकिला पोशाक जसले भित्रको दागलाई छोपेको छ त्यसलाई मैलो नहुनेगरी चाकडी गरुन् भन्ने ठान्दछन् । महानायकले भ्रष्टाचार र आफ्ना कुकर्मको दागलाई सुकिलो पोशाकले छोपेर निहत्था जनतालाई डसिराखेको कुरा पनि कविले व्यक्त गरेका छन् । नेपाली जनताहरू लाचार भएर ज्ञात अज्ञात महानायकहरूलाई नायकको रूपमा स्वीकार्दै अभिवादन गर्न विवश भएको कुरा कविले व्यक्त गरेका छन् ।

### ४.५.२.६. 'भुसको आगो' कविताको अध्ययन र विश्लेषण

भुसको आगोभित्र अदम्य शक्ति हुन्छ, जुन विस्तारै सल्कन्छ । यो भित्रभित्र सल्किने भएकाले बाहिर देखिदैन र दन्किदैन तर हेप्ताहेप्तै एकदिन यसले डढेलोको रूप लिन्छ । यस्तै भावहरू पोख्तै कवि केशव सिलवालले लेखेका अर्को कविता हो 'भुसको आगो' । 'वर्जित अवशेष' कविता सङ्ग्रहमा नै सङ्गृहीत यो कविता पुसमाघको जस्तो ठण्डीको समय होस् या औंसीको चकमन्न रातमा होस् बाहिर आगो देखिदैन तर भित्रभित्रै सल्किरहेको हुन्छ भुसको आगो भन्ने मुख्य भाव व्यक्त गर्दै लेखिएको देखिन्छ । जसरी आगो निभ्यो भनेर आगो नचाहनेहरू रमाउँछन् त्यसरी नै क्रान्ति तुहियो भनेर तानाशाहहरू रमाउँछन् । तर भुसको आगो झै क्रान्ति पनि भित्र भित्रै सल्किन्छ र क्रूर तानाशाहहरूलाई खरानी पार्दछ । भुसको आगो त्यो आगो हो जसले विकृति, कुशासन र निरङ्कुश शासनलाई डडाएर खरानी पार्छ अनि सभ्य, सुशासन र लोकतन्त्रलाई उमार्दै नयाँ नेपाल बनाउँछ भन्ने भाव केशवले कविता मार्फत व्यक्त गरेका छन् ।

---

[२९] 'महानायक' कविता 'वर्जित अवशेष' (२०६३), पृ. ९

सरल भाषा शैलीमा रचना गरिएको यो कविता नेपाली जनताको हृदयमा बास बस्न सफल भएको छ ।

विश्वास हुँदैन भुसमा आगो छ
तर, बिस्तारबिस्तारै देखिन्छ भुसको आगो
बिस्तारै फैलिन्छ त्यो चारैतिर
र डढेलो सल्काउँछ सुकेका र पत्करहरू
अनि मात्र हुन्छ विश्वास
जब त्यसले मच्याउँछ भयङ्कर विध्वंस
पगाल्छ टाउकोमा जमेर थुप्रिएका हिउँ
डढाउँछ जरो गाडेको यहाँको कुशासन
डढाउँछ डढाउनु पर्ने सारा कुराहरू
र स्थापना गर्छ नयाँ संसार
जसरी डढेलोपछि पाखामा
फेरि पलाउँछन् घाँस र नयाँ विरुवाहरू ।[३०]

कविले कविताको माध्यमबाट जसरी डढेलोपछि पाखामा फेरि घाँस र नयाँ विरुवाहरू पलाउँछन् त्यसरी नै भुसको आगो जस्तै सल्किरहेको अदृष्य क्रान्तिले खराब र डढाउनु पर्ने सारा कुराहरूलाई डढाएर लोकतन्त्र स्थापना गराउँछ भन्ने कुरा व्यक्त गरेका छन् ।

### ४.५.२.७. 'भित्ता' कविताको अध्ययन र विश्लेषण

प्रजातन्त्रको आन्दोलनमा भित्ता वाधक भएर बस्यो । त्यही भित्तामा कैयौं युवा युवतीले रगत बगाए भने कैयौं कहिले नउठ्ने गरी ठोक्किएर मरे । यस्तै भावहरूलाई कवितामा पोख्दै केशव सिलवालले लेखेको सशक्त कविता 'भित्ता' हो । यस कविता उनले आशावादी भएर जनताको पालो अवश्य आउँछ भनेका छन् । त्यो भित्ता जसलाई नाघ्न जनताहरूले धेरै पल्ट कोसिश गरे, भित्तालाई छ्याछ्या पारे तर फोर्न सकेनन् । तर पनि

[३०] 'भुसको आगो' कविता 'वर्जित अवशेष' (२०६३), पृ. १०/११

अन्धकार र प्रकाशबीचको लडाइँको अन्त्य छैन । रातको यात्रामा नेपाली जनताहरू छन् क्रमशः उज्यालोतर्फ लागेका ।

'वर्जित अवशेष' कविता सङ्ग्रह (वि.सं. २०६३) मा समावेस गरिएको प्रस्तुत कवितामा भित्तालाई मानिसहरूले अनेक तरिकाबाट उपयोग गर्दै आएको कुरा कविले व्यक्त गरेका छन् । कोही भित्ता चड्ने क्रममा थचारिएका छन्, चराहरूका त्यही भित्तामा ठोकिएर पखेटा भाँचिएका छन् । शासकहरू नेपाली पोशाक दौरा सुरुवाल भित्तामा राखेर आराम गरिरहेका छन् । भित्तामा अनेक प्रकारका पोष्टर टाँगिएका छन् कोही आन्दोलनका त कोही अनेक विज्ञापनका जहाँ रक्सीको चुस्की लगाएकाहरू पिसाव फेरिरहेका देखिन्छन् । भित्ता विभिन्न वाधा भएर उभिएको छ जसले जनताको हक अधिकारलाई छेकेको छ, उज्यालो प्रकाशलाई छेकेर भित्र पस्नबाट रोकेको छ । जनताहरू भित्ता नाघ्न असमर्थ छन्, केवल मौन भएर टुलुटुलु हेरिरहेका छन् ।

यसरी जीर्ण रूपमा रहेको भित्तालाई फोर्न जनताहरू सक्षम हुन्छन् भन्ने भाव कविले व्यक्त गरेका छन् । यो कविता वि.सं. २०६३ भन्दा अगाडिको परिवेशमा आधारित भएर लेखिएको देखिन्छ ।

ठीक प्रजातन्त्र लेखिएको ठाउँ नजिक
जिसस क्राइष्टजस्तै जिउँदै टाँगिएको छ अर्को मानिस
मौन भएर हेरिरहेका छन् दर्शक
जो असमर्थ छन् भित्ता नाघ्न
प्वालैप्वाल बोकेर छातीभरि
मुस्कुराइरहेको छ प्रजातन्त्रको भित्ता
छेकेर प्रजातन्त्रलाई नै ।[३१]

कवि सिलवाल प्रजातन्त्र पनि जीर्ण शरीर बोकेर हाँसीरहेको छ, प्रजातन्त्रलाई नै छेकेर प्रजातन्त्रको भित्ता उभिएको छ, त्यो भित्ता जो वाधक भएर सबै छेकिरहेको छ त्यसलाई ढलाउनु पर्छ र एक दिन ढल्छ भन्ने कुरामा दृढ छन् ।

[३१] 'भित्ता' कविता 'वर्जित अवशेष' (२०६३), पृ. १५

### ४.५.२.८. 'उल्टो दौड' कविताको अध्ययन र विश्लेषण

वि.सं. २०६१ माघ १९ गते पछि राष्ट्र उल्टो दौडियो । नेपालको राजनीतिमा अनेक उतारचढाउहरू देखा परे । यस परिस्थितिलाई नजिकबाट नियाल्दै कवि केशव सिलवालले 'उल्टो दौड' कविता लेखेका हुन् । यो कविता उनको पहिलो कविता सङ्ग्रह 'वर्जित अवशेष' (२०६३) मा सङ्गृहीत छ ।

एउटा पूर्ण राष्ट्र सम्पूर्ण नागरिकलाई पछि लगाउँदै र दौडाउँदै उल्टो दिशातिर गएकोमा कवि सिलवाललाई चिन्ता छ । मानिसहरू जो उल्टो दौडमा सहभागी भएर उल्टो दिशातिर दौडिरहेका छन् यद्यपी गन्तव्य भने अगाडि छ भन्ने भ्रममा परेका छन् । सम्पूर्ण राष्ट्र अगाडि बढ्नुको सट्टा पछाडितिर धकेलीरहेको छ । नेपालमा हरेक कुरा उल्टो छ, विरुवाका जराहरू जमिन तर्फ नभइ आकाशतिर फर्किरहेका छन् । युवायुवतीहरूमा नयाँ जोशजाँगर हुनु पर्नेमा बुढ्यौलीको थकान देखिन्छ । कविको विचार कविताकै श्लोकमा यसरी व्यक्तिएको छ ।

विहान भिसमिसेमै
उल्टो अक्षरमा छापिएर निस्कन्छन् अखबारहरू
न्यायालय अगाडि
उल्टो तराजु समातेर
उभिएको छ न्यायको मूर्ति
देशका मुख्य-मुख्य स्थलहरूमा
उल्टो नै टाँगिएका छन्
महावाणीयुक्त होर्डिङ्ग बोर्डहरू
उल्टो प्रतिस्थापित छन् महान् सालिकहरू ।[३२]

कविका विचारमा अखबारहरू अग्रगमनका बारेमा जेजति लेखिनु पर्थ्यो त्यो नलेखी उल्टा कुराहरू लेखिएका छन् । न्यायालयले जुन मुल्य र मान्यताको आधार न्याय स्थापित गर्नु पर्थ्यो त्यसलाई छाडेर बल, पैसा र नातावादलाई अँगालेर अन्याय गर्न थालेका छन् । महावाणीयुक्त होर्डिङ्ग बोर्ड तथा महान् सालिकहरू समय सापेक्ष रूपमा उभिएका छैनन् । कवि सिलवाल राष्ट्रको यो उल्टो दौड प्रति डर, चिन्ता र आपति प्रकट गर्दछन् ।

---

[३२] 'उल्टो दौड' कविता 'वर्जित अवशेष' (२०६३), पृ. १७

### ४.५.२.९. 'पर्खाल' कविताको अध्ययन र विश्लेषण

जनताका कवि केशव सिलवालले राजनीतिक गतिविधिबाट असन्तुष्ट भएर राजनीतिक चेतनालाई विषयवस्तु बनाइ लेखिएको अर्को कविता हो 'पर्खाल' । साधारणतया पर्खाल भन्नाले बार (तगारो) भन्ने बुझिन्छ, जसले छेक्ने वा सिमाना छुट्याउने काम गर्दछ । तत्कालीन शासकवर्गहरूले गरीब तथा निमुखा जनताहरूमाथि दमन गरेर शासन गर्दथे । तानाशाह र जनताको बिचमा ठूलो पर्खाल थियो । त्यो पर्खाललाई नाघेर जनताहरू शासकवर्ग सम्म पुग्न सकेका थिएनन् । जनताहरूले त्यो पर्खाललाई ढाल्न धेरै प्रयत्न गरे तर सफल हुन सकेनन् ।

पर्खाल ढाल्ने क्रममा कति व्यक्ति सहिद बने भने कैयौं व्यक्ति अपाङ्ग हुन पुगे । न्यायको विजय हुन्छ भने झैं तानाशाहको अन्त्य त भयो तर तानाशाहको विरोध गर्नेहरू नै तानाशाह बन्न पुगे । पर्खाल ढल्यो भनेर उत्साहित हुने जनताहरूले फेरि अर्को पर्खाल उभिएको महसुस गरे । उल्लिखित भावलाई कविले कवितात्मक शैलीमा यसरी व्यक्त गरेका छन् ।

आखिर ढलाई छोडे उनीहरूले पर्खाल
पर्खाल ढलेकोमा मनाए महोत्सव
तर पूरा नहुँदै विजय महोत्सव
पर्खाल सुटुक्क बस्यो उनीहरूको मनभित्र
उनीहरू पुरिए पर्खालको जगमा
र बने इतिहास
वर्तमान र भविष्यलाई गिज्याएर
राजसी छाँटका साथ
मन्द-मन्द मुस्काइरहेछ पर्खाल ।[३३]

यसरी कवि केशव सिलवालले जनताहरूको ठूलो त्याग र वलिदानबाट निरङ्कुश तानाशाहको अन्त्य त भयो तर एउटा तानाशाहको अन्त्य सँगै फेरि अर्को तानाशाहहरू जन्मिए भन्ने भाव व्यक्त गरेका छन् । प्रजातन्त्रको पारिलो घामले जनताहरूलाई न्यानो प्रदान गर्न नपाउँदै त्यो घामलाई कालो बादलले छेकिदियो । पर्खाल ढल्यो भनेर विजय महोत्सव मनाउन नपाउँदै फेरि अर्को पर्खाल निर्माण भयो ।

---

[३३] 'पर्खाल' कविता 'वर्जित अवशेष' कविता सङ्ग्रह (२०६३), पृ. २०

कविले यो देशले भोगेको अस्थिरताको हत्याको, हिंसाको मूल कारण एउटा पर्खाल हो भन्ने कुराको सङ्केत गरेका छन् । पटक-पटक पर्खालहरू भत्किए वा जनताहरूद्वारा भत्काइयो तर फेरि नयाँ पर्खालहरू निर्माण भए । हाम्रो देशमा सधैं जनता र शासकका बिचमा पर्खाल रही नै रह्यो ।

### ४.५.२.१०. 'अतृप्त भैरव' कविताको अध्ययन र विश्लेषण

केशव सिलवालको पहिलो कविता सङ्ग्रह 'वर्जित अवशेष' (वि.सं. २०६३) मा पन्ध्रौं कविताको रूपमा सङ्गृहीत 'अतृप्त भैरव' अर्को क्रान्तिकारी कविता हो । जनताहरूको हक अधिकारलाई कुण्ठित गर्दै जनताहरूको आँसु पिएर बाँच्ने मानिसलाई भैरवको संज्ञा दिएर यो कविता लेखिएको छ । जसरी भैरव अतृप्त छ, जो जति खाए पनि, जे खाए पनि अघाउँदैन त्यसरी नै सहरका शोषकहरू पनि अतृप्त छन्, जनताहरूमाथि जति शोषण गरे पनि, जनताहरूले आफ्नो रगतै चढाए पनि अघाउँदैन । मानिसहरूले सताब्दीयौंदेखि त्यस्ता व्यक्तिलाई पूज्दै आए, नानाथरीका पूष्प, बलि, भेटी चढाए तापनि तृप्त बनाउन सकेनन् । 'औंला दिदा डुँडुलो निल्ने' भने झैं उल्टै भैरव रूपी ती राक्षसहरू जनतामाथि कामुक आँखा पल्टाउँदै शोषण गरी नै रहेका छन् ।

सहरको मुटुमा छ
भैरवको विशाल मूर्ति

कवि भैरव रूपी मानव काठमाडौं मै रहेको र त्यो अजङको मूर्तिले सबैलाई डस्दै आएको कुरा व्यक्त गर्दछन् । त्यस्तै अन्तिम श्लोक मार्फत त्यो कहिल्यै अघाएन र झन्-झन् भोको भएर खानलाई झन्-झन् उन्मत्त भइरह्यो भन्ने भाव व्यक्त गर्दछन् ।

जति नै पूजा गरे पनि
जे-जे बलि चढाए पनि
कहिल्यै अघाएन भैरव
झन्-झन् भोको भइरह्यो
झन्-झन् उन्मत्त भइरह्यो ।[३४]

[३४] 'अतृप्त भैरव' कविता 'वर्जित अवशेष' (२०६३), पृ. २६

डा.गोविन्दराज भट्टराई कविता सङ्ग्रह 'वर्जित अवशेष' को भूमिका तयार पार्ने क्रममा यसरी लेख्नुहुन्छ- त्यही भैरवले एकाथरी मानिसलाई नशामा लत बसाइदियो । स्वतन्त्रता भनेर त्यही ताने र कालो पदार्थलाई उन्मादमा लेखे कालो इतिहास । सबैतिर त्यही भैरवको सञ्जाल छ ।

### ४.५.२.११. 'आँखा' कविताको अध्ययन र विश्लेषण

केशव सिलवालको 'आँखा' शीर्षक कविता यस कविता सङ्ग्रहको ('वर्जित अवशेष' २०६३) मास्टर पिस मध्ये पर्दछ । बन्दुक छाती नभएकाहरूले छातीमा ताक्ने कुरा हो, तर यो मानवीय चेतना र उन्मुक्तिको प्यासलाई छेक्ने कुरा होइन, केवल मूर्खता र भ्रमको प्रदर्शन हो ।

कुनै समय यो देशमा रगतका धारा फुटेका थिए, कयौं सपुतले जीवन आहुती गरेका थिए, ती चम्किला आँखाहरूमा अस्रुग्याँस र रबरका गोली बर्सिएका थिए, तैपनि आँखाहरू लोलाएनन् । आँखामा आगोका राप र तापहरू दन्किरह्यो, ती निभ्ने वाला पनि थिएनन् र निभेनन् पनि । यहाँ असङ्ख्य आँखाहरू तैनाथ छन्, जाग्रत छन्, जाग्राम छन् । ती आँखाहरू झिमिक्क गर्दैनन्, डग्दैनन् तिनमा आगो सल्किएको छ तापनि ती शून्य र रित्ता छन् । शून्य र रित्ता भए पनि जाग्राम बसिरहेका छन् मुटुको धड्कनलाई आफ्ना हातहरूले थिचेर । कवि अझै थप्छन् -

सक्छौ,
आँखामा आँखा मिलाऊ
आँखा छल्न सक्दैनौ
असङ्ख्य आँखाको बार भत्काउन सक्दैनौ
होसियार,
असङ्ख्य आँखा तेर्सिएका छन्
ती आधुनिक बन्दुक भन्दा
कैयौं गुणा बलवान् छन् ।[३५]

---

[३५] 'आँखा' कविता 'वर्जित अवशेष' (२०६३), पृ. ३३

ती आँखाहरू जसले कैयौं अन्याय अत्याचार देखेका छन् । जनताकै अगाडि जनताहरू मरेका देखेका छन् । सक्छौ भने आँखामा आँखा मिलाऊ, अब तिमीहरूले ती असंख्य आँखाको बार भत्काउन सक्दैनौ । ती दिव्य दृष्टिमय तेजिला आँखाहरू अहिलेका आधुनिक बन्दुकका नालभन्दा पनि कैयौं गुणा बलवान भएको कुरा केशव सिलवाल व्यक्त गर्दछन् ।

**४.५.२.१२. 'सडक किनाराको सालिक' कविताको अध्ययन र विश्लेषण**

केशव सिलवालले सहर बजारका सडक किनारामा रहेका विभिन्न विचार र कालखण्डलाई प्रतिबिम्ति गर्ने सालिकहरूलाई समेटेर 'सडक किनाराको सालिक' नामक कविता लेखेका छन् । यस कविता 'वर्जित अवशेष' कविता सङ्ग्रह वि.सं. २०६३ मा बीसौं कविताको रूपमा सङ्गृहीत छ । नेपालमा प्रजातन्त्रका खातिर सहिद भएका व्यक्तिहरूका सालिकहरू, विभिन्न साहित्यकारका सालिकहरू, कलाकारका सालिकहरू, तत्कालीन राजा तथा प्रधानमन्त्रीहरूका सालिकहरू, खेलाडी एवं महानायक भनाउँदाका सालिकहरू प्रसस्त मात्रामा देखिन्छन् । ती सालिकहरूको आ-आफ्नै विशेषताहरूलाई कवितामा चित्रण गरिएको पाइन्छ ।

सडक किनाराको ज्यूँदो सालिक जो मौन, चुपचाप, हेर्न, बोल्न र सुन्न सक्दैन केवल ठिङ्ग उभिएर वा बसेर एउटै मुद्रामा रहिरहन्छ । सडकलाई आधुनिकताले छोएकोले अनेक किसिमका हाउभाउहरू सडकमा देख्न पाइन्छ । सालिकहरू प्राय उपेच्छित छन्, उनीहरूको आवश्यकता छैन, उनीहरू फ्याकिएका छन्, कालो इतिहासको उज्यालो साक्षीका रूपमा कालै रङ्गले पोतेर उभ्याइएको छ । न्याय दुर्लभ हुँदै गएको छ भने सालिकहरू उभिइएको इतिहास विपरीत ती सालिकहरू ज्युँदा मानिसहरूबाट डसिँदै छन् । प्रजातन्त्र ल्याउन सहिद भएका सहिदका सालिकहरू आफ्नै दल र जनताबाट तिरस्कृत भएका छन् । कतिपय काला इतिहास बोकेका सालिकहरू ढले वा ढालिए । कोही सालिकहरू स्वतन्त्रताको खोजीमा खहरे खोलाकाजस्ता पीडाहरू बोकेर बाँचीरहेका छन् ।

कवि केशव सिलवालले यस कवितालाई ६ वटा श्लोकहरूमा आवद्ध गरेका छन् । यी श्लोकहरू गद्यात्मक शैली भए तापनि पद्य शैली सरह नै रसानुभूति गराउने अत्यन्त विषय गर्भित कविता हो ।

हरेक कालो इतिहासको उज्यालो साक्षी
कालै रङ्ग पोतेर उभ्याइएको छ मलाई
टाँसिएका हातहरू हल्लाएर
बोलाउन खोजिरहेको छु दुर्लभ न्यायलाई
जसलाई निजी सम्पत्तिजस्तै ब्रिफ्केसमा बोकेर
नजिकै सडकबाट हत्तारिँदै
गुडिरहेका छन् न्यायका स्वघोषित मूर्तिहरू ।[३६]

कवि सिलवालले सालिक स्वयम्लाई म पात्रको रूपमा चित्रण गरेका छन् । कविता पढ्दा सालिक आफैले बोलेका वा अनुभव गरेका अभिव्यक्ति जस्ता लाग्दछन् ।

### ४.५.२.१३. 'एउटा महोत्सव' कविताको अध्ययन र विश्लेषण

कवि केशव सिलवालले जनआन्दोलन भाग २ (वि.सं. २०६२/६३) चरमोत्कर्षमा पुगेको समयमा यो कविता लेखेका हुन् । जति बेला सिङ्गो राष्ट्रले नै जनआन्दोलनको एउटा महोत्सव मनाइरहेको थियो । यसै आन्दोलनमा देखिएका विविध गतिविधिहरूलाई सङ्गाल्दै उनले 'एउटा महोत्सव' भन्ने कविताको जन्म दिए । यस कवितालाई सिलवालले 'वर्जित अवशेष' (२०६३) को मध्ये भागतिर स्थान दिएका छन् ।

कवितामा कविले आन्दोलनकारी क्रान्तिकारी जनतालाई जन्ती र मलामी दुवै रूपमा लिएका छन् । लोकतन्त्र ल्याउनका लागि नेपाली जनताहरू जन्तीका रूपमा प्रस्तुत भएका छन् भने तानाशाही र निरङ्कुशताको अन्त्य गरी त्यसलाई जलाउन मलामीका रूपमा प्रस्तुत भएका छन् । रात न दिन नभनी जनताहरू लोकतन्त्र लेराउन जन्तीका भेषमा हिँडिरहेका छन् । जन्ती नाङ्गैभुतुङ्गै, हात-खुट्टा गुमाउँदै, रगत चुहाउँदै र हर्ष उल्लासका साथ अगाडि बढ्दै छन् । जन्तीमा टुहुरा, चिचिण्डा, विधुवा, बूढा, तन्नेरी र वयस्क सबै समावेस भएका छन् । युगनायकहरू यही जन्तीका कतिपय सदस्यहरूलाई लासहरूको भतेर पकाइरहेका छन् ।

[३६] 'सडक किनाराको सालिक' कविता 'वर्जित अवशेष' (२०६३), पृ. ३५

अर्कोतिर यही जन्तीहरूले मलामीको भूमिका पनि निभाएका देखिन्छन् । मृत्युशैयाँमा रहेको तानाशाहलाई जलाउन उनीहरू आर्यघाटतर्फ लम्किरहेका छन् । एकै व्यक्तिहरू जन्ती हुन् की मलामी छुट्याउनै कठिन भइरहेको छ । त्यसैले यो एक जन्ती र मलामीको महोत्सव हो, जसलाई आम नेपाली जनताहरूले खुल्ला हृदयका साथ मनाइरहेका छन् । मनाउनु पर्ने उनीहरूको रहर र बाध्यता दुवै हो ।

जन्तीमा मिसिएका छन् चिचिण्डा-टुहुराहरू
नाङ्गो सिउँदो भएका विधुवाहरू
बैंस भत्किएका बूढा - तन्नेरीहरू
उमेर पाकिसकेका बूढाबूढीहरू
जन्ती भएको छ सिङ्गो देश
को हो दुलहा ?
को हो दुलही ?
रोइरहेको छ सनई एकोहोरो तालमा
र लगातार अघि बढिरहेको छ जन्ती ।[३७]

### ४.५.२.१४. 'डाँडापारि' कविताको अध्ययन र विश्लेषण

तत्कालीन नेपालमा रहेको द्वन्द्व र त्यस द्वन्द्वमा राज्य पक्ष र तत्कालीन नेकपा (माओवादी) को चेपुवामा परेका ग्रामीण नेपाली जनताका भय र त्रासलाई समेटेर लेखिएको कविता 'डाँडापारि' हो । केशव सिलवालले 'डाँडापारि' कवितालाई साँच्चै डाँडापारिको भयग्रस्त चित्रको रूपमा चित्रण गरेका छन् । भित्री पहाडी गाउँ सबै जलेका छन्, मानिसहरूमा भय र त्रास छ, तर डाँडापारिका (राजधानी लगायत अन्य सुगम सहर) मानिसहरू ती घटनाबाट अनभिज्ञ छन् । सरकारी सम्यन्त्रबाट सेन्सर गरेर पठाइएका समाचारहरूलाई विश्वास गर्न जनताहरू बाध्य छन् ।

यस्तो लाग्छ अब त्यो अघोरी डाँडापारि कुनै सुन्दर बस्ती बाँकी रहेको छैन । ती डाँडापारिबाट आएका केही टुक्रा-टाक्री तोडिएका मोडिएका आवाजहरू मात्र सुनिन्छ । त्यहाँको वास्तविकता त्यहीको वासिन्दा बाहेक कसैलाई थाहा नै हुँदैन । त्यहाँबाट बगेका

[३७] 'एउटा महोत्सव' कविता 'वर्जित अवशेष' (२०६३), पृ. ३७

रगतका नदी र आगोका लप्का मात्र देख्न सकिन्छ । त्यहाँ पुग्न र त्यहाँ सही घटना थाहा पाउन जति प्रयत्न गरेपनि त्यो तगारोको रूपमा रहेको बीभत्स पहाडले छेकीदिन्छ ।

वास्तवमा रुकुम, रोल्पा, दैलेख, गोरखा, हुम्ला, जुम्ला, प्युठान लगायत अधिकांश पहाडी जिल्लाहरूमा यस्तै खालको भय थियो । जनताहरू आर्मी, पुलिस र माओवादी लडाकुहरूबाट त्रसित थिए । 'साँढेको जुधाइ वाच्छाको मिचाइ' भने झैं द्वन्द्वको मारमा परेका थिए । यसै घटना क्रमलाई कवि सिलवालले आफ्नो 'डाँडापारि' कवितामा उल्लेख गरेका छन् । कविताको भाव कवि कै श्लोकमा यसरी व्यक्त गरिएको छ ।

सुनिन्छ त्यहाँबाट हुरिदै आएका
टुक्रा-टुक्रा भाँचिएका आवाजहरू
देखिन्छ डाँडाभन्दा अग्ला-अग्ला
आकाश छुने आगोका लप्का
त्यहाँबाट बग्दै आउँछन् रगतका ठूला-ठूला नदीहरू
के डाँडापारि कुनै सुन्दर बस्ती बाँकी छ अब
जुन छाइरहन्छ हरदम
प्रेमीहरूको आँखामा सपना बनेर ।[३८]

यसप्रकार कवि सिलवालले मोफसल बाहिरको द्वन्द्वकालीन दर्दनाक अवस्थालाई 'डाँडापारि' कवितामा प्रस्तुत गरेका छन् ।

### ४.५.२.१५. 'अपहरण' कविताको अध्ययन र विश्लेषण

'अपहरण' कविता कवि केशव सिलवालको अर्को एउटा क्रान्तिकारी कविता हो । यस कविताले पनि नेपाली वीर सपुतहरूमाथि महानायकहरूले आन्दोलनका दौडानमा गरेका दमन, हत्या र ज्यादतीलाई उठान गरेका छन् । निरङ्कुशताको विरोधमा किसान, विद्यार्थी, कलाकार, लेखक तथा अन्य पेशाकर्मी आन्दोलनमा लागेका थिए, तर तानाशाहका नोकरहरू मार्फत ती व्यक्तिहरूमा लाठी, बुट र बन्दुकका नालहरूले दमन गर्ने कार्यहरू भए । विभिन्न व्यक्तिहरू अपहरणमा परे र उनीहरूमाथि अनुसन्धान सुरु भयो । लेखकले

[३८] 'डाँडापारि' कविता 'वर्जित अवशेष' (२०६३), पृ. ३९

सत्य तथ्य कुरा लेख्छु भन्दा हात भाँचिदिए, कलाकारहरूले गीत मार्फत जनजागरण ल्याउँछौ भन्दा गला रेटिदिए, किसानहरूले नदी हौं हामी अविरलरूपमा आन्दोलनमा बगिरहन्छौं भन्दा मुहान सुकाइदिए, आमाहरूले हामी आमा हौं, वीर सपुतहरू जन्माइरहन्छौं भन्दा उनीहरूको कोख बाँझो तुल्याइदिए । यसप्रकार परिवर्तनकामी नेपालीहरूको हात भाँच्ने, गला रेट्ने, कलम भाँच्ने जस्ता कामहरू महानायकबाट गराइयो ।

यसैगरि कतिपय व्यक्तिले तानाशाहलाई स्वीकार गरे, शिर निउराए र दासत्वलाई अँगाले महानायकहरू मुसुक्क मुस्काउँदै आफ्ना खुट्टामा लगाउने बुट पालिस दिए र खुबसँग चम्काउन लगाए । विरोध गर्नेहरू मारिए, जेल जीवन बिताउन बाध्य भए वा मातृभूमि छाड्न विवश भए भने समर्थन गर्नेहरू तानाशाहकै छत्र छायाँमा रमाउन थाले ।

अर्की एउटीले भनिन्, म धर्ती हुँ
जहाँ तिमी उभिएका छौ
सुन्दै सुनेनन् उनीहरूले
र उनलाई बाँझो तुल्याइदिए
अर्की एउटीले भनिन्, म कोइली हुँ
मधुर गीत गाउन सक्छु
उनीहरूले तत्काल उनको गला रेटिदिए ।[३९]

निष्कर्षमा भन्नुपर्दा निरङ्कुश शासन व्यवस्था ताका नेपालमा धेरै नेपालीहरू अपहरण गरिन्थे, छानविन हुन्थ्यो अनि जसले दासत्वलाई स्वीकार गर्थे तिनीहरू मुक्त हुन्थे भने जसले दासत्वलाई स्वीकार गर्दैनथे तिनीहरू यस्तै पीडा भोग्न बाध्य हुन्थे भन्ने भाव कविले यस कवितामा व्यक्त गरेका छन् ।

### ४.५.२.१६. 'परिचयविरुद्ध' कविताको अध्ययन र विश्लेषण

'परिचयविरुद्ध' कविता केशव सिलवालको एउटा शक्तिशाली कृति हो । देशको स्थिति भयावह भएपछि, अन्याय र अत्याचारले सीमा नाघेपछि, निरङ्कुशहरू गैंडाको छाला भिरेर डाइनोसर भएपछि कवि क्रान्तिको लागि सबै जनताहरूलाई आह्वान गर्दछन् । क्रान्ति

[३९] 'अपहरण' कविता 'वर्जित अवशेष' (२०६३), पृ. ४६/४७

नगरी भएन किनभने 'स्वतन्त्रता' नामको पर्खालमा कोही फोहोर गर्दैछन्, प्रजातन्त्र छातीभरि प्वालैप्वालको पीडा बोकेर मुस्कुराइरहेको छ । प्रजातन्त्रको पर्खालले प्रजातन्त्रलाई नै छेकेर बसेको छ, त्यसैले पर्खाल भत्काउन सबै नेपाली जागरुक हुनुपर्छ भन्ने कुरा केशव सिलवाल व्यक्त गर्दछन् ।

कविका विचारमा कसैले हाम्रो परिचय दिने होइन, आफ्नो परिचय आफैले दिनुपर्छ । यो खोला, नदी, हावा, ढुङ्गा, माटो, वन आदिलाई हामीले चिन्न सक्नुपर्छ । यस धर्तीमा सुवासिलो फूल फूलाउनु पर्छ । फूल कुल्चिने मानिस चिनेर तह लगाउनु पर्छ । आफ्नो मातृभूमिलाई नयाँ पहिचानका साथ सुनौलो विहानीमा हिँडाउनु पर्छ ।

खुट्टा बाँधिएका मानिस

आऊ बेस्सरी बल गर

र खुट्टामा बाँधिएका

नेलहरू चुँडाल ।[४०]

कवि भोका मानिसहरूलाई भोक नै मर्ने गरी क्रान्तिमा सरिक भइ बेस्सरी खाएर अघाइ सुतेकाहरूको निद्रा भङ्ग गर्न आह्वान गर्दछन् । हात छिनाइएका मानिसलाई हात भएका मानिससँग हातेमालो गर्दै क्रान्ति गर्न उक्साउछन् । खुट्टा बाँधिएका मानिसलाई बेस्सरी बल गरेर खुट्टामा बाँधिएका नेलहरू चुँडाली क्रान्तिमा होमिन आग्रह गर्दछन् ।

विशेष गरेर लोकतन्त्रका खातिर नयाँ परिचयका साथ क्रान्तिको मैदानमा खडा हुन समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई कवि केशव सिलवाल आह्वान गर्दछन् । नागरिक कर्तव्यलाई मनन गर्दै एउटा सच्चा नेपाली नागरिक भएर बाँच्न अनुरोध गर्दछन् ।

### ४.५.२.१७. 'रगतको रङ' कविताको अध्ययन र विश्लेषण

'रगतको रङ' कविता केशव सिलवालको 'वर्जित अवशेष' (२०६३) कविता सङ्ग्रहको अठतीसौं कविता हो । यो कवितामा लेखकले रगतको रङ रातो हुन्छ भन्ने मतलाई चुनौती दिँदै मानिसका नसामा बग्ने रगतको रङ फरक-फरक हुन्छ भन्ने धारणा

[४०] 'परिचयविरुद्ध' कविता 'वर्जित अवशेष', (२०६३), पृ. ४३

व्यक्त गरेका छन् । रगतको रङ फरक भएकै कारण मानिसहरूको स्वभाव पनि फरक भएको हो भन्ने मान्यता कविको छ ।

६ वटा श्लोकमा विभक्त यो कविताका कुनै श्लोक ४ हरफका छन् भने सबै भन्दा बढी ८ हरफको श्लोक पनि छ । कविता छन्दोबद्ध नभए तापनि छन्दोबद्ध कविता भन्दा कम रसिलो र सार्थक नभएको होइन । उल्लेखित कविताको अध्ययन गर्दा विषयवस्तु र शीर्षक सार्थक नै रहेको मान्नु पर्छ । कविले रगतको रङ फरक देखाउने क्रममा कविताको पाँचौ श्लोकमा यसरी व्यक्त गरेका छन् ।

हो, फरक हुन्छ

धनी मानिसको रगतको रङ

जसमा पाइन्छ धेरै मात्रामा विदेशी रक्सीको

र फरक हुन्छ भोका मजदुर

गरिबहरूको रगतको रङ

जसमा रगतभन्दा भोकको अंश बढी हुन्छ

फरक हुन्छ

सत्ताधारी, राजा, महाराजा र तानाशाहको रगतको रङ ।[४१]

कविले धनी र गरिबका रगतका रङहरू फरक-फरक देखेका छन् । मजदुर र मालिकका रगतका रङ फरक देखेका छन्, मजदुरको रगतमा भोकको अंश बढी हुन्छ । राजा, महाराजा, तानाशाह र सत्ताधारी व्यक्तिको रगतको रङ फरक हुन्छ, त्यसमा सत्ताको उन्मात र घमण्डीपन मिसिएको हुन्छ । शान्तिपूर्ण आन्दोलनका क्रममा क्रान्तिकारीका घाँटी रेटिएका रगतका रङ र रेट्न लगाउनेको रङ फरक हुन्छ । त्यसतै न्यायप्रेमी जनता र अन्यायी व्यक्तिका रङ फरक हुन्छ । देख्नलाई एउटै देखिएतापनि प्रसवपीडामा बगेको आलो सुत्केरी आमाको रगतको रङ र उकालो चढ्दा लडेपछि बगेको रगतको रङ फरक हुन्छ । यसैगरि क्रान्ति वीर र शोषक सामन्तीको रगत पनि फरक हुने कुरा कवि व्यक्त गर्दछन् ।

---

[४१] 'रगतको रङ' कविता 'वर्जित अवशेष', (२०६३), पृ. ६७

### ४.५.२.१८. 'भोको मानिस' कविताको अध्ययन र विश्लेषण

केशव सिलवालका अनेकौं उत्कृष्ट कविताहरू मध्ये 'भोको मानिस' हृदयस्पर्शी कविता हो, जुन कालजयी सिर्जना मानिन्छ । यस कविताले के देखाउँछ भने मानिसभित्र जाग्ने भोक नै सबैभन्दा खतरानाक हुन्छ । त्यो भोक केवल शारीरिक होइन, त्यो भोक त उन्मुक्तिको हो, परिवर्तनको हो, स्वतन्त्रताको हो र अन्याय अत्याचारको विरुद्ध हो । भोकाउनु मानिसको नैसर्गिक अधिकार हो भने बाध्यता पनि हो ।

भोका मानिसको शरणमा बलवान समय र तानाशाह पनि नुहेर झुक्छ । आजसम्म नेपालमा जति पनि क्रान्ति, आन्दोलन र विद्रोह भए ती सबै उन्मुक्ति र अधिकारका भोक थिए । प्रजातन्त्र, प्रजातन्त्रको पुनःस्थापना र लोकतन्त्र प्राप्तिका लागि उठेका लहरहरू पनि मानिसभित्र जागेका आदिम भोक थिए । भोका मानिसहरू भूकम्प, चट्याङ, ज्वालामूखि र हावा-हुरीजस्तै विस्फोटक हुन्छन् भने कहिल्यै नझुक्ने र कहीँ नचुक्ने पहाड झैं अडिक-अटल हुन्छन् ।

> सबभन्दा खतरानाक हुन्छ भोको मानिस
> नजिस्काउनु

केशव सिलवाल भन्छन् - त्यसैले मानिसभित्रको नैसर्गिक भोकको चेतनालाई चलाउनु हुँदैन । भोकका गर्जनहरू खतरानाक हुन्छन् त्यसलाई हेप्ने र जिस्काउने कार्य गर्नु हुँदैन । अझै उनी आफ्ना कविताका श्लोक मार्फत यसरी थप्दै जान्छन् :

> कुनै त्यस्तो जाडो छैन
> जसले उसको शरीरलाई कम्पन देओस्
> कुनै त्यस्तो वस्तु वा हतियार छैन
> जसले उसको आँटलाई ध्वस्त गरोस् ।[४२]

भोकले छट्पटाएका मानिसहरूलाई कसैले रोक्न सक्दैनन् भने केहीले छेक्न सक्दैन । चन्द्र-सूर्य, पहाड र नदीहरूभन्दा तेजिलो र बलवान हुन्छन् भोका मानिसहरू । भोका मानिसहरू खाना पस्किएका थाल र स्वतन्त्रतालाई एक साथ हेरिरहेका हुन्छन् र एकै सासमा पहाडलाई चपाउन चाहन्छन् भने एकै घुट्कोमा नदीलाई पिउन चाहन्छन् ।

---

[४२] 'भोको मानिस' कविता 'वर्जित अवशेष', (२०६३), पृ. ६८

त्यसैले केशव सिलवाल भोका मानिसका भोक मेटाउन र भोक नजगाउन भण्डारेहरूलाई आग्रह गर्दछन् । यदि भोक जाग्दै गयो र भण्डारेहरूले मेटाउन सकेनन् भने उनीहरूले भण्डारेहरूलाई नै भोक मेटाउने माध्यम बनाउन सक्छन् वा भण्डारेहरूलाई नै खाइदिन सक्छन् । 'वर्जित अवशेष' कविता सङ्ग्रहमा सङ्गृहीत कविता मध्ये यो कविता सबैभन्दा बढी १० वटा श्लोकमा विभक्त भएको छ ।

### ४.५.२.१९. 'गैंडा' कविताको अध्ययन र विश्लेषण

'गैंडा' कवितालाई केशव सिलवालले आफ्नो पहिलो कविता सङ्ग्रह 'वर्जित अवशेष' (वि.सं. २०६३) को अन्तिम (चालीसौं) स्थानमा सुरक्षित गरेका छन् । गैंडाको अर्थ बेस्सरी खाएर मोटाएको, जति घोचे पनि वा जिउमा चलाए पनि काउकुती नलाग्ने र जति चिच्याए पनि कुनै प्रतिक्रिया नजनाउने भन्ने अर्थ लाग्छ । उनले यस कवितामा सत्ताधारीहरूलाई गैंडाको संज्ञा दिएर व्यङ्ग्य गरेका छन् । परिवर्तन र आफ्ना हक अधिकारका लागि जनताहरूले जति नै क्रान्ति गरे तापनि सत्तासीनहरू गैंडा भएर कानमा तेल हाली बसेका छन् । सत्ता परिवर्तन गरेर जनताहरूले उल्लास व्यक्त गर्न नपाउँदै फेरि अर्को गैंडा जनता सामु उभिएको हुन्छ । गैंडा साकाहारीबाट वस्त्र फुकालेर मांसाहारी बनेर रगतको पोखरीमा आँखा मात्र देखाएर डुबिरहेका छन् ।

कविका विचार आजभोलि गैंडा बजार-बजारमा प्रचलित हुन पुगेको छ । गैंडाका नाममा चुरोट, सिमेन्ट र रक्सी जस्ता सामग्री उत्पादन गरिरहेका छन् उद्योग व्यवसायीहरूले । खाएर मोटाएको गैंडालाई जनताहरूले झन पोषण गरेर छाला बाक्लो बनाइदिएका छन् ।

आफ्नो टाउको काटेर
घरको रछानमा फ्याँकेर
मानिस गैंडाको टाउको जोडेर घुमिरहेका छन्
संसारमा लोप हुँदै गए पनि
एक सिँगे गैंडाको संख्या
बढिरहेको छ गैंडाकोटमा ।[४३]

[४३] 'गैंडा' कविता 'वर्जित अवशेष', (२०६३), पृ. ७१

यस प्रकार कवि केशव सिलवालले यस कविता मार्फत नेपाली समाजमा रहेका ठूला भुँडी भएका, जुकाजस्तै मोटाएका र टन्न खाएर उग्राएका गैंडाहरू प्रति व्यङ्ग्य गरेका छन् । देशमा ठूलै भूकम्प जाँदा पनि ती गैंडाहरू कुम्भकर्ण झैं निदाइरहेका छन् र निदाइरहने छन् पनि । देशमा गैंडाहरूको संख्या दिन प्रतिदिन बढ्दै गइरहेको छ । साथै गैंडा आतङ्कले समाज र राष्ट्रलाई नराम्रोसँग गालेको तर्फ पनि केशव सिलवाल जनतालाई सचेत गराउँदछन् । साथै त्यस्ता गैंडाहरूलाई बेस्सरी घोचेर होस् या हल्लाएर होस् या त बाक्लो छालालाई तिखो भालाले रोपेरै भए पनि झक्झकाउन र सचेत गराउँदै नयाँ परिवर्तन ल्याउन उनी आग्रह गर्दछन् ।

यी माथि विश्लेषण गरिएका कविताहरू बाहेक सञ्जाल, हावा, कालो डाबर, बूढो अनुहार, गाँजा-खेती, बिउँझिनु अघि, नयाँ संग्रहालय, बाँकी कुरा, गुप्तबासपछि, प्रत्येक दरबार, आदत, चिहानडाँडो, टेबलको एक खुट्टा, सत्ताधारी कवि, राज्य, नाङ्गो पसल, पहेंला मानिसको जत्था, यार्चागुम्बा, खोटो सिक्का, रथयात्रा र पहिचान कविता पनि 'वर्जित अवशेष' कविता सङ्ग्रहमा सङ्गृहीत छन् । यी सुन्दर कविताहरूले विचार र विषयवस्तुप्रतिको हार्दिकता झल्काउँछन् । जुन समयको शक्तिशाली मानवीय दस्तावेज पनि हुन् ।

अन्तमा कवि केशव सिलवालको पहिलो कविता सङ्ग्रह 'वर्जित अवशेष' त्यति धेरै चर्चामा न आएको भए तापनि जति साहित्यको मूल्य बुझ्ने व्यक्ति छन् उनीहरूका लागि पथप्रदर्शक नै मानिन्छ । कविता छन्दोबद्ध, अन्त्यानुप्रास नभए तापनि छन्दवादी र अनुप्रासवादीका लागि एउटा प्रहार नै भएको छ । आधुनिक युगको क्रान्तिकारी विचारलाई आधुनिक ढंगमा रचना गरिएको यो कविता सङ्ग्रहले पाठकको मन र मस्तिष्क जित्न भने अवश्य सफल रहेको पाइन्छ । सरल भाषाशैली, शुद्धता र पूर्वाग्रहबाट टाढै रहेको साहित्यिक रचना ओजस्वी र मार्मिक रहेको पाइन्छ । साहित्यिक रचनाको ढुकुटी भर्नमा यो कविता सङ्ग्रहले ठूलो योगदान पुऱ्याएको छ । साहित्यिक क्षेत्रमा एक संख्या भए पनि बृद्धि भएको छ । रचना सानो या ठूलो आकारको भनेर मूल्य मापन गर्न त्यति युक्तिसंगत हुँदैन भन्ने कुराको यथार्थ यो कविता सङ्ग्रहले महसुस गराउँदछ ।

यो सङ्ग्रहको भुमिकामा डा. गोविन्दराज भट्टराईले भनेका छन् "यो हिंसाहत्या, रोदन र क्रन्दनको आलाप, यो भौतिक र मानसिक क्षति, अराजकता र अक्षमता रहेको छ ।

अलिक निराशामुखी छ समग्रचित्र ।" प्रत्येक नेपालीको ढुकढुकीलाई समेटेर एउटै बुलन्द आवाजको हुँकार गर्ने शक्ति यो कविता सङ्ग्रहले प्रदान गरेको छ । कविताहरू भावनात्मक, काल्पनिक, मार्मिक, हृदयविदारक, प्रगतिशील जस्ता सम्पूर्णतालाई समेट्ने प्रकृतिका छन् ।

## ४.५.२.२०. निष्कर्ष

यी कविताहरूको अध्ययनबाट के थाहा पाइन्छ भने मानिसहरू नै विकास वा परिवर्तनका संवाहक हुन्, उनीहरूको मस्तिष्कमा चेतनाको दियो बालिदिने र सत्कर्ममा अग्रसर हुन तत्पर गराउने अनेकन साहित्यिक विधामा माध्यमहरू छन् । ती मध्ये कविता विधा पनि एक साहित्यिक माध्यम हो । यही कवितात्मक माध्यमबाट कवि केशव सिलवालले मानवको मानवीयता प्रकट गरेका छन् । यी कविताहरूले साहित्यको क्षेत्रमा पनि कविता विधामा लाग्नेका लागि प्रेरणा प्रदान गरेका छन् ।

मार्क्सवादी चिन्तक केशव सिलवालका कविताहरू क्रान्तिकारी जगमा उभिएका छन् । कुनै कुनै कविताहरू सामान्य पाठकहरूले सहजै नबुझ्ने क्लिष्ट प्रकृतिको पनि पाइन्छ । कुनै कविताको अर्थ पूर्णता हुन नपाउँदै समाप्त भएका पनि छन् । गद्यात्मक प्रवाह भएको कविताको प्रधानता अधिक छ । कविताहरू अलिक निराशामुखी छ भने सरकारको अकर्मण्यताका, भ्रष्ट नेतृत्वका र अत्याचारका ठाउँमा परोक्ष रूपले व्यङ्ग्यशैली रोजेका छन् । कविताहरूमा नौला बिम्बहरू प्रयोग गर्दै कविले कवितालाई उचाईमा पुऱ्याएका छन् ।

साहित्य समाजको दर्पण हो । कविता साहित्यको एउटा महत्वपूर्ण विधा हो । यसर्थ कविताबाट पनि मानिसको सोचमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ । सकारात्मक परिवर्तनबाट नै सम्पूर्ण सामाजिक, व्यक्तिगत, राष्ट्रिय र अन्तराष्ट्रिय कार्य सफल हुन्छ भन्ने सन्देशमूलक कविता लेख्ने कवि पूज्य बन्दछ । यथार्थको धरातलमा उभिएर अरुको दुःखमा साथ दिनु साहित्यकारको अनिवार्यता हुन्छ । अन्याय र अत्याचारका विरुद्धमा आफ्नो कलम उठाउने साहित्य कर्मीहरूको दयित्व हो । यसर्थ यी सबै कुरामा ध्यान दिँदै यस कविता सङ्ग्रहमा कविताहरू समेटिएका छन् ।

राज्यले भोका मानिसको पेटको आवश्यकता पूरा गर्न नसक्दाको मर्माहतका बारेमा 'भोको मानिस' ले प्रस्ट्याएको छ । आफ्ना जनताका भोको पेट त्यसबाट निस्केको बुलन्द आवाज र भोको रुवाईलाई सरकारले सम्बोधन गर्न सकेको छैन । हृदयमा परेको बज्रपात भोका मानिसलाई खपिनसक्नु भएको छ । भोका मानिसका पेटहरू विस्फोट हुने अवस्था

आयो भने यसले शासक वर्ग वा तानाशाहलाई उडाएर लाने छ । 'भोको मानिस' कविता मार्फत कविले भोका मानिसको चितकार र भोका मानिस कति खतरानाक हुन्छन् भन्ने कुरा देखाएका छन् ।

मानिस कल्पनाशील, अग्रगामी, परिवर्तनशील र स्वतन्त्र प्राणी हो । खाली शून्य मानिस जगतमा कहीं कतै पाउन सकिंदैन । स्थिर अवस्थामा पनि मानिस केही न केही सोचिरहेको हुन्छ । मानिस सुन्दर सपना गम्छ, रम्छ र रमाउँछ । कविको विचारमा त्यो कल्पना राष्ट्र, जनता र सम्पूर्ण जीव जीवात्माप्रति सर्वदा हित हुने प्रकृतिको हुनुपर्छ भन्ने उद्देश्य कविता मार्फत प्रस्ट गरेका छन् । जो कोहीको पनि प्रजातान्त्रिक हक, अधिकार खोसिएको आफू हेर्न र सहन् गर्न नसक्ने हुन्छ । स्वार्थी, निर्दयी समाज र सामाजिक प्राणीप्रति उनी गुनासो व्यक्त मात्र गर्दैनन् साथै त्यस्ताप्रति क्रान्ति गरेर आफ्नो हक, अधिकार लिन कवि सबै नेपालीहरूलाई आग्रह गर्दछन् । छातीमा गोली थाप्दै ती अन्याय र अत्याचारको पर्खाल र भित्ताहरूलाई भत्काउन उनी सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीवहिनीहरूलाई 'गोली', 'पर्खाल', 'भित्ता' जस्ता कविता मार्फत आग्रह गर्दछन् ।

समाजमा रहेका शोषक तथा सामन्तहरूले कसरी आफ्नो कर्तव्यलाई चटक्क विर्सेर आफू रहेको ओहदाको दुरूपयोग गर्छन्, त्यस्तो परिपाटीको विकास हुन नदिन हामी सर्वसाधारणहरूले उनीहरूलाई समय समयमा सचेत गराइराख्नु पर्छ । कर्तव्य र अधिकारलाई उचित मार्गमा हिडाउन घच्घच्याउनु पर्दछ । उच्च ओहदामा पुगेर राष्ट्रघाती, देशद्रोही बन्नु हुन्न । नातावाद, कृपावाद लाद्नु हुन्न, आफ्नो होइन राम्रो मान्छेलाई अवसर दिनुपर्छ । जति घच्घच्याए पनि, आन्दोलन गरे पनि कानमा तेल हालेर बस्ने तानाशाह वा गैंडाका खोल ओडेर बसेका शासकहरूलाई नछाड्न अझै बुलन्द रूपमा आन्दोलन गरेर तानाशाहलाई ढाल्न 'गैंडा' कविता मार्फत आग्रह गर्दछन् ।

'वर्जित अवशेष' कवितामा सङ्गृहीत कविताहरू मध्ये 'गोली', 'कोखाको दाँत', 'आँखा', 'एउटा महोत्सव', 'अपहरण', 'यार्चागुम्वा' र 'भोको मानिस' जस्ता कविता कालजयी सिर्जना हुन् । नेपाली राजनीति र विशेष गरेर लोकतन्त्रको आन्दोलनमा नेपालमा देखिएका यथार्थ चित्र र त्यसको सेरोफेरोमा सम्पूर्ण कविता चित्रण गरिएका छन् । 'कालो डाबर' र 'सत्ताधारी कवि' आकारका दृष्टिले निकै साना कविता हुन् भने भावको दृष्टिले विशाल छन् ।

'वर्जित अवशेष' अर्थात केही बचेका, छाडिएका र निषेधित सामग्रीलाई यथार्थ रूपमा यहाँ समावेश गरिएको छ । अधिकांश कविताहरू वर्तमानले भोगेका भयचित्र हुन् । समग्रचित्रमा कान्ति र दमनको झझल्को झल्किएको छ । अलिक निराशामुखी अभिव्यक्तिका माझ आशा र भरोसा पनि देखाइएको पाइन्छ ।

## ४.६. 'धारिला मानिसहरू' कविता सङ्ग्रहको अध्ययन र विश्लेषण

केशव सिलवालको दोस्रो कविता सङ्ग्रह 'धारिला मानिसहरू' वि.सं. २०६६ मा प्रकाशन भएको हो । यस सङ्ग्रह भित्र जम्मा त्रिचालीस वटा कविताहरू सङ्गृहीत छन् । अखिल नेपाल लेखक संघले प्रकाशन गरेको यो कविता सङ्ग्रहमा प्रगतिवादी, विचार र सीपका साथै युगको स्पन्दनलाई जोडदार रूपमा अगाडि सारिएको छ । कविताहरू नयाँ यथार्थको पृष्ठभूमिमा रचिएका छन् र तिनले विद्रोही चेतना तथा युग परिवर्तनको आकाङ्क्षा बोकेका छन् ।

कवि केशव सिलवालको यो कविता सङ्ग्रह दोस्रो चरणको सशक्त कविता सङ्ग्रह हो । पहिलो कविता सङ्ग्रह पछी लेखिएका कविताहरूलाई यहाँ समावेश गरिएको छ । 'धारिला मानिसहरू' प्रकाशन गरेर कवि केशव सिलवाललाई सम्मान गर्न पाएकोमा लेखक संघ प्रसन्नता व्यक्त गर्दछ भनेर अखिल नेपाल लेखक संघ, केन्द्रीय समितिले प्रकाशकीयमा आफ्नो श्रद्धा भाव व्यक्त गरेको छ । नेपालमा चलेको महान् मुक्तियुद्ध र त्यसले ल्याएको परिवर्तन इतिहासमै विशिष्ट र उदात्त थियो जसले सामन्तवादबाट मुक्ति दियो र गणतान्त्रिक युग सिर्जना गऱ्यो भन्ने भावको समर्थन गर्दै वर्गयुद्धको महत्तम यात्राप्रति कवि सिलवाल श्रद्धा, विश्वास र समर्थन प्रकट गर्छन् ।

### ४.६.१. कविता तत्वका आधारमा 'धारिला मानिसहरू' कविता सङ्ग्रहको अध्ययन र विश्लेषण

#### ४.६.१.१. शीर्षक

पहिलो कविता सङ्ग्रह 'वर्जित अवशेष' प्रकाशनसँगै वैचारिक चेतनाका कविका रूपमा आफूलाई उभ्याएका स्रष्टा सिलवाल प्रस्तुत कविता कृति 'धारिला मानिसहरू' अझ परिष्कृत, अडिग, आक्रामक र परिपक्व चेतना लिएर उपस्थित भएका छन् । यस सङ्ग्रहमा यथार्थ र कल्पनाको सुन्दर मिश्रणमार्फत यथास्थितिवादी र स्थिरतावादीहरूप्रति तीव्र निषेध

र विद्रोहगर्भी अभिव्यक्ति पुखरित भएको छ । क्रान्ति र मुक्तिप्रतिको असीम प्रेमभाव, विद्रोह चेत, परिवर्तनकामी अभीष्ट, सामन्तवाद र विस्तारवादको प्रस्ट विरोधका साथै समानता र अधिकारको उच्च स्वर उराल्ने कवि सिलवाल प्रगतिवादी कित्ताका नमुना बोकेर यस सङ्ग्रहमा उभिएका छन् । यस्तै विचारधारालाई कविता सङ्ग्रहमा अगाडि बढाइएको छ ।

कवि केशव सिलवालले यस मुक्त जीवनको लय, वर्ग सङ्घर्षजन्य अनुभुतिको सङ्गीत र चलायमान अक्षरको दीप्त आलोकले जाज्वल्यमान कविताको सँगालोलाई 'धारिला मानिसहरू' नाम दिएका छन् । पहिलो कविता सङ्ग्रहकै पुनरावृत्ति यस सङ्ग्रहमा भएको देखिन्छ अर्थात सङ्ग्रहकै नामको कविता यस सङ्ग्रहमा नभएता पनि शीर्षक सान्दर्भिक छ । यस सङ्ग्रहमा सङ्गृहीत कविताहरू जसले गतिशीलता, विप्लवी बोली, प्रगतिवाद र काव्य चेतनालाई प्रतिबिम्वित गरेका छन्, त्यस आधारमा 'धारिला मानिसहरू' शीर्षक उपयुक्त र मौलिक देखिन्छ । मानिसहरूमा वैचारिक अडान र रापिलो चेहरालाई एकसाथ उजागर गरेर क्रान्तिनायकका भाषालाई कवितामा व्यक्त गरिएको छ यस अर्थले पनि यो शीर्षक सान्दर्भिक छ ।

### ४.६.१.२. **संरचना**

कवि केशव सिलवालको दोस्रो कविता सङ्ग्रह 'धारिला मानिसहरू' मा त्रिचालीस वटा कविताहरू सङ्कलित छन् जसको प्रकाशन अखिल नेपाल लेखक संघले गरेको हो । कवि सिलवाल गद्य शैलीमा लेखिएका छन् । लेखकले विचारका बीज जोगाउन आफ्ना शक्तिशाली कवितासँगसँगै प्रयत्न गरेका छन् यसर्थ यो सङ्ग्रह विचारहरूका सङ्ग्रह हो । कवितामा श्लोक र पङ्क्तिहरूमा एक रूपता देखिदैन । यहाँ सङ्गृहीत सबैभन्दा लामो कविता 'मागपत्र' (बाह्र श्लोक र एकहत्तर पङ्क्ति) हो भने सबैभन्दा छोटो 'सत्ताको जिभ्रो' ( दुई श्लोक र एघार पङ्क्ति) हो । कविको साम्यवादी विचार नै यस सङ्ग्रहका कविताहरूमा व्यक्त भएको छ । प्रायः हरेक कवितामा परिवर्तनकामी विचार सुन्दर समाज र सुन्दर भविष्य निर्माणको त्यो विचार प्रतिको निष्ठा, त्यसप्रतिको आस्था अत्यन्त सघन किसिमले, जब्बर किसिमले कवितामा व्यक्त भएको छ । कही पनि विचारका दृष्टिकोणले कवितामा अलमलको स्थिति भेटिदैन । तसर्थ यस सङ्ग्रहको संरचनामा विचारलाई कविले महत्व दिएका छन् । प्रथमपुरुषीय र तृतीयपुरुषीय दृष्टिबिन्दुमा यो कविता सङ्ग्रह संरचित छ ।

### ४.६.१.३. विषयवस्तु

प्रस्तुत कविता सङ्ग्रह अँध्यारो परिवेशमा उज्यालो प्रकाश छर्ने वर्गचेतना र वर्गमुक्ति भावले अभिसिञ्चित जीवित यथार्थको प्रतिबिम्बित गरिएको कृति हो । यसमा शोषण, दुःख, उत्पीडन र अभावको जिन्दगानी जस्ता विषयलाई मुक्त हुने आशादृष्टि पोखिएका छन् । नेपालमा चलेको क्रान्तिको अवश्यम्भाविता, महान् मुक्तियुद्ध र त्यसले ल्याएको परिवर्तनलाई जोडदार रूपमा उठाइएको छ । सामन्तवादबाट मुक्ति, गणतान्त्रिक युग सिर्जना, वर्गयुद्धलाई लेखकले श्रद्धा, विश्वास र समर्थन प्रकट गरेका छन् । कविले जनयुद्धका सहिदहरू, युद्धमोर्चाका भूगोल र युद्धमा सहभागी असङ्ख्य मानिसहरू सबैलाई कवितामा उतारेका छन् ।

कवि केशव सिलवालले सम्पूर्ण नेपालभित्र देखिएका नेपालीका समस्यालाई विषयवस्तु बनाएका छन् । 'चेपाङ' को कविता, आजीवन 'दुःखको वर्णमाला' खारेर पनि अनपढ रहेकाहरूको कविता, मानिसको विष्टा र लोकतान्त्रिक मानवताको रसास्वादन गर्ने 'सत्यदेवी' को कविता, थाल र आङमा गणतन्त्रको माग गरिरहेको कालिकोटको कविता, राजधानीको नाकैमुनि रहेको 'अर्को रोल्पा' को कविता यस सङ्ग्रहका विषय हुन् । कविले कुपोषित बालक, भोको मजदुर र शक्तिशाली आन्दोलनलाई पनि कविता सङ्ग्रहमा स्थान सुरक्षित गरेका छन् ।

### ४.६.१.४. भावविधान

'धारिला मानिसहरू' कविता सङ्ग्रहमा कविले मौलिक खालको बिम्व प्रयोग भएको छ । कवितामा अभावलाई मानिसका भोक, तीर्खा, पूरा नभएका सपनाहरू, तोडिएका सपनाहरू, बहुसङ्ख्यक उत्पीडित नेपाली, अभावग्रस्त नेपाली, भोकग्रस्त नेपाली, सुदूर डोल्पाका नेपाली र उपत्यका वरिपरिकै विकट ठाउँका नेपालीका व्यथाहरू उल्लेख गरिएका छन् । ती नेपालीका उत्पीडन, दुःख, अभावले सिङ्गो देश दुःखको वर्णमालामा परिणत भएको अनुभूति गरिएको छ । पितृसत्तात्मक सामाजिक संरचनाका विरासतका रूपमा त्यो लैङ्गिक उत्पीडन नेपाली समाज विद्यमान रहेको देखाइएको छ । कविताहरू यथास्थितिवादी सत्ता, सामन्तवादी सत्ता विरुद्ध छन् । उत्पीडित जनतामाथि शोषण लादिरहेको, सदियौंदेखि, वर्षौंदेखि उत्पीडन गरिरहेको सत्ता नै यहाँ ढलान पार्टी हो जसले उत्पीडित जनताहरूको सपना हत्या गरिरहेको छ भन्ने सन्दर्भलाई बडो सुन्दर शब्दका माध्यमबाट र प्रतीकात्मक

ढङ्गबाट कविले व्यक्त गरेका छन् । जनताहरूले मुक्ति खोजिरहेका र स्वतन्त्रता चाहिरहेका छन् भन्ने भाव कवितामा व्यक्त गरिएको छ । राजनैतिक शब्दकै प्रयोग गरेर भन्ने हो भने वास्तवमा साम्यवादी विचार नै यस सङ्ग्रहका कविताहरूमा व्यक्त भएको छ । जीवनको यथार्थ र कल्पनाको सुन्दर सम्मिश्रणमा कविता सिर्जिएका छन् । निम्नवर्गीय जीवनका पीडा र आक्रोश, सङ्घर्षबाट उठेको उत्साह र आँट, मुक्तिका निम्ति भएका अभूतपूर्व र आश्चर्यजनक उत्सर्गका गाथा यस सङ्ग्रहमा व्यक्त गरिएको छ ।

### ४.६.१.५. लयविधान

पहिलो कविता सङ्ग्रह जस्तै प्रस्तुत कविता सङ्ग्रहमा पनि गद्य शैलीलाई नै कविले निरन्तरता दिएका छन् । आधुनिक मुक्त छन्दमा लेखिएको यो कविता सङ्ग्रहले लययुक्त ढङ्गमा गहिरो कुरा अभिव्यक्त गरेको छ । अन्य गद्यकवितामा जस्तै यसमा पनि वर्ण वा मात्राको कुनै मतबल राखिएको छैन, जसले गर्दा कविताका पङ्क्तिहरू लामा र छोटा छन् तर लयको भने अभाव छैन । रबडझैं तन्काउने र खुम्च्याउने गरी कविता तयार पारिएको छ । प्राय सबै कविताहरूमा पङ्क्तिहरूको लम्बाइ बराबर छैन अनि कुनै नियमति शास्त्रीय बन्धनलाई अस्वीकार गर्दै लययुक्त बनाइएको छ । लघु र गुरु वर्ण तथा गति र यतिको कुरामा विचार पुऱ्याएर छन्दको कविता पढ्दा निस्कने ध्वनिको चढाइ र झराइको लय भने कवितामा कतै भेटिदैन ।

### ४.६.१.६. कथन पद्धति

कवि केशव सिलवालका प्राय कविताहरू राजनीतिक गतिविधि र त्यसले जन्माएका विभिन्न समस्या माथि रचिएका हुन्छन् । यस कविता सङ्ग्रहका लगभग सबै कविताहरू उत्पीडनका विरुद्ध, यथास्थितिका विरुद्ध र तानाशाहका विरुद्धमा उठेका जनताका आवाजहरू हुन् । मार्क्सवादी चिन्तनलाई अँगालेर क्रन्तिका भाषा सरल तरिकाले कविता व्यक्त गरिएको छ । सङ्क्रमणकालीन नेपाली राजनीति र जनताहरूको इच्छा, आकाङ्क्षा नै कविताका सशक्त कथन पद्धति हुन् । नेपाली जनता यो यथास्थिति, यो अपेक्षा सहन विवश छैन, यो प्रति उसको प्रतिरोध छ, विद्रोह भाव छ र ऊ त्यसबाट मुक्ति चाहन्छ । यी सन्दर्भहरू कवितामा व्यक्त गरिएका छन् । सिङ्गो देशलाई सामन्तवाद र पुँजीवादले भकारो बनाइरहेको विषयमा भकारो बनाउने यो कारखानाप्रति कवितामा विमति र अस्वीकारोक्ति

प्रस्तुत गरिएको छ । यस सङ्ग्रहमा शोषण, दु:ख, उत्पीडन र अभावको जिन्दगीमा मुक्त हुन आशादृष्टि पोखिएका छन् ।

### ४.६.१.७. भाषाशैली

मूलतः राजनैतिक विषयमा केन्द्रीत यस कविता सङ्ग्रह पनि भ्रष्ट नेतृत्व, अराजकता र सरकारको अकर्मण्यताकै छायाँ हो । यस सङ्ग्रहमा पनि शब्दहरूलाई नथोपरिकन विचार र विषयवस्तुलाई विभिन्न बिम्बको प्रयोग गर्दै सरल भाषामा उतारिएको देखिन्छ । मार्क्सवादी चिन्तनलाई निरन्तरता दिँदै क्रान्तिका भाषा कविताहरूमा मुखरित भएको पाइन्छ । देशका कुना काप्चा वा रुकुम रोल्पा देखि काठमाडौंकै डोल्पा भन्न लायक ठाउँका मानिसहरूको कथा व्यथालाई कवितामा देखाइएको छ । सङ्घर्षशील शक्तिहरू सत्तामा पुगिरहेका छन् । समयका अन्तरालमा ती शक्तिहरू एक वा अर्को प्रकारले उपेक्षाको स्थिति हिजोका सहयात्रीहरूले गर्न परिरहेको अवस्था आज विद्यमान छ । यो आजको हाम्रो विडम्वनापूर्ण राष्ट्रिय जीवनको अनुभूति हो । यस्ता सन्दर्भहरूलाई पनि कविले बडो बिम्बात्मक भाषामा सुन्दर शब्दका माध्यमबाट, प्रतीकका माध्यमबाट प्रस्तुत गरेका छन् । कहीँ पनि सोझै भनिएको छैन तर कविता पढ्दा हामी सहजै बोध गर्न सक्छौं । प्रतीकको प्रयोग छ तर दुर्बोध्य कतै छैन । सजिलै बुझ्न सकिने भाषा प्रयोग गरिएको छ । कविताहरू जीवनको सक्रियता, सङ्घर्ष र समर्पितभावको उपज भएकाले यस सङ्ग्रहको शिल्प, भाषाशैली र संरचना पक्ष बेजोड छन् । कविले खारिएका र सशक्त शब्दहरू मार्फत कविता सङ्ग्रहको भाषाशैली तयार पारेका छन् । सहज र सरल भाषामा बिम्बका गुच्छाहरू गुडाउँदै जीवनकै धरातलमा कविता चित्रण गरिएको छ ।

### ४.६.१.८. अलङ्कार

प्रस्तुत कविता सङ्ग्रह शब्दयोजना र अर्थ चमत्कारद्वारा सजिएको छ । सौन्दर्यका दृष्टिले काव्यमा अलङ्कार अनिवार्य मानिन्छ । त्यसैले यहाँ कविले अर्थालङ्कार भाव-सौन्दर्यका साथ प्रस्तुत गरेका छन् । अर्थकै चमत्कारद्वारा काव्यको सौन्दर्य बढाउने कलामा यो सङ्ग्रह पनि अगाडि नै देखिन्छ । प्रतीक तथा बिम्बविधानलाई यस सङ्ग्रह पनि कविले निरन्तरता दिएका छन् ।

कवि केशव सिलवालले आफ्ना कवितामा विचारको सुक्ष्म तन्तु मार्फत कवि र पाठकलाई आपसमा मिलाउने र कस्ने काम गरेका छन् । अनुप्रास, यमक, श्लेष र वक्रोक्ति जस्ता शब्दालङ्कारबाट यो सङ्ग्रह अलगिएको छ । तसर्थ यस कविता सङ्ग्रहमा पनि कविले अलङ्कारका दुई भेद मध्ये अर्थालङ्कारलाई नै मुख्य रूपमा प्रस्तुत गरेका छन् । कविका कल्पनाशील विचारको चमत्कार यस सङ्ग्रहमा प्रष्ट रूपमा देख्न सकिन्छ, जसलाई प्रतीक र बिम्बले सुनमा सुगन्ध बनाउने काम गरेको छ ।

### ४.६.१.९. उद्देश्य

युद्ध प्रासाङ्गिक मात्र होइन, अनिवार्य भएको यथार्थलाई अनुभूत गर्दै कविले जनयुद्धका सहिदहरू, युद्धमोर्चाका भूगोलहरू र युद्धमा सहभागी मुक्तिकामी असङ्ख्य जनताका पीडा उतारेर क्रान्तिलाई सार्थक देखाउनु कविताको मुख्य उद्देश्य हो । यथास्थितिवादी र स्थिरतावादी प्रति तीव्र विद्रोह गर्दै जनताहरूलाई क्रान्ति र आन्दोलनको बाटो पहिल्याउदै नयाँ नेपालको निर्माणतर्फ लाग्न प्रेरित गर्नु यस सङ्ग्रहको अर्को उद्देश्य हो । कुरूप यथास्थिति हामी भोगिरहेका छौं, जुन कुरूप यथास्थिति बीच हामी बाँचिरहेका छौं, त्यसलाई अस्वीकार गर्ने, त्यसलाई परिवर्तन गर्ने र सुन्दर मानव भविष्यको निर्माण गर्ने सुन्दर विचार बोकेर कविताहरू अगाडि बढेका छन् । क्रान्ति र मुक्तिप्रतिको असीम प्रेमभाव, विद्रोहचेत, परिवर्तनकामी अभीष्ट, सामन्तवाद र विस्तारवादको प्रस्ट विरोधका साथै समानता र अधिकारको उच्च स्वर उराल्दै प्रगतिवादी कित्ताका नमुना भई अगाडि बढ्न उत्साहित गरेको छ ।

यसरी यस कविता सङ्ग्रह मार्फत कवि केशव सिलवालले तानाशाह, शोषण, दुःख, उत्पीडन र अभावको जिन्दगानीबाट सबै नेपालीहरू मुक्त हुने आशा जगाएका छन् । यसका लागि नेपालीहरू अझै जागरुक हुनपर्ने तथ्य पनि अगाडि सारेका छन् ।

### ४.६.२. 'धारिला मानिसहरू' कविता सङ्ग्रहमा समावेश कविताहरूको अध्ययन र विश्लेषण

कवि केशव सिलवालको दोस्रो चरणमा प्रकाशित प्रस्तुत कविता सङ्ग्रहका मुख्य मुख्य कविताहरूको अध्ययन र विश्लेषण गरिएको छ । कविताको शीर्षक, पृष्ठभूमि र भावलाई मुख्य रूपमा उठाएर विश्लेषण प्रक्रिया अगाडि बढाइएको छ ।

### ४.६.२.१. 'मेरो हतियार' कविताको अध्ययन र विश्लेषण

'मेरो हतियार' शीर्षक कविता 'धारिला मानिसहरू' कविता सङ्ग्रहमा पहिलो कविताको रूपमा समावेश गरिएको छ । जम्मा तीन श्लोक र तेह्र पङ्क्तिमा विभक्त यस कवितामा विचारको हतियारलाई मुल रूपमा उठाइएको छ । यो विचारको हतियार भनेको उत्पीडनका विरुद्ध लड्ने, यथास्थितिका विरुद्ध लड्ने हतियार हो । विचारको यो हतियारका बारेमा कवि केशव सिलवाल यसरी लेख्छन् -

लड्नका लागि चाहिँदैन फलामे हतियारहरू नै
नत्र उहिल्यै समाप्त हुने थिए
भियतनाम, अफगानिस्तान र इराकहरू
नत्र उहिल्यै हराउने थिए
चे ग्वेभारा र अवतार सिंहहरू
तिमीले देखेनौ मेरो हतियार
बरु, निहत्था देखेर
तिमी ठटाउन थाल्यौ नाङ्लो
तर नाङ्लो ठटाउँदा हात्ती देखेनौ

मेरा सबैभन्दा ठूलो हतियार हो
विचार
जुन मेरो मृत्युपछि पनि
निरन्तर लडिरहनेछ तिमीसँग ।[४४]

कवि सिलवाल मान्छे मारेर, समाप्त पारेर विचार समाप्त हुँदैन भन्ने कुरामा विश्वस्त छन् । विचार त्यस्तो हतियार हो जसले फलामे हतियारहरू समाप्त पार्न सकिन्छ । हतियार कन्टेनरमा बन्द गर्न सकिन्छ जसरी आज बन्द गरिएको छ तर कन्टेनरमा हतियारहरू बन्द हुँदैमा विचारको हतियारहरू बन्द हुँदैन वा हुँदा रहेनछन् । मानव सभ्यताको इतिहासले र परिवर्तनको इतिहासले देखाएको छ की त्यो सबैभन्दा ठूलो हतियार

[४४] 'मेरो हतियार' कविता 'धारिला मानिसहरू' पृ. १

विचार हो । कविलाई विचारको हतियारप्रति विश्वास छ । यही दह्रो विश्वास बोकेर कविले विचारलाई आफ्नो कविताको उर्जा ठानेका छन् र कविताको हतियारका रूपमा प्रयोग गरेका छन् ।

यसरी कविले सबैभन्दा ठूलो हतियारको रूपमा विचारलाई लिएका छन् । यो विचारको हतियार कहिल्यै नमर्ने र निरङ्कुशताका विरुद्ध, उत्पीडनका विरुद्ध र लोकतन्त्रका लागि सधैं चलिराख्नेमा कवि विश्वस्त छन् । फलामे हतियारकै भरमा लडाइँ जितिने भए भियतनाम, अफगानिस्तान र इराक जस्ता देशहरू उहिल्यै समाप्त हुने थियो । विचारकै कारण ती देशहरू र विश्वका महान व्यक्तिहरू बाँचिरहेका छन् ।

### ४.६.२.२. 'ङा चेपाङ' कविताको अध्ययन र विश्लेषण

'धारिला मानिसहरू' कविता सङ्ग्रहको दोस्रो कविता हो 'ङा चेपाङ' जसले पिछडिएका चेपाङहरूको उत्पीडनलाई कवितामा व्यक्त गरेको छ । अनेक जातजातिका नाममा आन्दोलन गर्दै, चेपाङका करङलाई सत्ताको भऱ्याङ बनाएर सत्तामा पुगेकाहरू आफ्नो उत्पीडनलाई सम्बोधन नगरेकाले उनीहरू कविता मार्फत आक्रोस पोखेका छन् । चेपाङहरूले आफूहरू पनि नेपाली हौं, यही देशका नागरिक हौं भन्दा उनीहरूलाई लाज लाग्छ किनभने कोही ओडारमा च्यापिएर बस्ने कोही ठूला महलमा चिल्ला गाडीहरूले घेरिएर बस्ने । जीवन धान्न गिट्ठा टिप्ने हातले ग्रिनेड टिप्न नपरोस् भनी कवि शासक वर्गलाई सचेत गराउँदछन् ।

क्रान्तियोद्धालाई बेवास्ता गर्ने प्रवृत्ति, जनयुद्धकालीन सन्दर्भ र क्रान्तिनायकको भाषाका साथै चेपाङको दुःख र स्वाभिमानलाई कवितामा यसरी व्यक्त गरिएको छ -

लगाई दिउँला म आफ्ना छोराछोरीलाई पनि
स्याउलाकै लुगा
तर, मेरो छालाको
दौरा-सुरुवाल लगाउने अधिकार
कसैलाई छैन
म खोजिरहेको छु
केही छाक गिट्ठा, भ्याकुर, तरुल र सिस्नु
तर उस्तै-उस्तै देखिन्छ, हैन

मेरो हातको गिट्ठा र कोतको ग्रिनेड ?

थाहा पाउनू -

गिट्ठा टिप्ने हातले ग्रिनेड टिप्न सक्छन् ।[४५]

चेपाङको सन्दर्भ जोडेर कवि नेपालका पिछडिएका जाति र समुदायसम्म विकासका लहर, लोकतन्त्रको सन्देश र न्यूनतम आधारभूत आवश्यकता पुऱ्याउन सकिएन भने अझ सशक्त रूपमा उनीहरूले आन्दोलन गर्नेतर्फ संकेत गर्दछन् । चेपाङ पाङ अर्थात वाण यथास्थिति र सामन्तवादका विरुद्ध तीखो भएर हृदयमा घोपिन सक्छ । गरिब बन्नुको पीडालाई अझै पीडित बनाउँदै किन्ने कोसिस नगर ती गरिबका मूल्य पनि अमूल्य हुन्छ ।

यसरी 'ङा चेपाङ' को शीर्षक दिएर चेपाङका पीडाहरूलाई एउटा प्रतिनिधि कथाकारूपमा प्रकट गर्दै समस्त उत्पीडित वर्ग र जातिप्रति शासकवर्ग जिम्वेवार हुनुपर्ने भाव कवितामा कवि सिलवालले व्यक्त गरेका छन् ।

**४.६.२.३. 'दु:खको वर्णमाला' कविताको अध्ययन र विश्लेषण**

विचारका धारिला कवि केशव सिलवालको अर्को शक्तिशाली कविता 'दु:खको वर्णमाला' हो । यस कवितालाई सिलवालले 'धारिला मानिसहरू' (वि.सं. २०६६) कविता सङ्ग्रहको तेस्रो (पृष्ठ ४/५) नम्बरमा सुरक्षित गरेका छन् । उनले यसमा जो कुरूप यथास्थिति हाम्रो सामु हिजोदेखि विद्यमान छ, जुन कुरूप बिडम्वनापूर्ण यथास्थिति हामीले भोग्दै आएका छौं त्यसको उद्घाटन सामान्य किसिमको छैन । यहाँ अभिव्यक्त यी सन्दर्भहरू सम्वेदनासँग गाँसिएर बडो अनुभूतिपरक ढङ्गले कवितामा प्रस्तुत गरिएको छ ।

'दु:खको वर्णमाला' शीर्षक कवितामा यही नेपाली राष्ट्रिय जीवनका कुरूप यथास्थितिलाई सुन्दर तरिकाले उद्घाटन गरिएको छ । वर्षौंदेखि भोग्नु परेको नेपालीको पीडालाई दु:खको वर्णमालाका रूपमा सुन्दर बिम्बका साथ यसरी प्रयोग गरिएको छ -

के भन्छन् हँ,

घामका यी अक्षरहरू

के अर्थ बोक्छन् हँ

---

[४५] 'ङा चेपाङ' कविता 'धारिला मानिसहरू' पृ. २

पानीका यी बूँदहरू ?
कसको स्वतन्त्रताले आत्माहत्या गरेको छ
आकाशको विशाल अक्षरको हाँगामा ?
कस्ता अक्षरहरू खोपिएका छन्
भरियाको ढाडमा
कस्ता अक्षरहरू लेखिएका छन्
आमाको छातीमा ?[४६]

कवितामा मौलिक खालको बिम्बहरू सुन्दर रूपमा प्रयोग गरिएको छ । समग्र कवितामा मानिसका भोक, तीर्खा, पूरा नभएका सपनाहरू ती सबै एक प्रकारका अक्षरहरू हुन् । बहुसङ्ख्यक नेपाली उत्पीडित, अभावग्रस्त, भोकग्रस्त जस्ता समस्या वा अभावमा छन् । ती दुःख, अभाव, उपेक्षा, उत्पीडन नै वर्णमालाका अक्षरहरू हुन् । दुःखलाई व्यक्त गर्ने दुःखका अक्षरहरू हुन् र सिङ्गो देश दुःखको वर्णमालामा परिणत अनुभूति कवितामा गरिएको छ । कविले कुरूपताको यो सन्दर्भलाई साह्रै कलात्मक र बिम्बात्मक ढङ्गले प्रस्तुत गरेका छन् । तैपनि कवितामा सोभ्कै भनेको जस्तो वा नारा लेखिएको जस्तो ठाडो कथन कहीं पनि अनुभूत हुँदैन । अत्यन्त बिम्बात्मक भाषामा सुन्दर शब्दहरूको चयन गरेर कविले अहिलेको जुन कुरूप यथास्थितिको सन्दर्भ छ त्यसलाई सान्दर्भिक रूपमा यस कवितामा प्रस्तुत गरेका छन् ।

### ४.६.२.४. 'सत्यदेवी बोल्छिन्' कविताको अध्ययन र विश्लेषण

'सत्यदेवी बोल्छिन्' 'धारिला मानिसहरू' कविता सङ्ग्रहको अत्यन्त सम्वेदनापूर्ण अर्को कविता हो । नारी अनुभूति र सम्वेदनाको सन्दर्भ यसमा व्यक्त भएको छ । महिलाहरूलाई बोक्सी लगायत अन्य आरोपमा बिष्टा खुवाउने जुन कुसंस्कृति नेपाली समाजमा विद्यमान छ, पितृसत्तात्मक सामाजिक संरचनाका विरासतका रूपमा त्यो लैङ्गिक उत्पीडन नेपाली समाजमा विद्यमान रहेको छ । अत्यन्त घृणित किसिमको, अत्यन्त कुरूप किसिमको त्यो सन्दर्भलाई उठाउँदै त्यसमा उपेक्षित हुनु परेको, प्रताडित हुन परेको, बहिष्कृत हुनु परेको नारी अनुभूति र सम्वेदनाको सन्दर्भ छ । यस तथ्यलाई कवि सिलवालले कवितामा बढो सुन्दर शब्दहरूका माध्यमले प्रस्तुत गरेका छन् ।

[४६] 'दुःखको वर्णमाला' कविता 'धारिला मानिसहरू' पृ. ४/५

यो उत्तरआधुनिक समयको मिठाई हो
यो नारी स्वतन्त्रताको पहेंलो जलप ?
यो निरन्तर दुःखी रहेकोमा
देशले खुवाएको मनभोग हो
या मानिसबाट बहिष्कृत गर्ने उपाय ?
के निष्काशन गर्दैमा
मानिस निकालिन्छ मानिसबाट ?[४७]

कविले कवितामा गम्भीर प्रश्न गरेका छन् भने ती प्रश्नहरूले गम्भीर सम्वेदना व्यक्त गरेको छ । मानिस मानिसबाट नै बहिष्कृत हुनु पऱ्यो । पितृसत्तात्मक समाजले नारीलाई बहिस्कृत गऱ्यो । नारी बिष्टा खान विवश हुनु पर्ने, प्रताडित हुनुपर्ने, बहिष्कृत हुनु पर्ने र सती हुनु पर्ने जो अवस्था, जो संस्कृति विद्यमान थियो र अझै छ, त्यस प्रति ठूलो प्रश्न र व्यङ्ग्य यस कवितामा व्यक्त भएको छ ।

नारी स्वतन्त्रता र मुक्ति प्रति यो कविता लक्षित छ । नारीहरूले मुक्ति खोजीरहेका छन्, समानता खोजीरहेका छन् । यस कवितामा उल्लेख भएका घटना हाम्रो राष्ट्रिय जीवनको कुरूप यथार्थको एउटा पाटो हो । अझै पनि पत्रपत्रिकामा यस्ता घटनाहरू हामी पढ्न वाध्य छौं । यी सन्दर्भहरू यस कविताको एउटा महत्वपूर्ण तथ्यगत विषय हुन् ।

यसप्रकार यस कवितामा नारी सम्वेदना प्रकट गर्दै कविले नारी स्वतन्त्रता र नारी मुक्तिका लागि आफ्नो कलम चलाएका छन् ।

### ४.६.२.५. 'क्रान्तिपुरुष' कविताको अध्ययन र विश्लेषण

प्रथमपुरुष (म, मेरो, मैले, हामी, हाम्रो) र द्वितीयपुरुष (ऊ, यो, यी) शैलीमा लेखिएको प्रस्तुत कवितामा क्रान्तिपुरुषलाई सम्मान गर्दै उसको विशेषता प्रस्तुत गरिएको छ । ती क्रान्ति योद्धाहरूले आफूले क्रान्तिको आगोमा होमिएर देशमा ठूला ठूला परिवर्तन ल्याए त्यसलाई कवितामा गर्वका साथ उठाइएको छ । कवि क्रान्तिपुरुषलाई भेट्न नसकेको, क्रान्तिपुरुष जस्तै बन्न नसकेको र उसले जस्तै देशमा परिवर्तनका लागि क्रान्ति गर्न नसकेकोमा दुःखीत छन् । हाम्रै माझमा भएका क्रान्तिपुरुषलाई हामीले चिन्न नसक्दा लज्जीत छन् ।

[४७] 'सत्यदेवी बोल्छिन्' कविता 'धारिला मानिसहरू' पृ. ८

'क्रान्तिपुरुष' कवितामा कविले जनयुद्धका सहिदहरू, युद्धमोर्चाका भूगोलहरू र युद्धका सहभागी असङ्ख्य मानिसहरूलाई स्मृतिबिम्बमा उतारेका छन् । आफ्नो विचारस्वप्नलाई मूर्तीकरण गरेका छन् । जनताको रगतको उपहास गर्ने जनविरोधी तत्वप्रति व्यङ्ग्य गर्दै क्रान्तिनायक प्रति प्रशंसा समेत गरेका छन् । क्रान्तिनायककै उपस्थितिमा संसार र जीवन उज्यालो हुने र लोभलाग्दो आकर्षण हुने कुरा कवितामा व्यक्त गरिएको छ। कवि भन्छन् -

मैले सहरकै उज्यालोमा
गाउँकै पारिलो चौतारीमा
उसलाई खोजें
तर, ऊ भेटिएन
मैले संविधान पल्टाएर
एक-एक अक्षर उप्काएर खोजें
तर, ऊ त्यहाँ थिएन
यद्यपि ऊ नभेटिनुको अर्थ
ऊ नहुनु होइन ।[४८]

कवि सिलवालले जीवनको यथार्थ र कल्पनाको सुन्दर सम्मिश्रणमा कविता सिर्जना गरेका छन् । क्रान्तिका पुरुषहरू फरक ढङ्गका हुन्छन्, उनीहरू आधुनिक जीवन पद्धतिबाट बिमुखा छन्, खुल्ला बजार र पारिलो घामदेखि टाढा छन् । अनकन्टार खोँचमा भूमिगत भएर जनताका मुक्तिका लागि आवाज बुलन्द गर्दै छन् । त्यसैले पनि होला कविले उनीहरूलाई भेट्न नसकेका । कविले पारिलो चौतारी, उज्यालो सहर, संविधान, अक्षरका पाना आदि ठाउँमा खोजे तर भेटिएन । तर कवि के कुरामा विश्वस्त छन् भने, क्रान्तिपुरुष अवश्य छन्, ती नभेटिनुको अर्थ नभएर भन्ने होइन ।

यसप्रकार कविले आन्दोलनका क्रान्तिपुरुषहरूको यथार्थ चित्र कवितामा व्यक्त गरेका छन् । क्रान्तिपुरुष कै महिमा गाइएकाले कविताको नाम पनि 'क्रान्तिपुरुष' राखिएको छ, जो अति सान्दर्भिक छ ।

---

[४८] 'क्रान्तिपुरुष' कविता 'धारिला मानिसहरू' पृ. १५

### ४.६.२.६. 'मागपत्र' कविताको अध्ययन र विश्लेषण

'मागपत्र' कविता 'धारिला मानिसहरू' कविता सङ्ग्रहको सबैभन्दा लामो कविता हो, जसमा बाह्र श्लोक र एकहत्तर पङ्क्ति रहेका छन् । दशौं कविताका रूपमा सङ्गृहीत यस कविताले नेपालका विकट क्षेत्र कालिकोट मात्र होइन, कालिकोट केन्द्रबाट उपेक्षित सिङ्गै कर्णालीको कथा व्यथा बोकेको छ । कालिकोट प्रश्नहरू गरेको छ । कालिकोट रोल्पा पनि हो, पश्चिम मात्र नभएर उपत्यका वरिपरि जहाँ जहाँ अभाव छ, सत्ताबाट नागरिकले उपेक्षित हुनु परेको छ, उत्पीडन छ र गरिबी छ, ती सबै कालिकोट हुन् ।

कवि केशव सिलवालले कालिकोटलाई एउटा बिम्बको रूपमा र प्रतीकका रूपमा हेरेका छन् । कालिकोट एउटा भूगोल पनि हो, एउटा समाज हो, एउटा नागरिक पनि हो र सयौं वर्षदेखि त्यहाँ भोक, अभाव र गरिबी छ, अशिक्षा छ त्यसबाट उनीहरू मुक्त हुन चाहन्छन् । उनीहरू त्यहाँका समस्याहरूलाई समाधान गर्दै स्वतन्त्रता पूर्वक बाच्न चाहन्छन् । आङ ढाक्नका लागि लुगा चाहन्छन् । भोक मेट्न पाउने अधिकार चाहन्छन् । त्यहाँ जनताको रगतको पेट्रोल हालेर चढ्नेहरू अथवा अलिकति कुहिएको चामल पठाएर कालिकोटलाई सन्तुष्ट बनाउनेहरूलाई कालिकोटले औंला ठड्याएको छ । त्यहाँ जनता यो उपेक्षा र यथास्थिति सहन विवश छन् । त्यहाँ अवस्था प्रति उनीहरूको प्रतिरोध छ, विद्रोह भाव छ र मुक्तिको आवाज छ । यी सन्दर्भलाई 'मागपत्र' कवितामा उल्लेख गरिएको छ ।

खोजें मैले तिम्रो कालो संविधानको
कुन-कुन दफामा छौं हामीहरू ?
तर, कतै उल्लिखित छैनौं हामीहरू
तिम्रो संविधान तिमीसँगै राख
र दिनदिनै गीता पाठ गरे झैं
तिमी नै पढ ।[४९]

कालिकोट लगाएत देशका विकट ठाउँमा पिछडिएका जनताहरूले लोकतन्त्र र गणतन्त्रको अनुभव गर्न पाएका छैनन् । संविधानमा त्यहाँका समस्या र हक अधिकारलाई

[४९] 'मागपत्र' कविता 'धारिला मानिसहरू' पृ. १९

समेटिएको छैन । उनीहरूले भोको पेटका लागि चामल र आङ ढाक्न लुगा मागेका छन् तर त्यति पनि नपाउँदा उनीहरू नेताहरूलाई कालिकोट नआउन आग्रह गर्दछन् ।

यसरी कविले कालिकोटको प्रसङ्ग उठाएर सम्पूर्ण पिछडिएका ठाउँका नेपालीहरूको अवस्थालाई चित्रण गरेका छन् । साथै उनीहरूले राज्यबाट के-कस्ता कुराहरूको अपेक्षा गरेका छन् त्यसलाई मागपत्रका रूपमा कवितामा प्रस्तुत गरेका छन् ।

### ४.६.२.७. 'सत्ताको जिभ्रो' कविताको अध्ययन र विश्लेषण

अहिले सन्दर्भमा पनि निकै महत्व राख्ने केशव सिलवालको अर्को महत्वपूर्ण कविता 'सत्ताको जिभ्रो' हो । आकारका दृष्टिले यो कविता 'धारिला मानिसहरू' कविता सङ्ग्रह ( वि.सं. २०६६) कै सबैभन्दा सानो हो । यद्यपी यसले नेपाली राजनीतिमा देखिएको सत्तालोलुपता र सरकारमा पुगेपछि सत्ता छाड्न नचाहने यथार्थ घटनालाई ठूलो रूपमा उठाइएको छ । सत्तामा पुगेपछि ती आदर्शका कुरा गर्ने नेताहरू कसरी जिभ्रोको स्वादमा पर्दोरहेछन् भन्ने कुरालाई 'सत्ताको जिभ्रो' शीर्षक दिएर कविता लेखिएको छ । शीर्षक सान्दर्भिक, उपयुक्त र अहिले सिङ्गै देशले भोग्नु परेको समस्या भएकाले राम्रो छ । पृष्ठ २१ मा कविता यसरी प्रस्तुत भएको छ ।

> किन जहिले पनि कुकुरको भैँ
> तिखारिएको छ सत्ताको दाँत ?
> सत्ताको गाला
> सहिदको रगत दलेर
> किन खेलिरहेको हुन्छ होली ?
> र सत्ताकै जिभ्रोको चुम्बनबाट
> सत्तामा रहेका मानिस
> किन नशालु बन्दै
> टाँसिएर बस्छन् सत्ताको कसिलो आलिङ्गनमा ?
> होशियार,
> लपलपाइरहेको छ सत्ताको जिभ्रो ।[५०]

---

[५०] 'सत्ताको जिभ्रो' कविता 'धारिला मानिसहरू' पृ. २१

कवि थप्छन्, किन कुकुरले जति खाए पनि खान नछोडे झैं दाँत तिखारी-तिखारी जनताहरूलाई चपाउँदै सत्तामा बसिरहन्छन् नेताहरू, सहिदको रगतलाई होली खेल्दै रगतमा रङ्गिएर सत्ताको उन्मातमा रमाउने नेता प्रति कवि व्यङ्ग्य गर्छन् । सत्ताधारीहरू सत्ताको नशामा गढ्दै जनताहरू प्रति गैरजिम्वेवारी भइरहेका छन् र सत्ताको न्यानो अङ्गालोमा कसिलोसँग टाँसिएका छन् ।

कवि केशव सिलवाल सत्ताको जिभ्रोमा नरमाउन नेतालाई आग्रह गरेका छन् । जनताहरू प्रति जिम्वेवार रूपमा प्रस्तुत हुन सल्लाह दिएका छन् । साथै उनले सत्ता लपलपाइरहेको छ, ढल्ने अवस्थामा पुगेको छ र जनताहरूले फेरि आन्दोलन गरेर ढलाउने अवस्थामा पुऱ्याएका छन् त्यसैले होसियार हुन जनाउ दिएका छन् । सत्ता बाहिर बसेर पनि जनताहरूका माग पूरा गराउँन सकिन्छ, तसर्थ त्यागी नेता बनेर नेल्सन मण्डेला बन्न नेताहरूलाई आग्रह गर्दछन् ।

### ४.६.२.८. 'जङ्गेपिलरको कथा' कविताको अध्ययन र विश्लेषण

'जङ्गेपिलरको कथा' कविता केशव सिलवालको राष्ट्रप्रेममा आधारित कविता हो । सीमा अतिक्रमणलाई मुल विषय बनाएर नेपाली आमाले आफ्नो भूमि गुमाउनु परेको पीडा यस कवितामा पोखिएको छ । अहिलेको समसामयिक विषयलाई उठाउँदै नेपाली जनताहरू र जिम्वेवार निकायमा बसेका शासक वर्गलाई घच्घच्चाउँदै सिमा रक्षाका लागि लागिपर्ने कविले आह्वावन गरेका छन् । आफ्नो सिमाना दिन प्रतिदिन सर्दै वा घट्दै गएकोमा नेपाल आमा दु:खीत छिन् । रगतका धारा बगाएर आफ्ना सपुतहरू लगाएका सिमाना अहिलेको पिँडीले रक्षा गर्न नसकेकोमा दु:खेसो पोखेकी छिन् , यसरी

नालापानीको जग हालेको
यो जङ्गेपिलर
यति कमजोर हाला भन्ने
मैले आस गरेको थिइन
अब म जङ्गेपिलर बनेर आफैं
गाडिन्छु सिमानामा ।[५१]

[५१] 'जङ्गेपिलरको कथा' कविता 'धारिला मानिसहरू' पृ. ३१

नेपाल आमाले यसरी यी जङ्गेपिलरहरू भाग्दै भाग्दै आओस् भन्ने चाहेकी थिइन् । कालापानी, सुस्ता र कोइलाबासबाट आफ्ना टुक्राहरू टुक्रयाउँदै छाड्नु परोस् भन्ने कहिले सोचेकी थिइनन् । विदेशी प्रभुको चरणमा शिर चढाउँदै आमालाई बेचेर धनी बन्न सक्नेहरूका कानमा भएका ठेडी निकाल्न आमा विलौना गर्दछिन् । ती ओखलिएका सीमा स्तम्भहरूले मातृभुमिको खुट्टामा घोप्टो परेर परदेशी हुनु परेकोमा डाको छोडेर रुन पर्दा नेपाल आमा विचलित भएकी छन् । लाचार भएर शरणमा पर्शौं या हातखुट्टा छोडेर मरेतुल्य हौं भन्ने दोधारमा परेकी छन् । तराईको यो लम्पसार अवस्था प्रति पहाड तथा ती अविरल बग्ने नदीहरू जाग्नु पर्ने र आफ्नो आमाको छातीमा विदेशीहरूले कुल्चदा तयसको प्रतिकार गर्नुपर्ने कुरा कति व्यक्त गर्दछन् । जसरी हाम्रा वीर पुर्खाहरूले यो देशको सिमा रक्षा गरेको थिए त्यसैगरी अहिलेका आम नेपाली जनताहरूले पनि गर्नुपर्नेमा कवि जोड दिन्छन् । यो तराईको मात्र समस्या होइन, पहाडको पनि हो र हिमालको पनि हो । त्यसैले सबै एक जुट भएर सीमा रक्षाका लागि लाग्नुपर्नेमा कवि जोड दिन्छन् । सीमाना ओखल्नेहरूसँग प्रतिकार गर्नुपर्नेमा जोड दिन्छन् ।

नालापानीको वीरताको जगमा बनेका यी जङ्गेपिलरहरू यति कमजोर होला भन्ने कविले सोचेका पनि थिएनन् । तसर्थ अब नेपाल आमाले दह्रो मुटु पारेर आफैं जङ्गेपिलरका रूपमा गाडिनु पर्छ भन्ने भाव कविले व्यक्त गरेका छन् । यहाँ नेपाल आमाका सबै सपुतहरू एक भएर सीमा क्षेत्रमा उभिनु पर्ने उनको अडान छ ।

### ४.६.२.९. 'एउटा त्यस्तो कारखाना' कविताको अध्ययन र विश्लेषण

राष्ट्रिय जीवनका विडम्वनाका विभिन्न सन्दर्भहरू मध्ये अर्को एउटा महत्वपूर्ण सन्दर्भमा लेखिएको कविता 'एउटा त्यस्तो कारखाना' हो । 'धारिला मानिसहरू' कविता सङ्ग्रहमा सङ्गृहीत राम्रो र सशक्त कविता मध्ये यो पनि एउटा हो । पच्चिसौं कविताका रूपमा यस सङ्ग्रहमा रहेको यो कविताले सामन्तवादी सत्ताले निर्धारण गरेको परिवेशलाई कारखानाको बिम्बको रूपमा प्रस्तुत गरेका छन् । सामन्तवाद र पुँजीबाद एउटा यस्तो मानवद्धेषी चरित्र बोकेको सत्ता हो, जसले फोहर उत्पादन गर्ने काम गरेको छ अर्थात कारखानाका रूपमा स्थापित भएर खाली फोहर मात्र उत्पादन गर्दछ । सुन्दर वस्तुहरूको उत्पादन यो कारखानाले गर्न सक्दैन र सकिरहेको पनि छैन । कवितामा भाव कविकै श्लोकमा यसरी व्यक्त गरिएको छ -

तपाई गरिवीको गीत गाउनुहुन्छ
तर, चाख्नुभएको छैन गरिवी
तपाई बोलीको पहाड बनाउनुहुन्छ
तर, चढ्नुभएको छैन पहाड
तपाई एक कारखाना हुनुहुन्छ
भङ्ग गर्नु पर्ने कारखाना
जसले भकारो उत्पादन गरिरहेको छ ।[५२]

यसरी सिङ्गो देशलाई सामन्तवादले, पुँजीवादले भकारो बनाइरहेको छ र भकारो बनाउने यो कारखानाप्रति कविलाई विमति छ, अस्वीकारोक्ति छ । यो कारखानालाई कारखानाको रूपमा राखिराख्नु अब आम जनताका हितमा कविको विमति छ । यो कारखाना भङ्ग गर्नै पर्छ, बन्द गर्नै पर्छ भन्ने कविको दह्रो विचार कवितामा व्यक्त भएको छ । भकारोको त्यो प्रदुषण अब स्वीकार्य छैन । त्यो सफा गर्नै पर्ने र हटाउनै पर्ने भन्ने कविको त्यो विचारको सुन्दर शाब्दिक अभिव्यक्ति कवितामा छ ।

कविले कविता मार्फत सामन्तवाद र पुँजीवादलाई फोहर उत्पादन गर्ने कारखानाको संज्ञा दिंदै त्यस कारखानालाई बन्द गर्नु पर्नेमा जोड दिएका छन् । यी फोहरहरूले चारैतिर दुर्गन्ध फैलाउने भएकाले पनि यसलाई हटाउनु पर्ने भनाइ कविको छ ।

### ४.६.२.१०. **'ढलान पार्टी' कविताको अध्ययन र विश्लेषण**

केशव सिलवालको अर्को महत्वपूर्ण कविता 'ढलान पार्टी' हो । सामान्यतया ढलान पार्टी भन्नाले घर ढलान गर्ने समूह भन्ने बुझिन्छ । कुनै ठेकेदारले ढलान पार्टीका रूपमा पच्चिस, तीस श्रमिकहरू आउँछन् र घरको ढलान गरेर बेलुका फर्कन्छन् । यस सन्दर्भ ढलान पार्टीको रूपमा आउँछ । तर कविले यहाँ ढलान पार्टीलाई बेग्लै सन्दर्भमा र बेग्लै प्रतीक तथा बिम्बका रूपमा प्रस्तुत गरेका छन् । ढलान पार्टी सत्तासँग नजिक छ, त्यसले नागरिकका सपनाहरू ढलान गर्दै गएका छन् । परिवर्तनका चाहनाहरू छन्, भोक र तिर्खा मेटाउने चाहनाहरू पनि छन् तर ती चाहनाहरू सत्ताको ढलान पार्टीले कङ्क्रिटले ढलान गर्दै छन् ।

---

[५२] 'एउटा त्यस्तो कारखाना' कविता 'धारिला मानिसहरू' पृ. ५१

हाम्रै रगत र पसिनासँग सिमेन्ट मिसाएर
अनैतिकताको मिक्स्चरमा घोलेर
ढलान गर्दै प्रत्येक घरहरू, पिँढीहरू
आँगनहरू, मानिसहरू
ढलान गर्दै रुखहरू, चौरहरू र खेतहरू
ढलान गर्दै आकाश, तारा र चन्द्रमाहरू
ढलान गर्दै न्याय, मानवता र सद्भाव
ढलान गर्दै हाम्रो संस्कृति, इमान्दारिता र नैतिकता
हिँडिरहेका छन् यी ढलान पार्टीहरू
साँच्चै,
कोबाट परिचालित छन् यी ढलान पार्टीहरू ?[५३]

सत्ताको ढलान पार्टीले आम उत्पीडित मानिसहरूका, बहुसङ्ख्यक उत्पीडित मानिसहरूका सपनालाई ढलान गर्दै तिनका सपनाहरूलाई मार्दै र मेट्दै तिनको हत्या गर्दै गइरहेको छ भन्ने कविको अनुभूति हो । सूर्य र सूर्यको प्रकाश ढलान भएको छ । रगत, पसिना, नैतिकता सबै ढलान भएका छन् । ढलान पार्टी श्रमिक होइनन्, यहाा यथास्थितिवादी शासकहरू हुन् । कविता यथास्थितिवादी सत्ता र सामन्तवादी सत्ता विरुद्ध उभिएको छ ।

कवि केशव सिलवालका भनाइमा उत्पीडित जनतामाथि शोषण लाडिरहेको, सदियौंदेखि, वर्षौंदेखि उत्पीडित गरिरहेको सत्ता नै यहाँ ढलान पार्टी हो । जसले जनताहरूको सपना हत्या गरिरहेको छ भन्ने सन्दर्भलाई बडो सुन्दर शब्दका माध्यमबाट र प्रतीकात्मक ढङ्गबाट कविले यहाँ व्यक्त गरेका छन् ।

### ४.६.२.११. 'अभिशप्त समयविरुद्ध' कविताको अध्ययन र विश्लेषण

जुन समयको महत्व हुन्छ त्यसलाई बुझ्न नसकेको र सही रूपमा सदुपयोग गर्न नसकेको यथास्थितिलाई कवि केशव सिलवालले 'अभिशप्त समयविरुद्ध' कविता शीर्षकमा

---

[५३] 'ढलान पार्टी' कविता 'धारिला मानिसहरू' पृ. ५७

व्यक्त गरेका छन् । कुनै उर्जा नभएका सुतिरहेका विधायक जसले संविधान बनाउन सकेनन् उनीहरू प्रति व्यङ्ग्य गरेका छन् । त्यस्तै भत्ता पचाएर देश र विदेश भ्रमण मात्र गर्ने, जनताहरूका आवश्यकता पूरा गर्न पर्दा विरामी हुने प्रधानमन्त्री र मन्त्रीहरू समेतलाई व्यङ्ग्य गरेका छन् । समयलाई बुझ्रेर होहल्ला नगरी देशको निर्माण गर्न आग्रह गरेका छन् । आफ्नो जिम्वेवारीलाई बिर्सेर जेसुकै भन्दै चिसोलाई तातो र रातलाई उज्यालो भन्नेहरू प्रति कविको विद्रोह छ । विद्रोह चिसोप्रति छ, विद्रोह रातप्रति छ । उनले यस कवितामा पनि बिम्ब र प्रतीकहरूको प्रयोग गरेका छन् । कवि केशव सिलवाललाई थाहा छ, मानिसहरूका सपना र श्रमप्रति युगौंदेखि निर्विहतपूर्वक कब्जा गर्दै आएका मानिसविरोधीहरू हुन् र परिवर्तनका विरोधी हुन्, समयका विरोधी हुन्, त्यसैले कवि भन्छन् -

मेरो आवाज सुनेर तर्सिएकाहरू
म योभन्दा
कयौं गुणा बढी जोडले चिच्याउन सक्छु
मेरो चोटको मार खाएर रन्थनिएकाहरू
म योभन्दा
कयौं गुणा जोडले हिर्काउन सक्छु
अहिलेसम्म समयले
मलाई कुल्चियो
अब म कुल्चिन्छु यो अभिशप्त समयलाई ।[५४]

यसरी कवि केशव सिलवालले समयले खेदिएको, समयले ठगिएको र समयले रापिएको काललाई कवितामा प्रस्तुत गरेका छन् । यस्ता समयका बिरुद्ध आवाज बुलन्द गरेका छन् र समयसँगै बग्न आव्हान गरेका छन् । त्यसैले यस कविताको शीर्षक ‘अभिशप्त समयविरुद्ध’ राखिएको छ, जुन समय सापेक्ष र सार्थक देखिन्छ ।

### ४.६.२.१२. ‘प्लेकार्ड’ कविताको अध्ययन र विश्लेषण

प्रथमपुरुषीय दृष्टिबिन्दुमा संरचित यो ‘प्लेकार्ड’ कविता वर्तमान समयको कलात्मक साक्ष्य हो र जीवनलाई सुन्दर, सुरूप र सम्मोहक बनाउने मानव चाहनाका प्रतिबिम्ब हो । विभिन्न माग पूरा गर्न वा गराउन जनताहरू प्लेकार्ड बोकेर जुलुस तथा सभामा सामेल

[५४] ‘अभिशप्त समयविरुद्ध’ कविता ‘धारिला मानिसहरू’ पृ. ६३

हुन्छन्, आश्वासन सुन्न बाध्य हुन्छन् । तर पछि प्लेकार्डलाई च्यातेर फ्यालिन्छ, त्यो लुलो लट्ठी र ल्वाङ किलालाई फेरि अर्को प्लेकार्ड तयार पार्नका लागि थाती राखिन्छ ।

यस कवितामा कविले निर्धन, अभावग्रस्त, उपेक्षित मानिसहरूलाई नै बोल्न लगाएका छन् र उनीहरूको अनुभूति प्रस्तुत गरेका छन् । ती निर्धन, उपेक्षित, अभावग्रस्त मानिसहरू प्लेकार्ड बनेका छौं, बनाइएका छौं, प्लेकार्डका विषय स्वयम् हामी नै हौं । जुलुसको सुरुदेखि अन्त्यसम्म त्यो प्लेकार्ड बोकिन्छ । जुलुस समाप्त हुन्छ, प्लेकार्ड एउटा अँध्यारो कुनामा लगेर फालिन्छ, थन्काइन्छ । वास्तवमा नागरिकहरूको स्थिति यस्तै छ । बहुसङ्ख्यक उपेक्षित, अभावग्रस्त नागरिकहरू यसरी नै प्लेकार्ड बन्न विवश छन् । त्यो विवशप्रति प्रश्नचिन्ह उनीहरूकै माध्यमबाट कवि केशव सिलवालले कवितामा प्रस्तुत गरेका छन् -

फगत म हुँ एक प्लेकार्ड
जहिले पर्छ आवश्यकता
तासको तुरूपझैं
फ्याँकिन्छु देशभैं फैलिएको खालमा
प्रदर्शन गरिन्छु क्रुसिफाइडभैं
एउटा लुलो लट्ठीमा
ल्वाङ किलाले ठोकिएर ।[५५]

जसलाई प्लेकार्डका रूपमा बोकेर नयाँ बिहानी मागेका थिए, लोकतन्त्र र गणतन्त्र मागेका थिए आज उनैलाई फ्याक्ने काम भएको छ । प्लेकार्ड बोकेर जनयुद्ध गर्दै सत्तामा पुऱ्याइएका नेताहरूले प्लेकार्डलाई विर्सेका छन् । यो प्लेकार्डमा खुम्चिएर बस्नु पर्दाको पीडा कवितामा छ, तर पीडा मात्र होइन, अन्त्यमा प्लेकार्ड बन्न हामी विवश छैनौं भन्ने खालको, विद्रोहको भाव, प्रतिरोधको भाव पनि कवितामा व्यक्त गरिएको छ । प्लेकार्ड बनाउन बन्द गर्दै प्लेकार्डबाट मुक्ति पाउनका लागि पनि कवि आग्रह गर्दछन् ।

---

[५५] 'प्लेकार्ड' कविता 'धारिला मानिसहरू' पृ. ४७

### ४.६.२.१३. 'सतीप्रथा' कविताको अध्ययन र विश्लेषण

नेपालमा वि.सं. २००७ सालमा चन्द्रशम्शेरले सतीप्रथाको अन्त्य गरे पनि यस्तै प्रतिकार्थक सतीप्रथा नेपालमा विद्यमान रहेकोमा चिन्ता प्रकट गर्दै कवि केशव सिलवालले 'सतीप्रथा' भन्ने कविता लेखेका हुन् । अझैपनि नेपालमा सतीप्रथा रोकिएको छैन भन्ने कविको आसय छ । उनले सतीलाई प्रतीक र बिम्बको रूपमा लिएका छन् । वर्षैपिच्छे लाखौ युवाहरू विदेशमा सती जान विवश छन् । तराईका सीमाहरू जङ्गेपिलर ढलाइसँगै सती जान बाध्य छन् । नेपाली राष्ट्रियता र कला संस्कृति पनि सतीकै बाटो पहिल्याइ रहेको छ । त्यस्तै बौद्धिक वर्ग, नेतृत्वपङ्क्ति, व्यवसायी र नागरिक पनि सती जान आतुर देखिन्छन् । कलिलै अवस्थाको लोकतन्त्र र बामेसर्दै गरेको गणतन्त्र पनि नेताहरूकै पछि लागेर सती जान इच्छुक देखिन्छ । कविको भनाइमा यो सिङ्गो देश नै सती जान आतुर - आतुर देखिन्छ । कविका श्लोकमा सतीप्रथालाई यसरी व्यक्त गरिएको छ -

> खै, कहाँ रोकिएको छ सतीप्रथा ?
> सती जान व्यग्र बौद्धिक वर्ग र नेतृत्वपङ्क्ति
> सती जान आतुर व्यवसायी र नागरिक
> सती जान इच्छुक लोकतन्त्र र गणतन्त्र
> साँच्चै, यो सतीको देश हो ?
> कि यो देश स्वयम्
> आतुर - आतुर छ सती जान ![५६]

त्यसैले कवि चिन्ता व्यक्त गर्दछन् नेपालमा सतीप्रथा झन् मौलाएको देखेर । सिङ्गो देशलाई सतीप्रथाले गालेको छ । नेपालका सबै इमान्दारहरू सती गएकाले बेइमानहरू मात्र बसेका छन्, त्यसैले देशमा अशान्ति छ, अन्याय छ र भ्रष्टाचार व्याप्त रहेको छ । अस्पताल, अदालत र सरकारी अड्डाहरू पनि सतीकै हतारोमा छन् साथै वयस्कहरू पनि सती जान नै रमाएका देखिन्छन् ।

कवि चिन्ता व्यक्त गर्दछन् अब नेपाल आमालाई सती बन्नबाट कसरी रोक्ने भन्नेमा । यसरी कवितामा सतीप्रथालाई एउटा बिम्बको रूपमा प्रस्तुत गर्दै देश पूरै सतीप्रथामा

[५६] 'सतीप्रथा' कविता 'धारिला मानिसहरू' पृ. ६४

अँगालिएकोमा कवि चिन्ता प्रकट गर्दछन् । देशलाई सतीप्रथाबाट मुक्त गरेर साच्चिकै स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राष्ट्र बनाउन कवि सम्पूर्ण नेपाली जनतालाई आव्हान गर्दछन् ।

### ४.६.२.१४. 'प्रिय जलजला' कविताको अध्ययन र विश्लेषण

'प्रिय जलजला' कविता कविले क्रान्तिलाई नजिकबाट नियाल्दै लेखेको कविता हो । जनयुद्धको समयमा घटेका घटनाक्रमलाई यहाँ प्रस्तुत गरिएको छ । कविले कवितामा क्रान्तिको प्रतीक बनेको जलजलालाई सम्भन पुगेका छन् र क्रान्ति तथा मुक्तिप्रतिको असीम प्रेमभाव प्रकट गरेका छन् । कविले कवितामा यौद्धिकचेत र तत्जन्य क्रान्तिधर्मी अनुभूति सबल र सजीव भएर आएका छन् । कविताका स्मृति र कल्पनामा जलजलालाई यसरी कविले सम्भाइ रहेका छन् -

एक्लै - एक्लै छ होला त्यो सहिदस्तम्भ
सुनसान-सुनसान छ होला त्यो अनेकोट
फर्किएर एकदिन
यो कालो सुरुङ्गबाट
फेरि मज्जाले नाच्ने छौं हामीसँगसँगै
घेरा हाल्न रहने छैनन् त्यतिबेला
हिजोका ती काला छायाँहरू ।[५७]

कवितामा युद्धकालीन अवस्थाको चित्रण गरिएको छ । कविता पढ्दा यस्तो भान हुन्छकी कुनै लडाकु वा क्रान्तिवीर क्रान्तिका सिलसिलामा समातिएको छ, जेलमा छ र उसमा फेरि क्रान्ति सफल भइ छुटकारा पाएर आफ्ना प्रियलाई भेट्ने आशा छ । गाउँघरका युद्धकालीन रुकुमखोला, लालमाटिया, रामिडाँडा, च्याखुरे लेक, ताराखोला, फुन्टिवाङ, नेपालेडाँडा, गोपेटार, काबेली र फालेलुङ जस्ता ठाउँहरूमा पदचाप अझै सुरक्षित छ भन्ने कुरामा क्रान्तियुद्ध विश्वस्त छन् । क्रान्तिका मैदानहरू नेपाल भरि नै देख्न र भेट्न सकिन्छ।

[५७] 'प्रिय जलजला' कविता 'धारिला मानिसहरू' पृ. ८२

यसरी कवि सिलवालले युद्धकालीन अवस्थालाई पत्र शैलीमा आफ्नी प्रिय जलजलालाई सम्झेको चित्र 'प्रिय जलजला' मार्फत उताएका छन् । क्रान्ति सफल भए पछि आफ्नो जीवन सङ्गीलाई भेट्न आउने र ती गाउँका भिरपाखामा फेरि रमाउने कुरा जलजलाका प्रियले व्यक्त गरेका छन् । कविताको प्रस्तुतीकरण निकै भावुक शैलीमा गरेका छन् केशव सिलवालले ।

### ४.६.२.१५. 'प्रत्याक्रमण' कविताको अध्ययन र विश्लेषण

'प्रत्याक्रमण' कविता 'धारिला मानिसहरू' कविता सङ्ग्रहको अन्तिम कविता हो । त्रिचालीसौं कविताका रूपमा यस सङ्ग्रहमा सङ्गृहीत 'प्रत्याक्रमण' कविता नौं श्लोकमा विभक्त छ भने यसमा तीस पङ्क्ति रहेका छन् । प्रत्याक्रमणको अर्थ आक्रमणको विरुद्ध आक्रमण भन्ने बुझिन्छ । कविले जनआन्दोलन भाग २ अपुरो भएकाले फेरि आन्दोलन गर्नुपर्ने कुरामा जोड दिएका छन् । कविले युद्ध प्रासाङ्गिक मात्र होइन, अनिवार्य भएको तथ्यलाई अनुभूत गरेका छन् । युद्ध नै जीवनको अर्थ र आशय बनेको यथार्थलाई कविले यस रूपमा प्रकट गरेका छन्, जसलाई कविताकै श्लोकमा यहाँ उद्धरण गरिएको छ ।

> म धावा बोल्न चाहन्छु
> ती बूढा रुख र उन्यूका झाडीहरूमाथि
> बगर र बालुवाका महलहरूमाथि
> बाँसका खुट्टाहरू र प्लाष्टिकका दिमागहरूमाथि
> पर्याप्त भएनन्
> हिजो भएका आक्रमणहरू
> म फेरि धावा बोल्न चाहन्छु
> फेरि एकपल्ट -[५८]

क्रान्तिबाट पूरै परिवर्तन नभएको र नयाँ नेपाल निर्माणका लागि फेरि क्रान्ति वा आक्रमण गर्नुपर्ने कविको धारणा छ । जमिन कब्जा गरे पनि उर्बरा बनाउन सकिएको छैन । आकाश कब्जा गरे पनि बादल हटाउन सकिएको छैन । अझै पनि आक्रमणको विरुद्धमा

[५८] 'प्रत्याक्रमण' कविता 'धारिला मानिसहरू' पृ. ८७

लाग्नेहरूले टाउको उठाउन छाडेका छैनन्, षड्यन्त्रको जालो बुन्न छाडेका छैनन् त्यसैले पनि प्रत्याक्रमण गर्नु आवश्यक छ भन्छन् कवि ।

यसप्रकार कवि सिलवालले क्रान्तिलाई अनिवार्य ठानेका छन् । क्रान्ति समयको माग हो अनि परिवर्तनको सम्वाहक पनि हो । हिजोका क्रान्ति पर्याप्त नभएकाले फेरि धावा बोल्दै अर्को क्रान्ति वा आक्रमण गर्नैपर्छ भन्ने उनको ठम्याइ छ । प्रत्याक्रमण जनताको चाहना हो भने अहिलेको समयको माग पनि हो ।

यी माथिका कविताहरू बाहेक 'धारिला मानिसहरू' (वि.सं. २०६६) कविता सङ्ग्रहमा धार, शिखरको घाम, मैनबत्तीका टुक्राहरू, घाम डुब्नुअघि, ढोकाबाहिर, सुनको शौचालय, आत्महत्या गरेपछि, बज्रपात, सनहीको स्वर, थोत्रो दमकल, अर्को रोल्पा, ती हुँडारहरू, जुत्ता नम्बर दश, ऐतिहासिक कन्तुर, राज्यको अनुहार, शरमको अर्थ, राहत, मुटु निचोरेर, घाम ताप्ने डिल, मेरो नम्बर, प्रस्थान, रक्तिम भण्डा, उन्मुक्ति, प्रिय कलाकार, चटक, धैर्यको पारो, ठूलो घर र राता अक्षरहरू कविता सङ्गृहीत छन् । क्रान्तिलाई नजिकबाट नियालेका कवि सिलवालले आन्दोलन र नेपाली राजनीतिलाई नै आफ्नो कविताका विषय बनाएका छन् । पहिलो कविता सङ्ग्रह 'वर्जित अवशेष' को तुलनामा दोस्रो कविता सङ्ग्रह 'धारिला मानिसहरू' का कविताहरू कम निराशावादी देखिन्छन् ।

यस सङ्ग्रहको भूमिका तयार पार्ने क्रममा डा.जगदीशचन्द्र भण्डारी सरले कवि र कविताका बारेमा यसरी आफ्ना भाव व्यक्त गर्नुभएको छ । "केशव सिलवालका त्रिचालीसवटा कविताको सङ्ग्रह 'धारिला मानिसहरू' कविको दोस्रो रचना सङ्ग्रह हो । कवितामा कवि वैचारिक अस्त्रसहित उभिएका छन् । उनी कहीँ पनि निरस्त्र छैनन्, अस्त्रहीन स्रष्टा कलात्मक हुँदैन, अझ समयको गीत, ध्यनि र रङ्गलाई वस्तुता प्रदान गर्ने कविमा त झनै कलात्मकताको खोजी हुन्छ । कविले यहाँ मुक्ति-सङ्ग्रामको एउटा पक्षलाई चयन गरेका छन् र त्यसप्रति उनी प्रतिबद्ध छन्, कवितामा आफ्नो निजी जीवनको अनुभव संसारलाई चिन्तित प्रयत्नभन्दा पाठककै अनुभूति उत्खनन गर्नेतिर अग्रसर छन् ।"

### ४.६.२.१६. निष्कर्ष

प्रस्तुत कविता सङ्ग्रह व्याख्यात्मक नभए भावात्मक शैलीमा लेखिएको छ । सूक्ष्म तन्तुले कवि र पाठकलाई आपसमा मिलाउँने काम गरेको छ । कवि केशव सिलवाल

विचारविहीनताबाट मुक्त रहेका छन् । कविले सहज र सरल भाषाका बिम्बका गुच्छा बनाइएको छ । कविताहरू जीवनकै धरातलमा चित्रण गरिएका छन् । लय छ मुक्त जीवनको, सङ्गीत छ वर्ग सङ्घर्षको, अनुभव र अनुभूतिमा कविता आफैं सल्बलाए जस्ता लाग्छन्, गुनगुनाउँ जस्ता लाग्छन् । यी कविताहरू उत्तरआधुनिकतावादी भनाउँदाका निम्ति पनि जवाफ भई उभिएका छन् ।

कविताहरू प्रथमपुरुषीय बाहुल्यतासँगै तृतीयपुरुषीय छिटफुटतामा रचिएका छन् । यी कविताहरू वर्तमान समयका कलात्मक साक्ष्य र जीवनका सुन्दर मानवीय प्रतिबिम्ब हुन् । कविताहरू जीवनलाई नजिकैबाट हेरेको मात्र होइन, कविताहरू जीवनमय भएर जीवनमै वा युगमै मिसिन पुगेको छ । कविताको सुन्दरतामा नयाँ बिम्ब र प्रतीकहरूको प्रयोगबाट कविता झन धारिला र दरिला भएर उभिएका छन् । शिल्प, भाषा र संरचनामा कविताहरू उत्तम छन् । कवितामा कविको शैली, रूप र संरचना फरक, मर्मस्पर्शी र मौलिक छ । त्यसैले कविता सङ्ग्रह खारिएको र सशक्त पनि छ ।

सङ्घर्ष गर्दै, सङ्घर्षका माध्यमबाट, सङ्घर्षको परिणाम स्वरूपमा सङ्घर्षकारी शक्ति, परिवर्तनकारी शक्तिहरू जब सत्तामा पुग्छन्, सत्तामा पुगेपछि तिनको व्यवहार कस्तो हुन्छ ? हिजो सङ्घर्षको यात्रामा सँगै लिएर हिँडेका मानिसहरूप्रति तिनीहरूको व्यवहार कस्तो हुन्छ ? उत्पीडित मानिसहरूका आफ्नै समूहप्रतिको व्यवहार कस्तो हुन्छ ? भन्ने कुरालाई पनि यसमा इङ्गित गरिएको छ । सँगसँगै सामान्य मानवीय व्यवहारलाई पनि यसमा देखिएको छ । त्यसका लागि एउटा प्रतीकात्मक सन्दर्भको प्रयोग कविले गरेको देखिन्छ । त्यो हो मैनबत्तीका टुक्राहरू तर मैनबत्ती मात्रै छैन, यसमा सलाईका काँटीहरू पनि छन् । मान्छे रात परेपछि आगो बाल्छ, उज्यालो खोज्छ, सलाई कोर्छ, मैनबत्ती बाल्छ, टर्च लाइट वा लालटिनहरूको प्रयोग गरिन्छ तर विहान उज्यालो भइसकेपछि तिनै सलाईका काँटीहरू यत्रतत्र फालिएका हुन्छन्, त्यसप्रति मानिसको चासो हुँदैन । विहान भएपछि बालिएका ती टुक्राटाक्री वस्तुहरूको उपेक्षा गर्छ मान्छे र ती टुक्राहरू यत्रतत्र फालिएका हुन्छन् । यात्राका सहयात्री नायक वा नायिका हुन् तर जब सत्ताको उज्यालोमा ती व्यक्तिहरू पुग्छन् अनि बिर्सन्छन् ती सहयात्रीहरूलाई ।

निकै प्रतीकात्मक ढङ्गले यस सन्दर्भलाई कविले हाम्रो राष्ट्रिय जीवनसँग गाँसेर व्यक्त गर्न खोजेका छन् । सङ्घर्षको लामो र निरन्तर प्रक्रियाबाट जब सङ्घर्षशील शक्तिहरू

नै सत्तामा पुग्छन् अनि सङ्घर्षको यात्रामा हिजोका सहयात्रीहरूलाई कसरी बिर्सन्छन् ? तिनको उपेक्षा कसरी गर्छन् ? भन्ने कुरा प्रति यो ठूलो प्रश्न पनि हो र व्यङ्ग्य पनि हो । यो आजको हाम्रो विडम्वनापूर्ण राष्ट्रिय जीवनको अनुभूति हो र यस्ता सन्दर्भलाई पनि कविले बडो बिम्बात्मक भाषामा सुन्दर शब्दका माध्यमबाट, प्रतीकका माध्यमबाट प्रस्तुत गरेका छन् । कहीँ पनि सोझै भनिएको छैन तर सजिलै बुझ्न भने सकिन्छ ।

त्यस्तै 'आत्महत्या गरेपछि' शीर्षक कवितामा निम्न वर्गीय मानिसहरू विभिन्न ठाउँमा उत्पीडित रहेको सन्दर्भ प्रस्तुत गरिएको छ । तिनको अकाल मृत्यु भइरहेको सन्दर्भ कवितामा छ । यस्तो लाग्छ कविलाई मानौ यो देश होइन, यो आत्महत्याको प्रदेश हो । यो शारीरिक आत्महत्या मात्रै नभएर मानसिक आत्महत्या पनि हो । शारीरिक आत्महत्या बाहेक पनि जब समवेदनाको अन्त्य हुन्छ, उपेक्षा र तिरस्कार हुन्छ भने त्यो पनि आत्महत्याको स्थिति हो । त्यहाँ मानवीय समवेदना मरिसकेको हुन्छ, त्यो पनि आत्महत्याकै अवस्था हो । कवि केशव सिलवालले आत्महत्या वा अकाल मृत्यु बेहोरिरहेका मानिसहरूको माध्यमबाट उनीहरूलाई बोल्न लगाएर त्यस्तो आत्महत्या गर्न विवश बनाउने सत्ता र परिवेशप्रति तिखो प्रश्न कवितामा प्रस्तुत गरिएको छ ।

विभिन्न पात्रका माध्यमबाट त्यो परिवर्तनको चाहना, सुन्दर भविष्य निर्माणको चाहनाको प्रवाहपूर्ण, बडो ओजपूर्ण अभिव्यक्ति कवितामा भएको छ । यो नै 'धारिला मानिसहरू' कविता सङ्ग्रहको महत्वपूर्ण पहिचान हो र प्राप्ति पनि हो । जहाँसम्म कविता सङ्ग्रहको रचनाशीलताको कुरा छ, यसको कलाको कुरा छ त्यसमा कविले पर्याप्त साधना गरेका छन् । यो पर्याप्त साधनाको सुन्दर उत्पादनका रूपमा आएको छ । शब्दहरू सुन्दर र उपयुक्त खालका छन् भने कहीँ पनि शब्दहरूको अनावश्यक थुप्रो देखिदैन । शब्द चयनमा कवि सिलवाल सामर्थ्यशील छन् । बिम्बको कलामा बडो मौलिक ढङ्गका, नवीन खालका बिम्बहरू देखिन्छन् । यस्ता नवीन र नौला मौलिक बिम्बहरूले कवितालाई साच्चिकै सुन्दर, कलात्मक र प्रभावकारी बनाएका छन् । कवितालाई कविले नारा हुनबाट जोगाएर विचारका रूपमा प्रस्तुत गरेका छन् । यसको मुख्य राज भनेको सुन्दर शब्दहरूको सुन्दर बिम्बहरूको कालिगढी सामर्थ्य हो ।

तसर्थ समकालीन कविका कविताहरूका माझमा 'धारिला मानिसहरू' कविता सङ्ग्रहले आफ्नो एउटा बेग्लै र विशिष्ट पहिचान कायम गर्न सकेको छ भन्ने मेरो मूल्याङ्कन

हो । मेरो यही निष्कर्षसँगै कवि केशव सिलवालप्रति बधाई व्यक्त गर्दै आउँदा दिनहरूमा अझै खारिएका र धारिला कविताहरू आउने कुरामा आशावादी छु । कविको यो काव्य यात्रा पक्कै पनि रोकिने छैन भन्ने कुरामा म विश्वस्त छु ।

## ४.७. 'नोट अफ डिसेन्ट' कविताको अध्ययन र विश्लेषण

'नोट अफ डिसेन्ट' कविता 'प्रतिभा-प्रवाह' सिर्जना र समीक्षा साहित्यिक पत्रिका २०६८, वर्ष १, अङ्क १२ पूर्णाङ्क १४ मा प्रकाशित गरिएको छ । केही बैतेडेली शब्दहरूको प्रयोग गरिएको यस कवितामा पनि क्रान्तिलाई नै जोड दिइएको छ । दश वर्षे माओवादी जनयुद्धले पूर्णता नपाउँदै आन्दोलन छोडेकोमा कवि चिन्तित छन् । आत्मासमर्पणवादलाई अँगालेर क्रान्तिलाई बीचमा नै छाडेर जनताका हक अधिकारहरू पूरा नभएकोमा उनले विमति जनाउँदै 'नोट अफ डिसेन्ट' लेखेका छन् ।

तीन वटै पुरुषको प्रयोग गरेर कविता लेखिएता पनि द्वितीय पुरुषीय शैलीको प्रधानता कवितामा देख्न पाइन्छ । कविता सात वटा श्लोक फरक-फरक पङ्क्तिमा रचिएको छ । कविता पढ्दा क्रान्ति अझै नपुगेकाले क्रान्तिलाई नै निरन्तरता दिनुपर्ने भाव भेटिन्छ । सहमतिका नाममा लाचार भएर सबै आफ्ना मागहरू छोडेकोमा कविमा निराशा छ । विस्तारै विस्तारै माओवादीले आफ्नो लाइन छोड्दै पुँजीवादलाई अँगालेको भन्ने उनको ठम्याइ छ । कविको विचार कविताकै श्लोकमा यसरी व्यक्तिएको छ -

तम्ले नोट अफ डिसेन्ट लेख्यौ
बन्दुक बोकेको काँध
र गोली लागेको छाती विरुद्ध
भीरपाखा
प्रकाश रोप्दै हिँड्नेहरूलाई
अयोग्य सावित गऱ्यौ तम्ले
के साँच्चै अयोग्य
थिए तिनीहरू[५९]

---

[५९] 'नोट अफ डिसेन्ट' प्रतिभा-प्रवाह, पृ. ७/८, वर्ष १, अङ्क १२, पूर्णाङ्क १४, कात्तिक २०६८

कविले नेपालका विकट ठाउँहरू विशेष गरेर सुदुरपश्चिम र मध्यपश्चिम क्षेत्रको पहाडी वा हिमाली जिल्लाहरूका नेपाली जनताका भावना विपरित गरिएको सम्झौताका रूपमा लिएका छन् । त्यसैले कविले कवितामा त्यतैको भाषा वा बैतेडेली शब्दहरू प्रयोग गरेका छन् । नाङ्गा तथा भोका मानिसहरूका मागहरू सम्बोधन नगरीकनै आन्दोलनका नाइकेहरूले आत्मसमर्पण गरेकामा कवि दुःखीत छन् । आन्दोलनका सहयात्री, सहिद र विरामीप्रतिको यो गद्दारी हो भने उनीहरूको आशामा तुषारापात पनि हो । ती घाउका चोटहरू खाटा बस्न नपाउँदै कसरी बिर्सेर सम्झौतामा घुडा टेक्न पुग्यौ भनेर प्रश्न गर्छन ती क्रान्तिकारीहरू । नेपालका भीरपाखामा बन्दुक बोकेर क्रान्ति गर्दा गोली लागेका छाती र प्रकाश छर्दै हिड्ने ती लडाकु कसरी अयोग्य भए भन्ने प्रश्नहरू कवितामा तेर्सिएका छन् ।

यसरी कवि केशव सिलवालले बाह्र बुँदे सम्झौतालाई नकार्दै त्यसमा फरक मत राख्दै 'नोट अफ डिसेन्ट' लेखेका छन्, जसलाई कविताका रूपमा यहाँ प्रस्तुत गरिएको हो ।

### ४.८. केशव सिलवालका साहित्यिक प्रवृतिहरू

मार्क्सवादी चिन्तक कवि केशव सिलवाल मूलतः प्रगतिशील विचारधाराका कवि हुन् । उनका कविताहरू राजनैतिक विषयसँग केन्द्रीत हुन्छन् । यथास्थिति र पुँजीवादका विरोधी कवि केशव सिलवालका कवितामा वर्गसङ्घर्ष, क्रान्ति, पुर्नसंरचना जस्ता विषयलाई समावेश गरिएको पाइन्छ । आन्दोलनलाई नजिकबाट नियालेकाले कवितामा आन्दोलनका झलकहरू पनि चित्रण गरिएको पाइन्छ । उनको पहिलो कविता सङ्ग्रह 'वर्जित अवशेष' ( वि.सं. २०६३) निराशावादी हो । यहाँ अधिकांश कविताहरू क्रान्तिकारी छन् भने आन्दोलनको समयमा भएका दमन, हत्या र हिंसालाई चित्रण गरिएको छ । शासक र जनताबीचको खाडललाई पनि कवितामा चित्रण गरिएको छ । दोस्रो कविता सङ्ग्रह 'धारिला मानिसहरू' (वि.सं. २०६६) पनि पहिलो सङ्ग्रहकै पुनरावृत्ति जस्तो देखिन्छ । तर यस सङ्ग्रहमा भने निराशाका साथै आशावादी कविता पनि देख्न सकिन्छ ।

यसप्रकार कवि केशव सिलवाल साम्यवादी विचारधाराका भएकाले यसको आभास कविताहरूमा पनि देखिन्छ । दश वर्षे जनयुद्ध र त्यसको सेरोफेरोमा अधिकांश कविताहरू रुमलिएको पाइन्छ । कविताहरूमा गरिब तथा दमनमा परेका नेपाली जनताका स्वरहरू गुञ्जिएको पाइन्छ । नेपालका विकट क्षेत्रमा बसोबास गर्ने जनताहरूका पीडा र रुवाइलाई कवितामा स्थान कवि केशव सिलवालले दिएका छन् ।

## ४.९. केशव सिलवालका साहित्यिक योगदान

साहित्यको महत्वपूर्ण विधा कविता मानिन्छ । यही कविता विधालाई विद्यार्थी कालबाट नै साहित्य क्षेत्रको प्रवेशद्वार बनाएका कवि केशव सिलवालले काव्यलाई नै साहित्यिक यात्रामा निरन्तरता दिए । वि.सं. २०४९ मा 'अकाल मरण' कविता मार्फत साहित्यको धर्तीमा पदार्पण भएका कविले वि.सं. २०६३ मा आएर बल्ल पहिलो कविता सङ्ग्रह 'वर्जित अवशेष' प्रकाशन गरे । जीवनका उकाली ओरालीहरूलाई पार गर्दै आफ्नो पढाइ, घरगृहस्थी र व्यवसायलाई अगाडि बढाउदै उनले वि.सं. २०६६ मा दोस्रो कविता सङ्ग्रह 'धारिला मानिसहरू' प्रकाशन गरे । यस बीचमा विभिन्न साहित्यिक पत्रिकाहरूको सम्पादन गर्दै साहित्यिका यात्रालाई निरन्तरता दिने काम गरे । यसै क्रममा केही निबन्ध, टिप्पणी तथा यात्रा सस्मरण पनि लेखेका देखिन्छ ।

कवि केशव सिलवाल दोस्रो चरणमा प्रगतिशील लेखक सङ्घमा आवद्ध भएर साहित्यको विभिन्न गतिविधिमा सङ्लग्न भएका देखिन्छन् । विभिन्न साहित्यिक सङ्घ संस्थामा आवद्ध भएर साहित्य क्षेत्रमा महत्वपूर्ण योगदान दिएका छन् । विचार, बिम्ब र प्रतीकहरूका नौला प्रस्तुती मार्फत नेपाली साहित्यलाई गोडमेल गर्ने कार्यमा उनको महत्वपूर्ण योगदान रहेको छ । साथै उनी साहित्यिक यात्राको यो मार्गलाई नछाड्ने र भविष्यमा अन्य लेख रचना एवं कविता सङ्ग्रह प्रकाशित गर्ने वाचा गर्दछन् ।

## ४.१०. निष्कर्ष

केशव सिलवालले आफ्नो जीवन यात्राका पलहरूमा विभिन्न घुम्तीहरू पार गर्दै अन्तमा कवि बनेर प्रसिद्ध भए । यस तथ्यको पुष्टि उनका प्रकाशित कविता सङ्ग्रहहरू तथा अन्य फुटकर एवं पत्रिकामा प्रकाशित कविताहरूले गर्दछ । अझै उनी कविता लेखन क्षेत्रमा लागिपरेका छन् ।

बहु प्रतिभाशाली कवि केशव सिलवालका साहित्यिक रचनालाई दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ । प्रथम चरण साधना वा अभ्यासकाल हो, यस कालमा उनको 'वर्जित अवशेष' कविता सङ्ग्रह (२०६३) चालीसवटा कविता बोकेर सशक्त रूपमा प्रस्तुत भएको थियो । साथै उनले अन्य कविताहरू पनि पत्र पत्रिकाहरूमा प्रकाशित गरे । त्यसैगरि दोस्रो चरण विकासकाल हो, यस कालमा उनले 'धारिला मानिसहरू' कविता

सङ्ग्रह (२०६६) त्रिचालीसवटा कविता समावेश गरी प्रकाशन गरे । यस कृतिले अँध्यारो परिवेशमा उज्यालो प्रकाश छर्दै वर्गचेतना र वर्गमुक्ति भावले अभिसिञ्चत जीवित यथार्थको प्रतिबिम्बित गऱ्यो । दोस्रो चरणमा उनी साहित्यिक पत्रिकाहरू सम्पादन गर्ने कार्यमा पनि व्यस्त देखिए भने विभिन्न साहित्यिक सङ्घ संस्थामा पनि आवद्ध भई साहित्यिक गतिविधिमा आफूलाई सङ्लग्न गराउन सफल भए ।

प्रगतिशील विचार धाराका कवि केशव सिलवालमा राजनैतिक प्रभाव पनि परेको देखिन्छ । उनका कविताहरूमा ती प्रभाव प्रष्ट रूपमा पोखिएका छन् । प्राय कविताहरू दश वर्षे जनयुद्धका परिणाम बनेर आएका छन् । उत्पीडित नेपाली जनताको वेदना र शक्तिको चाहना गरेको मानिसको चित्कार कविताहरूमा पोखिएको पाइन्छ । बिम्ब र प्रतीक मार्फत कविताले विचारलाई बोकेको छ, क्रान्तिलाई बोकेको छ र आन्दोलनलाई अनिवार्यताका रूपमा बोकेको छ ।

कविका उल्लिखित विभिन्न कृतिहरूले गर्दा उनी विभिन्न सम्मान एवं पुरस्कारबाट सम्मानित भइसकेका छन् र हुँदै पनि छन् । भर्खरै चालीस वसन्त पार गरेका कविका अन्य साहित्यिक लेख रचना एवं कविताहरू प्रकाशोन्मुख रहेका छन् भने पछिका दिनहरूमा पनि साहित्य क्षेत्रलाई नै निरन्तरता दिने उनको अठोट छ ।

### अध्याय पाँच

## उपसंहार तथा निष्कर्ष

भाषिक स्तरीयता र काव्यात्मक उन्नयनका लागि कविता र कविता सङ्ग्रहको प्रकाशन निकै महत्वपूर्ण मानिन्छ । विशेष गरेर गद्य शैलीमा कविता लेख्ने कवि केशव सिलवालको जन्म वि.सं. २०३० साल माघ १३ गते मंगलबारका दिन पिता कृष्णबहादुर र माता कान्तीबाट दोस्रो सन्तानको रूपमा भएको हो । काठमाडौं उपत्यकाको सिमाना ललितपुर जिल्ला, लेले गा.वि.स. वडा नं. ५ ज्ञानकी देवी सरस्वती कुण्डको छेउमा चालीस वर्ष अगाडि पदार्पण भए । उनको शैशवकाल यसै पावन भूमि एवम् प्राकृतिक सुन्दरता बीच रमाउँदै र ज्ञान बटुल्दै वित्यो । प्रारम्भिक शिक्षा त्यहीबाट शुरु गरी विभिन्न शिक्षण संस्थामा पाइला टेक्दै वि.सं. २०६० मा त्रिभुवन विश्वविद्यालय अन्तर्गत त्रि-चन्द्र कलेजबाट समाजशास्त्रमा एम्.ए. गरे । पढाइलाई यतिमै सिमित नराखी विद्यावारिधी (पी.एच्.डी.) सम्म पुऱ्याउने उनको लक्ष्य छ । यही लक्ष्यलाई पछ्याउँदै उनी साहित्य, शिक्षा र शिक्षणलाई एकै साथ अगाडि बढाउँदै छन् । हाल त्रि.वि.वि. कीर्तिपुरमा एम्.फिल्. गर्दै छन् भन्ने कुरा शोधनायकसँगको भलाकुसारीबाट थाहा हुन्छ ।

चञ्चले स्वभावका केशव सिलवालको बाल्यकाल सुखका साथ बित्यो । विद्याकी देवी सरस्वतीको काख सरस्वती कुण्डमा जन्मिएकाले होला उनले पढाइलाई तीव्र रूपमा अगाडि बढाए । सधैं प्रथम हुने उनको स्वभाव थियो भने उच्च शिक्षामा पनि उनले राम्रो नम्बर, प्रथम श्रेणीमै आफ्नो नाम सुरक्षित गरे । वि.सं. २०५४ सालमा २४ वर्षको उमेरमा उनको विमला घिमिरेका साथ हिन्दु परम्परा अनुसार विवाह भयो । १ छोरी र १ छोरा गरी दुई सन्तानका पिता बन्ने सौभाग्य पाएका केशवको ४ जनाको सानो परिवार छ । बुवाहरू छुट्टै सातदोबाटोमा बस्नुहुन्छ भने उनले आफ्नै जन्मथलो लेलेलाई कर्मथलो र जीवन निर्वाहको थलो बनाएका छन् । छोरी र छोरा केशवले आफ्नै आमाको नामबाट खोलेको विद्यालय अमर कान्ती सेकेण्डरी इङ्लिस स्कूल (वि.सं. २०५४) मा पढ्दै छन् । उनीहरू पनि केशव जत्तिकै तृष्ण बुद्धिका छन् भने सधैं प्रथम पनि हुन्छन् ।

विद्यालय जीवनदेखि नै साहित्यमा चाख राख्ने केशव सिलवालले विद्यालय तथा कलेजका मुखपत्रमा कविताहरू नलेखेका होइनन् यद्यपी उनको साहित्यिक यात्रा भने 'अकाल मरण' शीर्षक कविता 'बगर' साहित्यिक पत्रिका, वि.सं. २०४९ पुस-माघ, वर्ष ११,

पूर्णाङ्क ३७ मा प्रकाशन भएपछि मात्र आरम्भ भएको हो । कवि ज्ञानका भण्डार हुन् त्यसैले उनले पहिलो पुस्तककार कृति 'वर्जित अवशेष' (वि.सं. २०६३) कविता सङ्ग्रह प्रकाशन गरे । त्यसै गरी 'धारिला मानिसहरू' (वि.सं. २०६६) कविता सङ्ग्रह दोस्रो कृतिका रूपमा नेपाली साहित्य क्षेत्रमा प्रवेश गराए । मुक्तक, गजल, गीत र फुटकर कविता विभिन्न पत्र पत्रिकाहरूमा बारम्बार प्रकाशित भइनै रहेका छन् । विशेषतः उनी आफै पनि विभिन्न साहित्यिक पत्रिकामा सम्पादक भएकाले पनि आफ्ना कविता एवं अन्य लेख रचनाहरू त्यस मार्फत प्रकाशन भइरहेका छन् । पछिल्ला समयमा उनी पत्रिकाको सम्पादन र विभिन्न प्रगतिशील साहित्यिक संघ संस्थासँग आवद्ध भएका छन् । उनी अखिल नेपाल महासंघ केन्द्रीय सदस्य एवं ल.पु. जिल्ला सदस्य, 'अखिल नेपाल लेखक संघ' केन्द्रीय सचिवालय सदस्य, 'प्रगतिशील लेखक संघ' केन्द्रीय परीषद सदस्य एवं ल.पु.जिल्ला अध्यक्ष, 'प्रतिभा प्रवाह' सचिव तथा सम्पादक जस्ता संघ संस्थामा आवद्ध रहेका छन् ।

कवि केशव सिलवालको सामाजिक सेवा पनि राम्रो देखिन्छ । आफैले विद्यालय सञ्चालन गरेर विभिन्न जेहेन्दार तथा गरिब विद्यार्थीहरूलाई वर्षैपिच्छे छात्रावृत्ति प्रदान गरेका छन् । गा.वि.स.मा विभिन्न विकास निर्माणका कार्यमा संलग्न हुँदै आएका छन् । 'सामुदायिक सेवा समूह', 'सामुदायिक वन उपभोक्ता समूह', 'लेले प्राथमिक स्वास्थ्य केन्द्र' जस्ता सामाजिक संघ संस्थामा उनी लागेका छन् । राजनैतिक चेतना भएका कवि सिलवालले जनआन्दोलन भाग २ (वि.सं. २०६२/६३) लाई नजिकबाट नियाल्दै आन्दोलनमा सरिक भएका थिए । जनयुद्धप्रति उनको समर्थन थियो भने माओवादीलाई अनुशरण गरेर पछिल्ला दिनमा उनी नेकपा माओवादी पार्टीसँग आवद्ध भएका पनि छन् ।

कवि सिलवालले मार्क्सवादलाई समर्थन गरेका छन् । तसर्थ उनका कविताहरूमा पनि मार्क्सवादको झझल्को देख्न सकिन्छ । प्राय कविहरूले प्राकृतिक विषयवस्तुलाई आफ्नो क्षेत्र बनाउने गर्दछन् । तर केशव सिलवाल भने यसका अपवाद हुन् । उनले राजनीतिमा केन्द्रीत भएर नेपाली राजनीतिमा देखिएका विसङ्गती, वर्गसङ्घर्ष, उत्पीडन, दमन, अराजकता र सरकारको अकर्मण्यताका साथै भ्रष्ट नेतृत्वका अत्याचारलाई प्रमुख विषय बनाएका छन् । कविताहरू एउटै धारमा उभिएका छन् । यद्यपी फरक बिम्ब र प्रतीकले कवितालाई सशक्त बनाएको छ । कवितामा निराशापन बढी देखिन्छ भने केही आशावादी चरित्रका कविता पनि पढ्न पाइन्छ ।

पहिलो कविता सङ्ग्रह 'वर्जित अवशेष' मा परिवर्तन अगाडि नेपालमा देखिएको यर्थाथ घटना प्रस्तुत गरिएका छन् । यस सङ्ग्रहमा द्वन्द्व, आन्दोलन, हत्या, दमन आदि विषयलाई उठाइएको छ । त्यसै गरी दोस्रो सङ्ग्रह 'धारिला मानिसहरू' मा परिवर्तनबाट पनि जनताको मागहरू पूरा हुन नसकेकोमा दुःखेसो पोखिएको छ । जनताहरूले फेरि आन्दोलन गर्नुपर्ने क्रान्तिको भावना उल्लेख गरिएको छ । सम्पूर्ण कविताहरू पीडा र वर्गसङ्घर्षका परिणाम हुन् । उनका कविताको महत्वपूर्ण पक्ष भनेको कविले आफूलाई निश्चित ठाउँमा उभ्याएका छन् । कविले एउटा निश्चित लोकेशन रोजेका छन् त्यो हो उत्पीडित जनताको जीवन भोगाई । कविले टेक्ने ठाउँ स्पष्ट छ, कविले बहुसङ्ख्यक उत्पीडित जनतालाई कवितामा प्रस्तुत गरेका छन् । कविताको अग्रभागमा उत्पीडित बेहोरिरहेका, उपेक्षा बेहोरिरहेका, सुन्दर भविष्य निर्माणको चाहना गरिरहेका जनता छन् र कविताका पृष्ठभागमा चाहिँ निरङ्कुश शक्तिहरू, यथास्थितिवादी शक्तिहरू रहेका छन् । यी दुई शक्तिहरू, यी दुई किसिमका परिवेशहरू, वर्गीय अवस्थाहरूलाई कविले प्रस्तुत गरेका छन् । कविले कवितामा एक खालको स्पष्ट वर्गचेतनाको स्थिति हामी देख्न सक्छौं उनले वर्गसङ्घर्ष मात्र हाइन लैङ्गिक समस्यालाई पनि स्थान दिएका छन् । कविले एकातिर यथास्थितिवादी शक्तिहरूलाई प्रस्तुत गरेका छन् भने अर्कातिर उत्पीडित जनताहरूलाई प्रस्तुत गरेका छन् र आफू उत्पीडित जनताका बीचमा दरोसँग उभिएका छन् । बिम्ब र प्रतीकलाई सही रूपमा प्रयोग गरेका छन् ।

गद्यात्मक कविताका ओजस्वी भार थेग्न सक्षम कवि केशव सिलवालका कवितामा अरु कविका कविताको जस्तो मात्रा, द्वन्द्व, अनुप्रास, छन्द आदि नमिले पनि सुगन्ध र आस्वादनमा कुनै कसर देखिदैन । बिम्ब र प्रतीकहरूको प्रयोगले नौलो आयमको सूत्रपात बोध पाठक वर्गमा परेको छ । कविताहरू समयानुकूल सललल बगेका छन् । विषय शीर्षक अनुरूप अर्थ पाइन्छ भने कवितामा कुनै फिकापनको झल्को पाइन्न । कविताको भाषाशैली सरल र बोधगम्य प्रवृतिको छ । उनका कवितामा प्राय क्रान्ति र राजनैतिक शब्दहरूको प्रयोग विषय सन्दर्भसँग जोडिएर आएका हुन्छन् । कविले साहित्यिक यात्रालाई निरन्तरता दिइरहेको बताउँछन् । अझै पनि कविको कवित्व शक्ति वसन्तझै सुशोभित, पल्ववित भई फष्टाउने, झयाँङ्गिने र मौलाउने छ । कवि साहित्य उत्थानका लागि दिलोज्यान दिएर लागिपरेका छन् । यस्ता साहित्यिक हस्तीहरूलाई कसैले पनि पूर्वाग्रहको भावनाले ओझेलमा वा छायाँमा पर्न दिनुहुन्न । यस्ता साहित्यकर्मीहरूलाई राष्ट्र र जनताले सधैं माया गर्नुपर्छ र

विभिन्न सम्मान एवं पुरस्कारबाट विभूषित गर्दै साहित्यिक यात्रामा निरन्तर लागि राख्न हौसला प्रदान गर्नुपर्छ । कवि केशव सिलवालले नेपाली साहित्य क्षेत्रमा अझै धेरै कुराहरू प्रदान गर्नेछन् भन्ने कुरामा विश्वास गर्नु सापेक्षित हुनेछ ।

केशव सिलवालको जीवनी र कृतिहरुको विश्लेषण गर्दा मूलतः उनी प्रगतिवादी कवि भएको प्रमाणित हुन्छ । उनको पहिलो कविता सङ्ग्रह 'वर्जित अवशेष' (२०६३) भन्दा पनि दोस्रो सङ्ग्रह 'धारिला मानिसहरु' (२०६६) सशक्त रूपमा प्रगतिवाद तिर उन्मुख भएको देखिन्छ । दास्रो चरण र पछिल्ला समयमा प्रकाशित कविताहरुमा कवि केशव सिलवालले प्रगतिवादलाई निरन्तरता दिएका देखिन्छन् ।

# परिशिष्ट

## नेपाली कलासाहित्य डट कम प्रतिष्ठान

**कवि-सन्दर्भ**

| | | |
|---|---|---|
| नाम | : | केशवराज सिलवाल |
| साहित्यिक नाम | : | केशव सिलवाल |
| जन्म मिति/स्थान | : | २०३० माघ १३ गते, लेले, ललितपुर |
| फोन नं. | : | ९७४१०४११४७ |
| ई-मेल | : | keshavsilwal@gmail.com |
| पुरस्कार/सम्मान | : | सुनगाभा साहित्य सम्मान, २०६७, ललितपुर |

**कवितालेखनको प्रारम्भ :**

विद्यालय जीवनबाट, विद्यालय र कलेजस्तरका मुखपत्रमा मविता प्रकाशित छन् ।

**प्रकाशित प्रथम कविता/पत्रिका :**

'अकाल मरण' शीर्षकको कविता, बगर साहित्यिक पत्रिका, २०४९ पुस-माघ, वर्ष ११, पूर्णाङ्क ३७ ।

**कृति :**

१. वर्जित अवशेष (कविता सङ्ग्रह, २०६३)

२. धारिला मानिसहरू (कविता सङ्ग्रह, २०६६)

३. असहमतिका स्वरहरू (सम्पादन, २०६२)

४. आस्थाको स्तम्भ (सम्पादन, २०६६)

५. स्रष्टा चैत्र, ३० (सम्पादन, २०६३)

६. प्रतिभा-प्रवाह (सम्पादन, साहित्यिक मासिक)

## सन्दर्भ-दृष्टि

**कविताप्रति :**

कविता कला र विचारको विशिष्ट संयोजन हो जसले मानव मस्तिष्कलाई उद्वेलित बनाउने क्षमता राख्छ । कविता आत्मसन्तुष्टिको विषय मात्र होइन । कविता उद्देश्यमूलक हुन्छ । यो मानिस तथा समाजप्रति उत्तरदायी हुन्छ । त्यसैले मलाई कविता प्रिय लाग्छ ।

**नजरमा आफैं :**

सत्य र न्यायको पक्षमा मेरो कविता जहाँ छ म त्यहीँ उभिन प्रयास गर्छु । इमानदारिता र हार्दिकता मेरा लागि प्रिय छन् ।

**जीवनप्रति :**

जीवन व्यक्तिगत मात्र हुँदैन, यो समाज र देशसँग जोडिएको हुन्छ । उत्पीडित र दुःखी जीवनलाई सुखमा रूपान्तरण गर्न खोज्नु मेरो जीवनको उद्देश्य हो जसको प्रयास म कविता मार्फत गरिरहेको छु ।

प्रतिलिपि अधिकार अन्तर्गत रही यहाँ लेखिएका सत्यसहित विभिन्न भाषामा अनुवादसहित मेरा कविताहरू छपाउन विनासर्त मञ्जुर छ ।

**हस्ताक्षर**

सम्पादकको कलमबाट

## सन्दर्भग्रन्थ सूची


१. आले विष्णुबहादुर **छत्र नरसिंह साक्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, त्रि.वि. पाटन संयुक्त क्याम्पस (अ.प्र.) शोधपत्र २०६८

२. श्रेष्ठ ईश्वरकुमार **पूर्वीय एवं पाश्चात्य साहित्य समालोचना, प्रमुख मान्यतावाद र प्रणाली** काठमाडौं, साझा प्रकाशन २०५१

३. खतिवडा गोपल प्रसाद **साहित्यकार कविताराम श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको एक अध्ययन**, त्रि.वि. रत्नराज्यलक्ष्मी क्याम्पस (अ.प्र.) शोध पत्र २०५९

४. घिमिरे ऋद्धिरमण **'विचारले लेस धारिला मानिसहरू' रूपायन** साहित्यिक पत्रिका, २०६९

५. चाम्लिङ भोगीराज **'कविताको प्रशव वेदना' जनएकता**, २०६७ साल साउन १०-१६, सोमवार, पृष्ठ ४

६. दुःखी हिरामणि **'धारिला मानिसहरू भित्र धारिला स्वरहरू', कलम** वर्ष १८, अंक ४ पूर्णाङ्क ५४ वैशाख - असार, २०६७ पृष्ठ १२२ - १२५

७. पाण्डेय डा.ताराकान्त **'विचारका धारिला कवि केशव र उनको शक्तिशाली सृजना : धारिला मानिसहरू' चन्द्रागिरि** अंक २, वैशाख २०६९

८. सापकोटा विजय **'वर्जित अवशेष' अकाल - कुसुम** वर्ष ३, अंक ४, वैशाख २०६४, पृष्ठ ५४

९.सिल्वाल (के.सी.) सानुमाया **कवि ज्ञान उदासको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** त्रि.वि. पाटन संयुक्त क्याम्पस (अ.प्र.) शोध पत्र २०६७

१०. सिलवाल केशव — **'अकाल मरण'** कविता, **'वगर'** साहित्यिक पत्रिका, २०४९ पुस-माघ, वर्ष ११, पूर्णाङ्क ३७

११. सिलवाल केशव — **असहमतिका स्वरहरू**, सम्पादक, २०६२

१२. सिलवाल केशव — **स्रष्टा, चैत्र ३०** स्रष्टा - आन्दोलनको आलेखन सम्पादक, २०६३

१३. सिलवाल केशव — **आस्थाको स्तम्भ**, सम्पादक, २०६६

१४. सिलवाल केशव — **प्रतिभा-प्रवाह**, सिर्जना र समीक्षा साहित्यिक मासिक सम्पादक